# मुसहर जातिको सामाजिक र आर्थिक अवस्था

## सर्लाही जिल्ला हेमपुर गा.वि.स. का मुसहरहरुको एक समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय अर्न्तगत

समाजशास्त्र विषयको स्नातकोतर तहको आंशिक आवश्यकता

परिपूतिको लागि तयार पारिएको

# शोधपत्र

प्रस्तुतकर्ता

**राम विश्वास यादव**

रोल नं.: १६६/०६०

समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाण्डौ

२०६७

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
**समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौं**
**नेपाल**

## सिफारीस पत्र

त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधी प्राप्तीको आंशिक आवश्यकता पूर्तिका लागि राम विश्वास यादवद्वारा **"मुसहर जातिको सामाजिक र आर्थिक अवस्था"** विषयमा तयार पारिएको शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पार्नु भएको हो । म उहाँको कामप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनको लागि सिफारीस गर्दछु ।

..............................................

**प्रभाकर लाल दास**

**प्राध्यापक**

शोध निर्देशक

समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं

**मितिः**

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र संकाय**
**समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौं**
**नेपाल**

# स्वीकृतीपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधी प्राप्तीको लागि राम विश्वास यादवद्धारा तयार पारी प्रस्तुत गरेको **"मुसहर जातिको सामाजिक र आर्थिक अवस्था"** विषयक शोधपत्र समाजशास्त्र विषयको (स्नातकोत्तर तहको उपाधी प्राप्तिका लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

..................................

विभागिय प्रमुख **प्राध्यापक डा. ओम गुरुङ**

..................................

वाहृय परिक्षक **प्रा.डा. विनोद पोखरेल**

..................................

आन्तरिक परिक्षक **प्राध्यापक प्रभाकर लाल दास**

**मितिः**

# कृतज्ञताज्ञापन

सर्लाही जिल्ला हेमपुर गा.वि.स. मा केन्द्रित रहेर मुसहर जातिको सामाजिक आर्थिक अवस्थाका बारेमा समाजशास्त्रीय खोज गर्ने मेरो जमर्कोमा अनेकौ विद्वान महानुभावहरुबाट उर्जाशील प्रेरणा मिलेको छ । यस अध्ययनलाई व्यवस्थित र स्तरीय ढंगबाट अगाडि बढाउन, अनुसन्धानको गरिमा प्रति सधै सचेत रहेर कार्यक्षेत्रमा जुटन र खोजसँग सरोकार रहेका तथ्याङ्कहरु संकलन गर्न तथा शोधपत्रको मैलिक छविलाई कायम राख्न मेरा आदरणीय गुरु शुशिल कुमार यादव र शोध निर्देशक प्रा. प्रभावकर लाल दास ज्यूको प्रेरणामूलक मार्ग दर्शन प्रति हार्दिक आभार व्यक्त  गर्दछु ।

शोधकार्यको अनुसन्धान प्रस्ताव तयार पार्ने अवस्था देखि लेखनलाई अन्तिम रुपदिने समयसम्म स्वदेशी तथा विदेशी विद्वानहरुका प्रकाशित कृतिहरु, अनुसन्धान प्रतिवेदनहरु र विचारहरु अत्यन्त उपयोगी रहेका छन् ।

यस अध्ययनको क्रममा मलाई बारम्बार अघि बढ्न प्रेरित गर्नुहुने मेरा श्रीमती जयन्ती यादव प्रति म सदा आभारि छु । शोधकार्यको क्रममा बिषयगत रुपमा सधै सकारातमक सल्लाह र सुझाब दिनु हुने मेरा मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । यस अध्ययनको दौरानमा आवश्यक अध्ययन सामग्री उपलब्ध गराई सहयोग गर्ने हेमपुर गा.वि.स.का पदाधिकारी प्रति कृतज्ञता प्रकट गर्दछु ।

अन्त्यमा मेरो शोधकार्यमा उतरदाताहरुको रुपमा मात्रै नभई आफना सामाजिक, सांस्कृतिक रहनसहन तथा आर्थिक अवस्थाको बारेमा यथार्थ जानकारी दिई तथ्याङ्क संकलन गर्नमा सहज रुपमा सहयोग गर्ने हेमपुर गा.वि.स. का मुसहर प्रति मेरो सद्भाव जाहेर गर्दछु । यो शोधपत्रलाई अत्यन्त मेहनतका साथ टाइप गरी सहयोग गर्ने एकेडमिक कम्प्यूटर, कीर्तिपुरकी रिता विष्टप्रति म धन्यवाद दिन चाहन्छु ।

**राम विश्वास यादव**

## बिषय सूची

पेज नं.


सिफारिस पत्र

स्विकृति पत्र

कृतज्ञता ज्ञापन

नक्सा

तालिका सूची

स्तम्भ सूची

**अध्याय - एकः परिचय**

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमी | १ |
| १.२ | समस्याको कथन | ६ |
| १.३ | अध्ययनको उद्देश्य | ८ |
| १.४ | अध्ययनको महत्व एवं सान्दर्भिकता | ८ |
| १.५ | अध्ययनको संगठन | ९ |
| **अध्याय - दुई : समबन्धित साहित्यको समीक्षा** | | **११** |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.२ | मुसहर जातिको उदय एवं नेपाल प्रवेश | १४ |
| २.३ | अबधारणात्मक अध्ययनको ढाँचा | १८ |
| **अध्याय - तीन : अनुसन्धान विधि** | | |
| ३.१ | अनुशन्धानको ढाँचा | २० |
| ३.२ | अध्ययन क्षेत्रको छनौट र औचित्य | २० |
| ३.३ | समग्र तथा नमूना छनौट | २१ |
| ३.४ | तथ्याङ्कको प्रकृति र श्रोत | २२ |

३.५ तथ्याङ्क संकलनका विधिहरु २२

३.६ तथ्याङ्कको प्रस्तुति एवं विश्लेष्ण २३

३.७ अध्ययनको सीमाहरु २३

**अध्याय - चार : अध्ययन क्षेत्रको सामान्य परिचय**

४.१ भौगोलिक परिचय २५

४.१.१ भौगोलिक अवस्था २६

४.२ सर्लाही जिल्लाको संक्षिप्त परिचय २६

४.२.१ भौगोलिक स्थिति २९

४.२.२ सर्लाही जिल्लामा जाति स्थिति ३७

४.३ हेमपुर गा.वि.स.को परिचय ३८

४.४ आर्थिक अवस्था ४८

४.५ शैक्षिक अवस्था ५७

**अध्याय - पाँच : मुसहर जातिको सामाजिक अवस्था**

५.१ मुसहर जातिको सामाजिक अवस्था ६२

५.२ मुसहर जाति र अन्य जातिहरु बीचको सामाजिक सम्बन्ध ६२

५.३ जनसँख्या ६३

५.३.१ लिङ्गगत आधारमा जनसँख्या ६५

५.३.२ उमेरगत आधारमा जनसँख्या ६६

५.३.३ सक्रिय तथा निष्कृय जनसँख्याको स्थिति ६८

५.३.४ जनसँख्या प्रतिको धारणा ७०

५.४ सामाजिक संगठन ७२

५.४.१ परिवार ७२

५.४.२ नातेदारी व्यवस्था ७३

५.४.३ ग्रामीण संगठन एवं नेतृत्व ७५

**अध्याय - ६ : साँस्कृतिक जनजीवन**


६.१ रहनसहन ७७

६.१.१ घरको बनोट तथा टोलहरु ७७

६.१.२ खानपान ७८

६.१.३ भेषभुषा ७९

६.१.४ सरसफाई ७९

६.१.५ मनोरञ्जन तथा बाजागाजा ८०

६.१.६ मानमर्यादा, सम्मान, सत्कार ८१

६.२ प्रचलित विश्वास तथा धारणा ८१

६.२.१ धर्म तथा देव देवीहरु ८२

६.२.२ मुसहरको ईष्टदेवता दीना भदरीको सांस्कृतिक इतिहास ८२

६.२.३ पूजाआजा तथा चाँडपर्व ८५

६.३ संस्कारहरु ८५

६.३.१ जन्म संस्कार (न्वारन) ८६

६.३.२ मुंडन (छेवर वा मुरन) संस्कार ८७

६.३.३ विवाह संस्कार ८७

६.३.४ मृत्यु संस्कार ८९

६.४ मुसहरहरुमा राजनैतिक चेतना र जागरण ९०

६.५ भाषा एवं साहित्य ९१


**अध्याय - सात : मुसहर जातिको शैक्षिक अवस्था**


७.१ मुसहर जातिको शिक्षामा सहभागिता ९२

७.२ मुसहर जातिमा साक्षरताको स्थिति ९२

७.२.१ विद्यालय जाने उमरेका र खास विद्यालय जाने गरेका मुसहर बालबालिका ९३

७.२.२ विद्यालय जाने बालबालिकाहरुको तह ९४
७.३ शिक्षामा पछि पर्नुका कारणहरु ९६

**अध्याय-आठ : मुसहर जातिको आर्थिक अवस्था**

८.१ हेमपुर गा.वि.स.को मुसहर जातिको आर्थिक अवस्था ९९
८.२ भू-स्वामित्वको स्थिति ९९
८.३ पेशा १०३
८.४ ज्याला मजदुरी १०४
८.५ पशपालन १०६
८.६ सीपमूलक व्यवसाय १०७
८.७ हेमपुर गा.वि.स. का मुसहरहरु आर्थिकरुपले पछाडि पर्नुका कारणहरु १०८
८.८ आर्थिक अवस्था सुधारका लागि सुझाव ११०

**अध्याय - नौ : सारांश, उपसंहार एवं सुझाव**

९.१ सारांश ११२
९.२ उपसंहार ११५
९.३ सुझाव ११९

**प्रश्नाबली**

(क) **कुराकानीको क्रममा सोधिएका केही प्रश्नहरुको सूची**
(ख) **तथ्याङ्क संकलनका क्रममा घर सर्भेक्षण गर्दा प्रयोग गरिएको प्रश्नावली फाराम**
(ग) **अरु विवरणको फाराम**
**अनुक्रमणिका**

# तालिका सूचि


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | वि.सं. १९१० को मुलुकी ऐन अनुसार जनजातिहरुको वर्गीकरण | १६ |
| २. | मधेश (तराई) मा जातिहरुको वर्गीकरण | १७ |
| ३. | सर्लाही जिल्लाको संक्षिप्त विवरण | २७ |
| ४. | सर्लाही जिल्लामा जाति स्थिति | ३७ |
| ५. | जनसँख्याको वडागत वितरण | ३९ |
| ६. | उमेरगत जनसँख्याको विवरण | ४१ |
| ७. | आश्रित तथा अनाश्रित उमेर समूहको जनसँख्या | ४२ |
| ८. | जातिगत आधारमा जनसँख्याको वितरण | ४४ |
| ९. | जनसँख्याको पेशागत विवरण | ४९ |
| १०. | भूमिको विवरण तालिका | ५२ |
| ११. | सिंचाई अवस्थाको विवरण | ५४ |
| १२. | हेमपुर गा.वि.स. को साक्षर र निरक्षर जनसँख्याको विवरण | ५८ |
| १३. | हेमपुर गा.वि.स. का विद्यालयहरु तथा विद्यार्थीहरुको विवरण | ५९ |
| १४. | हेमपुर गा.वि.स. मा मुसहर जातिको जनसँख्या विवरण | ६४ |
| १५. | हेमपुर गा.वि.स. मा मुसहर जातिको जनसँख्याको लिङ्ग अनुसारको बनोट | ६५ |
| १६. | मुसहर जातिको जनसँख्याको उमेरगत विवरण तालिका | ६७ |
| १७. | मुसहर जातिको आर्थिक रुपले सक्रिय निष्क्रृय उमेर समूहको विवरण | ६९ |
| १८. | मुसहर दम्पत्ति सँख्या र परिवार नियोजन गर्नेहरुको विवरण | ७१ |
| १९. | मुसहर परिवारमा प्रयोग गर्ने नाता सम्बन्धित शब्दावली | ७४ |
| २०. | मुसहर जातिले पूजाआजा गर्ने गरेको देवदेवीहरुको वर्गिकरण | ८४ |

| | | |
|---|---|---|
| २१. | विद्यालय जाने गरेका र विद्यालय जानबाट बन्चित मुसहर बालबालिकाहरुको विवरण | ९४ |
| २२. | विद्यालय जाने मुसहर जातिका बालबालिकाहरुको तहगत विवरण | ९५ |
| २३. | आफ्नो स्वामित्वमा जमीन हुने मुसहर परिवारको विवरण | १०१ |
| २४. | सुकुम्वासी मुसहर परिवारले बसोवास गरेको जमीनको विवरण | १०२ |
| २५. | हेमपुर गा.वि.स. मा चलनमा रहेको प्रचलित ज्याला मजदुरी दर रेट विवरण | १०५ |
| २६. | मुसहर परिवारमा पशुपालन सम्बन्धी विवरण | १०७ |

# स्तम्भ चित्र


| | | पेज नं. |
|---|---|---|
| १. | वडागत आधारमा जनसँख्याको विवरण | ४० |
| २. | आश्रित तथा अनाश्रित जनसँख्याको विवरण | ४२ |
| ३. | जनसँख्याको पेशागत विवरण | ५० |
| ४. | साक्षर निरक्षर जनसँख्याको विवरण | ५८ |
| ५. | मुसहर जातिको जनसँख्याको टोलगत विवरण | ६४ |
| ६. | मुसहर जातिको जनसँख्याको लिङ्ग अनुसारको विवरण | ६६ |
| ७. | मुसहर जातिको जनसँख्याको उमेरगत विवरण | ६८ |
| ८. | मुसहर दम्पत्ति सँख्या र परिवार नियोजन गर्नेहरुको विवरण | ७१ |
| ९. | विद्यालय जाने र जनबाट बन्चित मुसहर जातिका विद्यार्थीहरुको उमेरगत विवरण | ९४ |

# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विश्व मानचित्रमा एशिया महादेशमा अवस्थित "नेपाल" एक बहुजातिय, बहुभाषि, प्रजातान्त्रिक स्वतन्त्र, अभिभाज्य सार्वभौम सम्पन्न धर्म निर्पेक्ष संवैधानिक अधिराज्य हो । यस देशले विश्वमा ०.०३ प्रतिशत र एशिया महादेशमा ०.३ प्रतिशत भू-भाग ओगटेको छ । यस देशको भौगोलिक अवस्थित उत्तरी अक्षांस २६°२२ देखि ३०°२७ र पूर्वी देशान्तर ८०°४ देखि ८८° १२ सम्म पुग्छ, (पपुलेशन मोनोग्राफ) । समुन्द्रको सतह अर्थात बंगालको खाडीबाट यो देश करिब ११२७ कि.मि. टाढा रहेको छ । कूल १४७१८१ वर्ग कि.मि. क्षेत्रफल रहेको यस देशको आकार झट्ट हेर्दा चतुर्भुजाकार छ र यसको पूर्व पश्चिम औसत लम्बाई ८८५ कि.मि. र उत्तर दक्षिण चौडाई २४१ कि.मि. देखि १४५ कि.मि. सम्म रहेकोले औसत चौडाई १९३ कि.मि. रहेको छ (वि.वि.एस. १९८१) दुई ठूला राष्ट्र भारत र चीनको बीचमा अवस्थित यो देश भूपरीवेष्ठित र विकासोन्मुख देशको रुपमा चिनिन्छ । यसको उत्तरी सिमाना चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा भारतको विहार प्रान्त र उत्तर प्रदेश पर्दछन् । पूर्वमा सिक्किम र बंगाल प्रान्त र पश्चिममा भारतको उत्तर प्रदेश नै पर्दछ । (हिरणलाल श्रेष्ठ, नेपालको परिचय २०४६)

नेपाल आकारमा सानै भए पनि भौगोलिक स्वरुपका दृष्टिले विधतापूर्ण छ । कोशी, गण्डकीर कर्णाली जस्ता ठूला ठूला नदीले बनाएको फाँट, पाखाहरु तथा बेसीहरु यिनै नदीहरुबाट सिन्चित भएको हुँदा यस देशलाई कोशी, गण्डकी र कर्णालीको प्रदेश भनेर विभाजन गर्न सकिन्छ भने अर्को तर्फ भू-बनौटको आधारमा हिमाली, पहाडी र तराई, प्रदेश गरेर विभाजन गर्न सकिन्छ । यस आधारमा हेर्दा देशको कूल

क्षेत्रफल १५ प्रतिशत हिमाली प्रदेश, ६८ प्रतिशत पहाडी प्रदेश र १७ प्रतिशत तराई प्रदेशले ओगटेको छ। भौगोलिक विषयमताले गर्दा यस देशको हावापानी जलवायु विविध छ । गर्मीमा तराईमा ४२°-४६° सेन्टीग्रेडसम्म तापक्रम पुगी ज्यादै गर्मी हुन्छ भने पहाडमा २८° सेन्टीग्रेडसम्म मात्र तापक्रम पुग्नाले तराईको तुलनामा गर्मी कम गर्मी हुन्छ हिउँदमा तराईमा अधिकतम तामक्रम २३° सेन्टीग्रेट र न्यूनतम ७° सेन्टीग्रेडसम्म पुग्ने गर्दछ । हिमाली प्रदेशमा ज्यादै जाडो हुन्छ र जाडो याममा संधै हिउ परिरहने र गर्मीमा चिसो सिरेटो चालिरहने हुँदा यो ठाउँमा ज्यादै जाडो रहन्छ । त्यसैले तराईमा अर्ध उष्ण हावापानी, पहाडमा समशीतोषण हावापानी र हिमालमा शीतप्रधान लेकाली हावापानी पाइन्छ । (हरिण्यलाल श्रेष्ठ, नेपालको परिचय २०४६)

यो भू-खण्ड र यसमा रहेका जीवहरुको विकास कहिले भएको हो भन्ने चासोलाई वैज्ञानिक आधारमा केलाउँदा भूगर्भबेत्ता विद्वानहरुले पृथ्वीको उत्पत्तिलाई सूर्यबाट तरल पुन्ज छुट्टिएर सेलाउन थालेको समयको आधारमा आज भन्दा साढे चार अरब बर्ष भन्दा पहिले भएको र जीवनको सृष्टि आज भन्दा ५६७ करोड बर्ष पहिले देखि भएको हो भनी आज सम्म्को अनुसन्धानबाट सावित भएको छ । यस देशमा अवस्थित भू-खण्डको उत्पत्तिलाई केलाउँदा भूगर्भवेत्ता विद्वानहरुले "महाभारत पर्वतको उत्पत्तिलाई" आजभन्दा अठ्ठाईस करोड बर्ष अगाडी भएको मानेका छन । यसरी पृथ्वीको उत्पत्तिपछि पहाड पर्वतको उत्पति संगसँगै जीवको पनि विकास भएको हो भन्ने कुरा नै पृथ्वी र जीवको उत्पत्ति सम्बन्धि जिज्ञासाको आज सम्मको निराकरण हो । (अग्रवाल जी.के, सामाजिक मानवशास्त्र, १९८५)

मानव उत्पतिको प्रामाणिक इतिहासलाई हेर्दा, एक करोड दसलाख बर्ष पुरानो "रामापिथेकस मानव" को माथिल्लो वंगारा यसै देशको भू-खण्ड (नवलपरासी) मा प्राप्त भएबाट यो पुरातात्विक साक्षीको आधारमा हेर्दा यस भू-खण्डलाई मानव सभ्यता र संस्कृतिको प्राथमिक थलोको रुपमा अडकल गर्न सकिन्छ । सिवालिक

मानवले प्रयोग गरेका पाषण हातहतियारहरु दाङ्ग, सुर्खेत र काठमाण्डौ उपत्यकामा प्राप्त भएकोले मानवको सृष्टि र विकासको श्रृंखलालाई जोडेको छ ।

मानव सभ्यता र विकासको क्रमलाई यस भू-खण्डमा राखेर पौराणिक आधारमा हेर्दा (पुराण, ग्रन्थहरु) बाह्र लाख छयान्नबेहजार बर्ष व्यतित गरेको "त्रेता" युगिन महत्वपूर्ण "जनकपुर क्षेत्र" आठ लाख चौसठ्ठी हजार बर्ष पुरानो द्वापर युगिन "बिराटनगर" जस्ता क्षेत्रहरु पनि यहि देशमा रहेका छन् । लगभग इसापूर्वहजार बर्ष पुरानो कपिलबस्तु जस्तो शाकय सभ्यताको (बुद्ध) केन्द्र रहेको स्थान पनि यही भू-खण्डमा पर्दछ । (उपाध्याय, १९८४)

लगभग ५ हजार बर्ष पुरानो सिन्धु सभ्यता र करब तिनहजार पुराना बैदिक सभ्यताको प्रभाव रहेको मानव समाज र अरबको मकका मदिनालाई आफ्नो आर्थिक स्थल मान्ने समुदाय समेत यसै भू-खण्डमा रहेको हुँदा यहाँको सामाजिक बनौट जातिय परम्परा आफ्नै प्रकारको छ । त्यस्तै विश्वमा तेश्रो स्थान ओगट्ने धार्मिक बौद्ध सम्प्रदायको पनि यो उत्पति, विकास र विस्तारको थलो भएको हुँदा यहाँको मानवोचित्त, जीवोचित, भौगोलिक अवस्थाले यहाँको मानव जातिको विकास र विस्तारलाई अनुकूल प्रभाव पारेको छ । जीवोचित अनुकूल वातावरणले गर्दा नै यहाँ उत्तर, पूर्व, पश्चिम, दक्षिण चारै तर्फबाट विभिन्न जाति प्रजातिका मानिसहरु यस भू-खण्डमा आई बस्न थाले । यसै आधारमा नेपाली समाजको इतिहास बनेको छ । उतर तर्फको हिमाली पहाडी क्षेत्रबाट आउने मानवजाती र दक्षिणका समथर भू-क्षेत्रबाट आउने जातिको साझा र संगम स्थल बन्न पुग्यो यो देश । प्राकृतिक र आकस्मिक कारणहरुबाट प्रभावित भै यस भू-खण्डमा आई बसोवास गर्ने मानवजातिहरु एक आपसको भेटघाट र सम्पर्कबाट प्रभावित हुन पुगे । आपसको सांस्कृतिक प्रक्रियास्वरुप कालान्तरमा नेपाली समाजको स्वरुप र संरचना र समस्टिमा बन्न पुग्यो । अर्थात यहाँ एकतामा विविधता र विविधतामा एकता छ । यस ठाउँको नयाँ र को पुरानो, जातिय उत्पति र विकास क्रममा जंगली कन्दमूल र शिकारको खोजीमा विचरण गर्दै हिंडेका सबै मानवजातिको विकासको क्रमसँगै

शरीरको बनौट र स्थायी जीविकाको थालनीले गर्दा बसाईमा स्थायित्व आयो र हामी विविधता भएपनि कालान्तरमा एकै ठाउँमा बस्न पुग्यौ । यसै आधारमा नेपाली सामाजिक संगठनको धरात बनेको छ । संगठित नेपाली समाजको ऐतिहासिक प्रमाणित आधार खोज्दा हामी हिन्दू, जैन, बौद्ध ग्रन्थहरु कौटिल्यको अर्थशास्त्र, गोपालराज वंशावलीसम्म पुग्दछौं । यो आधारबाट यस क्षेत्रमा गोपाल, महिषपाल, किराँत शाकय, कोल्ली, वृज्जिक, लिच्छबी, मल्ल आदि नातीहरुले शासन गर्दै आएको यस नेपाली समाजको प्राचीन संगठित स्वरुप देखिन्छ । उत्तरको हिमाली भन्जाङ्ग पार गरेर उत्तर पूर्वि क्षेत्रबाट आउने मंगोल किराँत जातिका हामीहरु, दक्षिणको घनघोर जंगलको औलो र जंगली जन्तुहरुको ग्रास हुनबाट जोगिएर आउने र पश्चिमको पहाडै पहाड भएर पूर्व लागेको हामी खास आर्यहरु साथै व्यापारिक उद्देश्यले नेपाल पसेका हामी मुसलमानहरु आज एउटै नेपाली सामाजिक धरातलमा अटाएर बसेका छौं । त्यसैले “चार वर्ण छत्तिस जातको साझा फुलवारी” का हामी फूलहरु हौं । (बिष्ट, २०४२)

क्षेत्रीय वितरणका आधारबाट हेर्दा विशेष क्षेत्रमा आ-आफ्नै जातिय बाहुल्यता भएपनि परापूर्वकाल देखि नै हाम्रो एउटै भौगोलिक क्षेत्रको बसोवासको (लेनदेन, विवाहवारी, बस-उठ) हामी एउटै नेपाली सामाजिक व्यवस्थामा आवद्ध हुँदै जादाँ, साथै राष्ट्रिय एकिकरण पछिका परिवर्तन र गतिशिलताले सबैलाई एक आपसमा नगिच्याएको छ । जाति बहुलताले गर्दा यहाँ कति पेशागत आधारमा हामी जाति छुट्टिएका छौं । कति रक्तशुद्धता र परस्परको भौतिक र आध्यात्मिक मान्यतानुरुप आफ्नो रीतिस्थिति र एकै ठाउँको बासले गर्दा एक अर्कामा अलग देखिन पुगेका छौ र यसै आधारमा हामी एक समूहबाट अर्को समूहमा भन्दा केही अर्थमा भिन्न छौं । त्यसैले यो समस्टिमा हामीहरु केटी अर्थमा विविध छौ । हाम्रो बसोवासको ढंग, चालचलन, स्वरुप अलग भएपनि वर्तमानका तीव्र परिवर्तन, आधुनिक शिक्षा, संचार, यातायात र दैनिक जीवनको तिव्र सम्पर्कले गर्दा हामी सबै नेपाली एउटै सामाजिक संगठनको एकिकृत (Social Intigration) धरातलमा आवद्ध छौं । (बिष्ट, २०४२)

जाति बाहुल्य यस राष्ट्रको हाल सम्मको मानवशास्त्रीय अध्ययन अनुसार यस देशमा ७० भन्दा बढी सामाजिक साँस्कृतिक जातिहरु रहेको र तिनीहरुले ५० भन्दा बढी थरिका भाषाहरु बोल्ने गरेको कुरा थाहा हुन आएको छ । विभिन्न सामाजिक सांस्कृतिक विशेषता भएका समूहहरुको लगातारको सम्पर्क र अन्तरकृयाले गर्दा अन्य उपजाती समेतको यहाँ उत्पत्ति हुन गएकोले पनि नेपाली समाज र संस्कृतिको अध्ययन जटिल बन्न गएको छ । राम्रो बगैंचामा भाँति भाँतिका फूलहरु फूले झैं नेपालमा अनेक जातिका मानिसहरु मिलेर रहेका छन् । यी विविध जातिहरुको बसोवास पुर्ख्यौली बाहुल्यता हेर्दा हिमाली भागमा शेर्पा तथा भोटे जाति, पहाडी भागमा बाहुन, क्षेत्री, दमाई, कामी, ठकुरी, गुरुङ्ग, तामाङ्ग, सुनुवार, राई, लिम्बु आदि जातिको बसोवास छ भने उपत्यका क्षेत्रमा नेवार जातिको बसोवास छ । त्यसरी नै तराई क्षेत्रमा मौथिल बाहुन, राजपुत, कायस्थ, भूमिहार, थारु, राजवंशी, धिमाल, सतार, झाँगर, साह, यादव, मजुल, मुसहर, चमार, केशरी, खतवे, वातर आदि जातिहरुको बसोवास छ । तर एकिकरण पछिका दिनहरु र अझ २००७ सालपछि देशमा आएको राजनैतिक, सामाजिक, आर्थिक परिवर्तन तथा देशमा भएको यातायात, सञ्चार र शिक्षाको विकासले गर्दा यी जातिहरुमा बसोवासको पुर्ख्यौली थलो छाडेर विभिन्न क्षेत्रहरुमा व्यवसायको खोजीमा बसाई सर्ने क्रम तिव्रहुन गएकोले आज नेपालको प्रायः सबै क्षेत्रमा सबै जातिहरु पाइन पनि थालेका छन् । विशेष गरी तराई क्षेत्र र नब औद्योगिक व्यापारिक शहरी क्षेत्रहरुमा सबै जात जातिको मानिसहरु बसोवास गरेका छन् । (बिष्ट, २०४२)

विभिन्न जातिको बाहुल्य यस देशको सामाजिक साँस्कृतिक आधारमा विभिन्न जात जातिको अध्ययन हुन थालेको २००७ सालपछि मात्र हो । यस अघी भएको एक दुई अध्ययनहरु विदेशीहरुबाट भएको र त्यस अध्ययनको उद्देश्य समाजशास्त्रीय मानवशास्त्रीय, अध्ययन नभई केवल विदेशी प्रभावको खास पक्षको अध्ययन गर्नु थियो (कर्कपेट्रिक हेमिल्टन) आदि । २००७ साल पछि नेपाली समाजको बारेमा स्वदेशी तथा विदेशी विद्वानहरुले समाजशास्त्रीय, मानवशास्त्रीय अध्ययन गर्न थाले ।

तर यी अध्ययनहरु सीमित मात्रामा मात्र छन र यी अध्ययनहरुले छरिएर रहेका सबै नेपाली जात जातिको विस्तृत अध्ययन गरेको पाइदैन । यसै सन्दर्भमा "विविध जातजाति मध्येको तराई क्षेत्रमा बसोवास गर्ने मुसहर" जातिको सामाजिक धार्मिक स्थितिका बारेमा सीमित रही यो अध्ययन हुन गएको छ । नेपाल अधिराज्य भरमा यस जातिको कूल जनसँख्या करिब १३५१७० रहेको छ ।

## !=@ ;d:ofsf] syg

नेपालको तराई क्षेत्रका गाउँहरुमा सामान्य कृषि, ज्याला, मजदुरी गरी जीवन निर्वाह गर्ने यस जातिको सामाजिक स्थिति Status अन्य तराईका जाती भूमिहार, मारे, दाँगो, झाँगर, धिमाल, हलखोर, डोम, दुसाद, खत्बे आदि आदि जाति सरह यसजातिको सामाजिक स्थिति रहेको छ र यसलाई अछुत जातिको रुपमा लिने गरिन्छ । भारत र नेपालका तराई क्षेत्रका प्रायः जिल्लाहरुमा यस जातिलाई अछुत र पानि छोएर खान नहुने धोइ छिटो हाल्नु पर्ने जातिको रुपमा लिइन्छ । यस अध्ययन क्षेत्रका मुसहर जातिहरु प्रति अन्य जातिहरुको धारणा छोई छिटो हाल्न नपर्ने अछुत जातको रुपमा लिएको पाइन्छ ।

नेपाल र विशेष गरी सर्लाही जिल्लाका यो मुसहर जातिहरु आर्थिक रुपले पिछडिएका अवश्य छन् तर घुमन्ते शिकारी जीवनचर्या यिनीहरुमा छदैछन् । स्थायी बसोवास गरी कृषि, ज्याला, मजदुरी, माटोको काम र हलो गोठालो बस्ने पेशा नै यहाँका मुसहरहरुको जीवनशैली हो । जाति व्यवस्था अनुसार छुवाछुत र खानपानको प्रतिबन्धमा स्थान र सामाजिक सम्पर्कको विभिन्न परिवेशमा केही परिवर्तन हुँदै आएको पाइन्छ । त्यसै कारण यस क्षेत्रका मुसहरहरुको सामाजिक स्थिति, अछुत जातिको रुपमा रहेको भए पनि छोई छिटो हाल्नु नपर्ने जातिको रुपमा छ । यस क्षेत्रका मुसहर अन्य उँच सामाजिक स्थिति भएका जातिहरुको घरमा ज्याला मजदुरी गरेर जीवन निर्वाह गर्दछन् । यस जातिको अन्य जातिहरुसँगको दैनिक सम्पर्कको आधार घरेलु आवश्यक श्रम व्यवसाय हो । उनिहरुको श्रम सेवा अन्य जातिहरुका लागि अनिवार्य सामाजिक सम्पर्कको आधार नभएकोले भेदभावका भावनामा

कठोरताहरु घट्दै गएको पाइन्छ । सामाजिक परिवर्तनको आधुनिक प्रभावले गर्दा पनि छुवाछुतको भावनामा हास आउँदै गरेको छ । अन्य जातिहरुले यस जातिलाई घरेलु कामहरु गर्न लगाउँदा घरमा पस्न दिने गरेको पाइन्छ । सामाजिक उच्च निच भेदभावपूर्ण व्यवहारमा यस क्षेत्रका डोम, चमार, मुसहर, दुसाद जातिहरु छुवाछुतका आधारमा पनि प्रतिबन्धित छन् । यस क्षेत्रको मुसहर जातीहरु झन प्रतिवन्दित छन् । पेशागत आधारमा यहाँका मुसहरहरु कृषि, मजदुरी र कृषि खेतको माटोसँग सम्बन्धित र अरु जातिको घरमा हलो, गोठालो काम गर्ने गर्दछन् । अन्य जातिहरुसँगको दैनिक सम्पर्कका प्रभावले गर्दा यस जातिको परम्परागत चाल चलनमा व्यवहारगत केही परिवर्तनहरु देखा पर्दछन् भन्ने कुराहरु उनीहरु आफै बताउँछन् ।

यिनीहरु बसोवास गर्ने ठाउँ मूल गाउँको छेउमा अर्थात केही दुरीको अन्तरालमा गाउँ (टोल) मा बस्ने गर्दछन् । यस जातिको सामजिक संगठनको स्वरुप र नेतृत्व व्यवस्था पनि आफनै प्रकारको हुन्छ । पितृसतात्मक पारिवारिक ढाँचामा रहेको मुसहर परिवारको बनौट एकात्मक प्रथामा देखिन्छ । सामाजिक  रुपवाट अछुत जातिको रुपमा रहेकोले यिनीहरु गरिब र निम्नस्तरको पिछडिएको अवस्थामा रहेको हुँदा, सामान्यतः झुपडीमा बस्दछन् र ज्याला मजदुरी गरी जीवन धान्ने अशिक्षित र अन्य कुनै आधुनिक पेशा नअपनाएका यस क्षेत्रका मुसहरहरुको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थाका विस्तृत सर्भेक्षण र अनुसन्धान हुनु बहुल राष्ट्रवादी नेपाली "एकतामा" आवश्यक छ । यिनीहरु घुमन्ते फिरन्ते जस्तो अस्थायी बसोवास गर्दैनन्, जहाँ जुन ठाउँमा जुन गा.वि.स. मा छन् स्थायी रुपमा बसोवास गरी बसेका छन् ।

त्यसकारणले यस्ता पिछडिएको जाति जनजातिहरुको अध्ययन गरी तिनीहरुको अवस्थाको व्याख्या गर्न प्रस्तुत अध्ययन गरिएको हो । प्रस्तुतः अध्ययन निम्न लिखित समस्याहरुमा केन्द्रित रहेको छ ।

१. मुसहर जातिको जीवन पद्धति कस्तो छ ?

२. मुसहर जातिको साँस्कृतिक परम्परा तथा रिती तिथी कस्तो छ ?

३.  मुसहर जातिको अन्य जातिसँगको सम्बन्ध कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

(क) हेमपुर गा.वि.स. क्षेत्रको सामाजिक, आर्थिक र जनसाँख्यिक अवस्था पत्ता लगाउने ।

(ख) मुसहर जातिको शैक्षिक स्थिति एवं यिनीहरुको धारणागत पक्षको पनि जानकारी गर्नु ।

(ग) यस जातिको साँस्कृतिक पक्षका बारेमा अध्ययन गरी यसको विश्लेषणका आधारमा देखा परेका सम्बन्धमा आवश्यक सुझाव समेत दिनु यस अध्ययनको उद्देश्य रहेको छ ।

## १.४ अध्ययनको महत्व एवं सान्दर्भिकता

यस मुलुकको राष्ट्रिय एकताका लागि बहुभाषिक, बहुजातिय सम्प्रदायलाई राष्ट्रको विकासको मुल प्रवाहमा समाहित गराएर अनेकतामा एकता कायम भएको नेपाली प्रजातान्त्रिक समाजको विकास गर्नु आजको आवश्यकता हो । नेपाली समाज र सँस्कृतिको अन्तर सम्बन्ध र अन्तरनिर्भरतालाई बुझे पछि मात्र नेपाली समाजको यथार्थमा आधारित एकीकृत स्वरुपका (समाजको) विकास गर्न सकिन्छ । यसका लागि सबै जातजाति समुदायहरुको आर्थिक, सामाजिक र साँस्कृतिक स्वरुपको समसामयिक अध्ययन हुनु जरुरी छ । त्यसैले यस अध्ययनका मुख्य दुई महत्वहरु रहेका छन् ।

यस जातिको परम्परा, चालचलन, रीतिरिवाज, परम्परागत रुपवाट सामाजिक, आर्थिक पछौटेपनको कारणले दलित जातिको रुपमा चिनिएको समुदाय हो । समाजमा अछुत जातिको रुपमा सामाजिक स्थिति (social status) रहेको कारणले नै यो जाति आर्थिक रुपले हाल सम्म पनि पछाडी परेको देखिन्छ । यस अध्ययनबाट हामी जनजाति एवं जात जातिको सामाजिक, आर्थिक, एवं साँस्कृतिक पक्षको वर्तमान अवस्थाको जानकारी गरी त्यस जानकारीको सहायताबाट देशका बिभिन्न

योजना तथा विकास कार्यक्रमहरु बनाउन नीति निर्माण गर्न, योजनाको उद्देश्य तय गर्न, योजनाका कार्यान्वयन पक्षको मुल्याङ्कन गर्न तथा विकास कार्यकर्ताहरुलाई र योजनाकारहरुलाई तालिम दिने, कार्य योजना बनाउन आदि कुराहरुका बारेमा यस सैद्धान्तिक ज्ञानको व्यवहारिक महत्व रहन गएको छ ।

## १.५ अध्ययनको संगठन

मैले आफ्नो अध्ययन शिर्षकलाई जम्मा नौ अध्यायमा प्रस्तुत गरेको छ । जस अन्तर्गत पहिलो अध्याय अन्तर्गत विश्व परिवेशमा नेपालको अवस्थित र जीवको उत्पतिका बारेमा हालसम्म भएका खोज अनुसन्धान र सभ्यताको विकास र विस्तारलाई नेपाली धरातलमा पहिल्याउन छोटो चर्चा गरिएको छ ।

यसरी दोश्रो अध्यायमा सम्बन्धित साहित्यको सिंहावलोकन रहेको छ । जस भित्र मुसहर जातिको उदय तथा नेपाल प्रवेश र अवधारणात्मक ढाँचा रहेको छ । त्यस्तै अध्याय तीनमा अनुसन्धान विधि रहेको छ । जस भित्र अनुसन्धानको ढाँचा,अध्ययन क्षेत्रको छनोट र औचित्य, अध्ययनको समग्र तथा नमूना छनोट, तथ्याङ्कको प्रकृति र श्रोत, तथ्याङ्क संकलनका विधिहरु, तथ्याङ्कको प्रस्तुति एवं विश्लेषण, अध्ययनको सीमा र अध्ययन अनुभव जस्ता बुँदाहरु रहेका छन् ।

यसरी चौथो अध्यायमा अध्ययन क्षेत्रको सामान्य परिचय रहेको छ । जस भित्र भौगोलिक आर्थिक र शैक्षिक अवस्था आदिको परिचय रहेको छ ।

त्यस्तै गरी पाँचौ अध्यायमा, मुसहर जातिको सामाजिक अवस्था रहेको छ । जस अन्तर्गत सामाजिक सम्बन्ध, जनसँख्या सामाजिक संगठन, परिवारको किसिम, नातेदारी व्यवस्था, ग्रामिण संगठन एवं नेतृत्व आदिलाई व्याख्या गरिएको छ ।

यसरी छैठौ अध्यायमा साँस्कृतिक जनजीवन बारे व्याख्या गरिएको छ । जस भित्र रहनसहन, घरको बनोट तथा टोलहरु खानपान, भेषभूष, सरसफाई, मनोरञ्जन तथा बाजागाजा, मानमर्यादा सम्मान, सरकार, प्रचलित विश्वास तथा धारणा, धर्म तथा देव देवीहरु, पूजाआजा तथा चाँडपर्व, सँस्कारहरु, जन्म संस्कार (न्वारन), मुंडन

(छेवर वा मुरन) संस्कार विवाह संस्कार, मृत्यु संस्कार, मुसहरहरुमा राजनैतिक चेतना र जागरण, भाषा एवं साहित्य इत्यादि रहेका छन् ।

यसरी अध्याय सातौमा मुसहर जातिको शैक्षिक अवस्था बारे व्याख्या गरिएको छ । जस भित्र शिक्षामा सहभागिता, मुसहर जातिमा साक्षरताको स्थिति, विद्यालय जाने उमेरका र खास विद्यालय जाने गरेका मुसहर बालबालिका, विद्यालय जाने बालबालिकाहरुको तह, शिक्षामा पछि पर्नुका कारणहरु शैक्षिक अवस्था सुधारका लागि सुझाव इत्यादिलाई व्याख्या गरिएको छ ।

यसरी अध्याय आठौमा मुसहर जातिको आर्थिक अवस्था बारे व्याख्या गरिएको छ । जसभित्र भू-स्वामित्वको स्थिति, पेशा, ज्याला, मजदुरी, पशुपालन सीपमुलक व्यवसाय हेमपर गा.वि.स.का मुसहरहरु आर्थिक रुपले पछाडि पर्नुका कारणहरु आर्थिक अवस्था सुधारका लागि सुझाव इत्यादिलाई व्याख्या गरिएको छ र नौ अध्यायमा सारांश, उपसंहार एवं सुझाव रहेका छन् ।

# अध्याय - दुई

# सम्बन्धित साहित्यको समीक्षा

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

हाम्रो देश नेपालमा खास गरी मुसहर जातिको बारेमा विस्तृत अध्ययन एवं खोजहरु गरिएका छैनन । त्यसैले यस जातिको बारेमा लेखिएका गहन अध्ययनहरु पाइदैन तर पनि केही समाजशास्त्री तथा मानवशास्त्री विद्वानहरुले यस जातिका बारेमा आफ्नो अध्ययन साहित्यमा कतै कतै केही मात्रामा उल्लेख गरेको पाइन्छ । यस जातिको वृहद बसोवास नेपालको पूर्वी तराईका ग्रामीण क्षेत्र र मध्य तराईको ग्रामीण क्षेत्रहरुमा केही घना रुपमा बसोवास रहेको र भारतका विहार र उत्तर प्रदेशका केही जिल्लाका ग्रामीण क्षेत्रमा समेत बसोवास रहेको पाइन्छ । यस जातिको बारेमा भारतमा भएको प्रजातिय अध्ययनहरुको विवरण लेख नेपालमा निकै अभाव रहेको छ । भारतमा भएका केही जनगणाहरुको रिपोर्टमा यस जातिको बारेमा केही उल्लेख पाइन्छ । यस अनुसार यस जातिलाई घुमन्ते जीवन निर्वाह गर्ने जातिको रुपमा लिइएको छ । (ब्लुन्ट १९६९) तर नेपालमा यो जातिलाई घुमन्ते जीवन निर्वाह गर्ने जाति विशेषता छैन । त्यहाँको मुसहर र यताको मुसहर जातिको रहन सहनमा फरक छ ।

मुसहर जातिको उत्पतिको खोजविनको सन्दर्भमा पहिल्याँदा "यस जातिले मुसा मारेर खाने तथा उसको भुईमा रहेको दुलोबाट निकालेको धान, गँहु, अन्नहरु हुँदा यस जातिलाई मुसहर भनिएको हो । " भन्ने उल्लेख जि.एस. घुरिएले (सन् १९७४) गर्नु भएको छ । नेपालका मुसहर घर परिवारमा नोकर भई खेती काम गर्ने लगायत कृषिको काममा ज्याला मजदुरी गरी जीवन यापन गर्ने जातिको चिनिन्छ । अतः यस गा.वि.स. क्षेत्रमा यस जातिको मर्यादा अरु जाति खत्वे, दुसाद, बातर, कहार भन्दा बेग्लै छ । (सप्तरी जिल्लाको इतिहास, २०६२)

यस मुसहर जातिको बारेमा नेपालमा भएको व्यापक र विस्तृत अध्ययन भनेको त्रि.वि.व. अन्तर्गत समाजशास्त्रीय, मानवशास्त्रीय केन्द्रिय शिक्षण विभागको स्नातकोत्तर उपाधिका लागि शोधपत्रको रुपमा महोत्तरी र सर्लाही जिल्लाका दुई गाउँमा क्षेत्रहरुलाई नमुना छनौट गरी “ग्रामीण गरिवीको स्वरुपलाई मुसहर जातिको साँस्कृतिक, सामजिक एवं आर्थिक सन्दर्भमा लृखिएको शोध एक हो । तर यस अध्यनमा प्रस्तुत तथ्यहरुले मात्र नेपालका अन्य तराई क्षेत्रमा छरिएर रहेका मुसहरहरुको बास्तविक अवस्थालाई पूर्ण रुपले प्रस्ट्याउन नसकेको देखिन्छ । यस अध्ययनले त्यहाँका मुसहर जातिलाई आर्थिक रुपले गरिब र सामाजिक रुपले तल्लो अछुत जातिको रुपमा देखाइएको छ र सम्पूर्ण तथ्यहरु वर्णनात्मक छन । सिमित क्षेत्रको अध्ययनको तथ्यका आधारमा सम्पूर्ण क्षेत्र र पक्षका बारेमा सामान्यीकरण (Generalization) गरिएको अध्ययनलाई अझ परिमार्जन गर्न र बस्तुनिष्ठ बनाउन यो प्रस्तुत अध्ययनलाई स्थान विशेषमा केन्द्रित गरी बस्तुनिष्ठ उद्देश्य मुलुक अध्ययनका रुपमा प्रस्तुत गर्ने तथ्यगत प्रयास गरिएको छ ।

२०५८ मा लिइएको राष्ट्रिय जनगणनाको १० प्रतिशत नमूना छनोटको आधारमा देखाइएको नतिजा अनुसार यस जातिको नेपालमा जनसँख्या १३५१७० रहेको छ । यस गणनाको नतीजा र यस जातिको छरिएर बसेको अवस्था अनुसार हालसम्म भएका अध्ययनहरु सीमित देखिन्छ । किनभने यी अध्ययनहरुले मात्र यस जातिको विकास विस्तार र परिवर्तन आदिका बारेमा भन्न सक्दैनन् । अर्को ठाउँमा बसोवास गर्ने मुसहरहरुको अवस्था, समानता, विभिन्नता आदिका बारेमा जान्न विभिन्न ठाउँमा अध्ययन हुनु जरुरी छ । यसो भएमा मात्र समग्र मुसहर संस्कृतिको एउटा स्वरुपका बारेमा निष्कर्ष निकाल्न सकिन्छ । यसै कारण यो अध्ययन अनुसन्धान सर्लाही जिल्लाको हेमपुर गा.वि.स. क्षेत्रको मुसहरहरुको बारेमा अध्ययन गरी अध्ययन अनुसन्धान कार्यमा थप सेवा पुगोस भन्ने अपेक्षा अनुरुप यो अध्ययन गरिएको छ ।

पहाडमा बस्ने मुसहर जनजाति पनि शुद्र जात अन्तर्गत नै पर्दछन् । उनीहरुको रहन, सहन, बोली बचन तथा खानपीन समेत आफ्नै प्रकारको हुन्छ । अर्थात पहाडीको परियार कामी, (विश्वकर्मा) हरु मुख्य रुपले दौरा, सुरुवाल, कोट तथा टाउकोमा टोपी लगाउने गर्दछन् । यिनीहरु आ-आफ्नो आर्थिक स्थिति अनुसारको घर, छाप्रो बनाएर बसेको हुन्छन् । साधारणतः काँचो इट, माटोले बनाएको दुई तल्ले घर, घाँस, खरले छाना छारेका हुन्छन् । घरको अगाडी वा पछाडी पट्टी सानो भए पनि थोरैजग्गा आँगनको रुपमा छोडेको हुन्छ । पहाडी क्षेत्रमा समतल भूमिको कमी भएको कारणले गर्दा घरकै छेउमा वा नजिक दिशा पिसा वगर्ने चर्पीको व्यवस्था नभए पनि अलि टाढा जंगल तिर वा पोखरी वा मैदान सोको व्यवस्था गरेको हुन्छ । तथा घरहरुको पर्खाल रातो माटोले लिप-पोत गरी टल्किने गरी बनाएको हुन्छ ।

पहाडमा बस्ने सार्की, कामी, दमाई, जनजातिको मुख्य आहार पनि भात, रोटी, मकै, कोदोको ढिंडो, सागसब्जी तथा आफ्नो आर्थिक स्थितिले दिए अनुसार समय समयमा माछा मासु तथा अन्य मिठो मिठो खाना पनि खाने गर्दछन् । यिनीहरु आफ्नो छोरा छोरीको विवाह आफ्नै क्षेत्र अर्थात पहाडी सार्की, समाजमा जस्तै नै आफ्नै रिती रिवाज अनुसार बडो धुमधाम, बाजागाजा सहित गर्दछन् । यस अवसरमा यिनीहरु जाँड, रक्सी, मासु अत्यधिक मात्रामा खान्छन् । विवाह शुभ अवसरमा खुव भोज भतेर गर्दछन् । नाचगान, बाजागाजा सहित दुलहीलाई दुलाहाको घरमा भित्राइन्छ ।

तराईको क्षेत्रमा बसोवास गर्ने मुसहरहरु र पहाडी क्षेत्रमा बस्ने कामी, दमाईहरुको बीचको समानता मुख्य रुपमा चार जात ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र जात अन्तर्गत पर्ने हिन्दु धर्म मान्ने जाजाति हुन । भेषभूषा, खानपिन, बोली भाषा, रहन सहन, विवाह, पूजाआजा, देवी देवता इत्यादिहरुमा कुनै खास समानता नभए पनि जनम मरण हरणको संस्कारमा समानता देखिन्छ । अर्थात पहाडी दमाई, कामी र तराई क्षेत्रका मुसहरको घरमा बच्चा जन्मदा वा कोही व्यक्ति मर्दा जुन सँस्कार गरिन्छ, हिन्दु धर्माबली अनुसार नै गरिन्छ । दुवै क्षेत्रका यो जात जातिहरुको मुख्य पेशामा पनि समानता रहेको देखिदैन ।

यस दृष्टिबाट हेर्दा यस देशमा ६ प्रकारका जातिहरु जस्तो नेग्रटो, आग्नेय, मंगोल, किराँत, द्रविड, पश्चिमी वृतमुण्ड र आर्य वा नाडिक जातिले बसोवास गरेका पाइन्छ । मुख्य रुपमा चार वर्ण ब्राम्हण, क्षेत्र, बैश्य, शुद्र मध्ये मुसहर जनजाति शुद्र बर्णमा पर्दछ । यसले नेपाल आकारमा सानो भए पनि विभिन्न जातिहरुका बसोवास भएको यो देशलाई जाति बहुल राष्ट्र मानिन्छ । यस देशका विभिन्न जातिहरु मध्ये तराई प्रदेशको मुसहर जनजाति (tribes) पनि एक हो । (स्रोतः सप्तरी जिल्लाको परिचय, मुत्तिमण्डल, २०६३)

क्षेत्रगत वितरणका आधारमा यो जाति प्रायः नेपालको पूर्वी तराई क्षेत्र र मध्ये तराई क्षेत्रका विभिन्न ग्रामीण क्षेत्रहरुमा छरिएर बसेका छन् । यस जातिको बसोवास क्षेत्रका विस्तार पहिल्याउँदा भारतको मुख्यतः विहार र उत्तर प्रदेशको ग्रामीण क्षेत्रहरुमा छरिएर बसेको पाइन्छ ।

## २.२ मुसहर जातिको उदय तथा नेपाल प्रवेश

नेपाली समाजको इतिहास केलाउँदा लिच्छबीकाल अगाडी देखि नै यहाँ उत्तर वैदिककालको सामाजिक व्यवस्थाको प्रभाव देखिन्छ । त्यसबेला ब्राम्हण, क्षेत्रीय, वैश्य र चाण्डाल (शुद्र) आदि वर्णहरु नेपालमा बसोवास गर्दथे र पेशाको आधारमा जाति निर्धारित थियो । (नेपाल संस्कृति र सभ्यता २०४४ पेज नं. ४४-प्रेम कुमार खत्री) चौधौ शताब्दी र १५ औं शताब्दी तिर जयस्थिति मल्ल र रामशाहले नेपाली समाजमा गरेको सामाजिक सुधारहरुको चार बर्ण छत्तिस जातको व्यवस्था मिलाएको कुरा आउँछ । यही सामाजिक व्यवस्थामा अगाडी बढेको समाज नेपाल एकिकरणताका पनि “चार बर्ण छत्तिस जातको फूलवारी” मा अगाडी बढेको देखिन्छ । श्री ५ सुरेन्द्र बीर बिक्रम शाहको शासनकालमा वि.सं. १९१० सालमा नेपाली बुद्ध समाजलाई मुलुकी ऐनको व्यवस्थित गर्ने काम भएको थियो र यही मुलुकी ऐनबाट बिभिन्न वर्ण, जाति र उपजातिहरु एउटा व्यवस्थित जाति व्यवस्थामा समेटिएका छन् । यिनै आधारहरुमा मुसहर जातिको सामाजिक व्यवस्था र जाति व्यवस्थामा यस जातिको स्थान केलाउनु पर्ने हुन्छ । त्यसैले मुसहर जातिको नेपालमा बसोवास

कहिले देखि भएको हो? र यिनीहरुको विस्तार कहाँसम्म छ? भन्ने सन्दर्भमा आजसम्म अध्ययन भएको छैन । भारतमा यस जातिको बसोवास कहिलेबाट भएको हो भन्ने कुरा पहिल्याउँदा "नबपाषण युगबाट" नै मलाया क्षेत्रबाट भारत आउने जातिहरु मध्येको प्रतिनिधि जातिको रुपमा रहेको मुसहर, डोम जस्तै नेपालका मुसहर पनि एक जनजाति हो भन्ने कुरा उल्लखे हो । (घुरिए १९७९-१३२) यी जनजातिहरुलाई मुण्ड संस्कृतिको प्रतिनिधित्व गर्ने जातिको रुपमा लिएको छ । जे.एच. हडसनले पनि यस जातिलाई भारतको बिहार र उत्तर प्रदेशमा पाइने कोलारियन जातिसँग सम्बन्धित जातिको रुपमा देखाउनु भएको छ । यस जातिलाई भारतमा अति पिछडिएको जंगली जनजातिको रुपमा लिइएको छ ।

नेपालमा यस जातिको बसोवासको तिथि मिति केलाउँदा यकिन तथ्य आधार कुनै फेला नपरे पनि तराई क्षेत्रको उत्तर भारत तर्फबाट आउने अरु जातिहरु सँगसँगै नै यो जाति पनि नेपाल पसी बसोवास गरेको प्रस्ट हुन्छ । नेपाल तराईमा बसोवास गर्ने "मुण्डा" र "उराव" जनजातिहरु उत्पतिको आधारमा भारतको छोटा नागपुर क्षेत्रबाट आएका हुन भनिएको छ र यहाँ मुण्डाहरु भन्नाले मुसहर जातिलाई पनि इङ्गित गरिएको छ । (टाइब्स कलान एण्ड कास्ट अफ नेपाल १९९२-५) धिमाल लोक जीवन अध्ययन भन्ने ग्रन्थमा (पे.नं. ९) नेपालमा मुसहर जातिको आगमन दक्षिण क्षेत्रबाट भएको हो भनिएको छ । यी उपरोक्त आधारहरुबाट र अन्य धेरै जातिहरु पनि नेपालको दक्षिणी सिमापारीबाट नेपाल पसेको हुँदा यो जाति पनि दक्षिणबाट नै आएको हो भन्ने कुरा प्रस्ट छ ।

मुसहर जातिलाई जाति व्यवस्थाको आधारमा केलाउँदा यसको पूर्वाधारलाई पनि हेर्नु पर्ने हुन्छ । यस आधार अनुसार नेपाल र भारतमा प्रचलित हिन्दु जाति व्यवस्थाको आधार वैदिक ग्रन्थहरुको वर्णव्यवस्था हो र त्यही वर्ण व्यवस्थाको विकासबाट नै जाति व्यवस्थाको विकास र विस्तार भएको हो । नेपालमा प्रचलित जाति व्यवस्थालाई चौधौ शताब्दीमा राजा जयस्थिति मल्लले अझ व्यवस्थित गरेका थिए र यो सामाजिक व्यवस्था नै राम शाहले सोही शताब्दीमा गरेको सामाजिक सुधारको

पूर्वाधार हो । श्री ५ सुन्द्रको पालामा वि.सं. १९१० सालमा बनेको पहिलो मुलुकी ऐनले नेपाली समाजलाई सबै जातजाति उपजाति एवं जनजातिहरु समेतलाई एउटै सामाजिक जातिवादी धरातलमा संरचित गऱ्यो ।

यस ऐनले गरेको जातिय वर्गिकरण अनुरुप विभिन्न जाति र जनजातिहरुमा “शुद्र” र ” र “अशुद्र” गरी दुई आधारमा वर्गिकरण गऱ्यो । जुन वर्गिकरणलाई तालिका नं. १ मा देखाइएको छ ।

**तालिका नं. १**

**वि.सं. १९१० को मुलुकी ऐन अनुसार जनजातिहरुको वर्गिकरण**

| **शुद्र** | **अशुद्र** |
|---|---|
| तागाधारी<br>ब्राम्हण (मैथिल)<br>क्षेत्री<br>राजपूत<br>भूमिहार<br>सन्यासी<br>केही नेवार, पूजारी जातहरु | मतवाली (मद्यपान गर्ने, जनै नलगाउने)<br>दास बनाउन हुने (मगर, गुरुङ्ग, सुनुवार र केही नेवारहरु)<br>दास बनाउन हुने (भोटे, चेपाङ्ग, आयु, थारु, घर्ती, कुमाल आदि<br>पानी नचल्ने छोइ छिटो हाल्नु नपर्ने (मुसलमान, धोवी, तेली, आदि) |

## प्राचिन सामाजिक कठोर नियमको व्यवस्था

यसरी यो मुलुकी ऐनले नेपाली समाजलाई जातीवादी व्यवस्था भित्र बाँधेको थियो । यसर्थ यस ऐनले व्यवस्था गरे अनुसार जातिय कार्य र नियमहरुको पालना नगर्नु सामाजिक अपराध ठहरिन्थ्यो । जातिय उल्लघन गर्दा भोग्नु पर्ने सजाय पनि कठोर भएको हुँदा जातिय व्यवस्थाले समाजलाई कठोरसँग व्यवस्थित गरेको थियो ।

राज्यका ऐन नियमहरु जातिकै आधारमा लागु हुने र जातका आधारमा कानूनी फैसला हुने गर्दथ्यो । २००७ सालको राजनैतिक परिवर्तनसँग सँगै देशमा शिक्षाको प्रचार प्रसार भयो र आर्थिक सामाजिक परिवर्तन हुँदै जातजातिलाई समानता प्रदान गऱ्यो । तर पनि ग्रामीण अशिक्षा, परम्परागत, धार्मिक विश्वासमा अडेको सामाजिक मूल्य र आर्दशको प्रभावले समाजमा भएको जातिय छुवाछुतको भावना अहिलेसम्म पनि हटेको छैन । पहाडी क्षेत्रको जातिय स्वरुप र तराई क्षेत्रको जातिय स्वरुप करिब एकै प्रकारको भए पनि यहाँका स्थानीय जातिय स्वरुपमा निम्न भिन्नता छ ।

विभिन्न जातिको बसोवास तराई तथा पहाडी क्षेत्रमा भएको हुँदा यहाँ बस्ने खाने गरी मधेशमा विशेष थर र जातिय स्थिति निम्नानुरुप रहेको छ ।

**तालिका नं.२**

**मधेश (तराई) मा जातिहरुको वर्गिकरण**


| सि.नं. | जाति | सि.नं. | जाति |
|---|---|---|---|
| १ | ब्रम्हण (मैथिल) | २० | ब्डही |
| २ | यादव (ग्वाला) | २१ | लोहार |
| ३ | भूमिहार | २२ | तेली (साह) |
| ४ | राजपूत | २३ | देव बैश्य |
| ५ | कायस्थ | २४ | कुम्हाल |
| ६ | रौनियार (दास, बनिया, गुप्ता) | २५ | बातर |
| ७ | धानुक | २६ | मुस्लीम, अन्सारी |
| ८ | कामी | २७ | कलवार (सुडी) |
| ९ | केवट | २८ | धोबी (राज धोवी) |
| १० | थारु | २९ | हलखोर |
| ११ | कुर्मी | ३० | गिरी |
| १२ | राजधामी | ३१ | दुसाद |
| १३ | सरकीया कलर | ३२ | चमार (सार्की) |
| १४ | हजाम (ठाकुर) | ३३ | ततमा, अमात |
| १५ | मली | ३४ | खत्वे |
| १६ | बरई | ३५ | मुसहर |
| १७ | हलुवाई | ३६ | सन्यासी, योगी |
| १८ | मलाह | ३७ | गरेडी |
| १९ | कोइरी | ३८ | भाट |

*स्रोत : बिष्ट, सन् १९७६*

तराईका उपरोक्त जाति (थरहरु) पहाडमा बस्ने जाति (थर) हरु कतै मेल खादैन, बिल्कुल फरक छ । तराई क्षेत्रमा बसोवास गर्ने सबै जातिहरुको मुख्य पेशा कृषि नै हो र यहाँको सामाजिक आधार हिन्दु पेशामा जातिय व्यवस्था हो । यहाँका सबै जाति समुदायहरुले परम्परागत पेशालाई अपनाउँदै आएका छ । मुसहर जाति पनि जातिय व्यवस्था अनुसार अशुद तल्लो जातिको रुपमा रहेको छ । अन्य, तराईमा बस्ने पानी नचल्ने जातिहरु जस्तो डोम, मुसहर, दुसाद, कलवार जाति सरह नै यस जातिको सामाजिक, स्थिति रहेको छ । परम्पराबाटै यस जातिले आ-आफ्नै प्रकारका देवदेवीहरु पुज्ने गर्दछन् (घुरिस, १९७४ पृष्ठ ५) यिनीहरु आफुलाई हिन्दु भन्ने गर्दछन् र हिन्दूहरुको देवता, गणेश, शिब, बिष्णु, लक्ष्मी, दुर्गा, दीनाभदरी आदिलाई पूजा गर्दछन् । बिभिन्न पूजाआजा गर्ने र संस्काररु गर्ने यिनीहरुको आफनै प्रकारको केही फरक चलन छ र आफनै मुसहर जातिको पुरोहित लगाउने गर्दछन् ।

## २.३ अबधारणात्मक अध्ययनको ढाँचा

यस अध्ययन मुसहर जातिको सामाजिक, साँस्कृतिक, शैक्षिक तथा आर्थिक अवस्थाको लागि निम्न अनुसार अबधारणात्मक ढाँचा निर्माण गरिएको छ ।



सामाजिक साहित्यको अध्ययन र अनुसन्धान पश्चात यस स्थानमा बसोवास गर्ने मुसहर जातिको सामाजिक साँस्कृतिक शैक्षिक तथा आर्थिक अवस्थाको अध्ययनको लागि पारिवारिक अवस्था लोप भएका साँस्कृतिक क्रियाकलापहरु सामाजिक संगठन र तीनका कार्यराजनीतिक पहुँच, सामाजिक समस्याका समाधानका उपायहरु शान्ति सुरक्षाका अवस्था, अन्य जातिसँगको सम्बन्ध, शैक्षिक, विवाहको किसिम, स्वास्थ्य स्थितिको अवस्था साथै संघ, संस्थाबाट उत्थानका लागि भएका प्रयासहरु जस्ता विषयहरुमा जानकारी प्राप्त गर्ने गरी अवधारणात्मक ढाँचा रहेको छ ।

# अध्याय - तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढाँचा

सर्लाही जिल्लाको हेमपुर गा.वि.स. का मुसहरहरुमा गरिएको यस अध्ययनमा अन्बेषणात्मक तथा वर्णनात्मक दुबै ढाँचाको प्रयोग गरिएको छ । अन्वेषणात्मक अनुसन्धान ढाँचाबाट यो जातिको विगत र बर्तमान अवस्था बारेमा अध्ययन गर्नुका साथै यी जातिहरुमा साँस्कृतिक, आर्थिक, सामाजिक, स्थितिमा देखा परेका परिवर्तनका कारण तत्वलाई खोजिएको छ र बर्णनात्मक ढाँचाबाट प्राप्त तथ्याङ्कहरुलाई बर्णन गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनौट र औचित्य

यस अध्ययनको क्षेत्र मध्ये तराईको सर्लाही जिल्ला अन्तर्गतको हेमपुर गा.वि.स. क्षेत्र हो । हेमपुर गा.वि.स. को चौहदी उत्तरमा पिपरिया, पश्चिममा श्रीपुर कटानी पूर्वमा जमूनिया पर्दछ । मलंगबा न.पा. देखि १५ किलोमिटर उत्तर पश्चिममा पर्दछ । मुसहर जातिहरु तराईका बिभिन्न ग्रामीण क्षेत्रहरुमा छरिएर रहेका छन् । यो अध्ययन क्षेत्र ग्रामीण क्षेत्र हो । अध्ययनकर्ताको जानकारी क्षेत्र भित्र रहेको हुँदा यस क्षेत्रलाई अध्ययनको लागि छनौट गरिएको छ । अध्ययनका लागि यो जाति नै छानिनु पनि अध्ययनकर्ताको रुची र पूर्व जानकारी क्षेत्र भएको कारण पनि हो ।

हेमपुर गा.वि.स. क्षेत्र नौ (९) वडामा बिभाजित छ । हेमपुर गा.वि.स. को वडा नं. ९ मा यस जातिहरुको बसोबास रहेको छ । अध्ययनका लागि यी ९ वडामा मुसहरी टोलहरु गाउँहरुलाई लिइएको छ । वडा नं. ९ मा बस्ने मुसहरहरुको टोल गाउँलाई मुसहरी टोल भन्दछन् । जुन की मूल गाउँ हेमपुर बाट १ कि.मी. को दुरीमा अबस्थित छ । यी मुसहर टोलहरुलाई जोडने मूल बाटो छ । वडा नं. ९

मुसहरहरुको बस्ति बाक्लो छ र ३० घर परिवार छन् । यिनीहरु मुल गाउँको एउटा ऐलानी पर्ति जग्गामा बसोवास गरिरहेका छन् । यो टोललाई मुसहरी टोल भन्दछन् । वडा नं. ८ जुनकि मूल गाउँ उत्तर भागमा पर्दछ र गाउँबाट करिब ५०० मिटर अलग छ त्यस टोललाई पनि मुसहरी टोल भन्दछन् । तर यस टोलमा पनि १०-१२ परिवार मात्र मुसहरहरु बस्दछन् ।

यस प्रकार यस गा.वि.स. को सम्पूर्ण क्षेत्रको बसोवासमा जातिय अवस्थालाई हेर्दा मुख्यतः भारतको विहारबाट आएका नाई, ठाकुर, चमार, दुसाद, मुसहर तथा अन्य जातिहरु यस गा.वि.स. मा बसोवास गरिरहेका छन् । मुसहर जात बस्ने टोललाई मुसहरी टोल भन्ने गरिन्छ । २ वटा मुसहर टोलहरुमा जम्मा ६० वटा मुसहर घर परिवार रहेका छन् ।

## ३.३ समग्र तथा नमूना छनोट

अध्ययन क्षेत्रको स्वरुप, सामान्यतः सामाजिक रुपबाट विविधतापूर्ण नै छ । यहाँ मैथिली भाषा बोल्ने जातजातिहरु बसोवास गरेका छन् । यी जातिहरुको आ-आफ्नै प्रकारको चालचलन रीतिरिवाज, परम्परा छ । यी विभिन्न जातजातिहरु मध्ये मुसहर जाति यो सामाजिक परिवेशमा अल्पमत कै अवस्थामा देखिन्छ । यस गा.वि.स. मा मुसहर जातिको जनसँख्या ३१६ अर्थात ५.१८ प्रतिशत मात्र छ । जम्मा ६० घर परिवार मुसहर छन् ।  यस क्षेत्रका मुसहरहरु एउटै समूह जातिका मात्र छन् । साथै यिनीहरुको आर्थिक अवस्था पनि करिब समान छ । त्यसैले यस अध्ययनमा यिनै घर परिवारका मुसहरहरुलाई अध्ययनका लागि समग्र रुप (Universe) लिइएको छ । यो अध्ययन क्रमबद्ध प्रतिदर्शन बिधि अनुसार गरिएको छ । यी परिवारबाट एक एक जना घरमूलीलाई नमूना छनोट गरि (Sampling) उद्देश्य अनुरुप परिणात्मक तथा गुणात्मक तथ्यहरु पनि संकलन गरिएको छ र केही आवश्यक गुणात्मक तथ्यहरु मुसहर जातिको परम्परा संस्कृति जान्ने बुढा मुसहरहरु र जान्ने बुझ्ने व्यक्तिहरु मुसहर टोलको मुसहर पुरोहित तथा सरदारहरुलाई पनि नमूनाको रुपमा तथ्य

संकलनका लागि प्रयोग गरिएको छ । यो नमूना छनोटको आधार उद्देश्य मुलक विधिबाट गरिएको  छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र श्रोत

यस अध्ययनको लागि प्राथमिक र द्वितिय दुवै प्रकारका तथ्याङ्का श्रोतहरुलाई लिइएको छ । प्राथमिक स्रोत अनुसार तथ्याङ्क संकलन गर्न, अवलोकन, अन्तरवार्ता र घर गन्ति सर्भेक्षणका आधारमा प्रश्नावली फाराम (Schedule form)भरि तथ्याङ्कहरु संकलन गरिएका छन् । द्वितिय श्रोतको रुपमा केही प्रकाशित पुस्तक पत्रपत्रिका र अप्रकाशित शोधग्रन्थ तथा कार्यालयका अभिलेखहरुलाई लिइएको छ । यस्ता तथ्याङ्कहरुमा गा.वि.स. र जि.वि.स. कार्यालय, विद्यालयहरु स्वास्थ्य चौकी र कृषि सेवा केन्द्रका अभिलेखहरुको सहायता लिइएको छ । संकलित तथ्याङ्कहरु परिमाणात्मक र गुणात्मक दुवै भएको हुँदा अध्ययनको प्रमाणिकता र औचित्यता रहन गएको छ । जति पनि परिमाणत्मक प्रकृतिका तथ्याङ्कहरु मुख्य सूचनादाता (Key information) र सूचनादाताहरुको सामुहिक छलफलबाट पनि लिइएको छन् ।

## ३.५ तथ्याङ्क संकलनका विधि

तथ्याङ्क संकलन गर्नका लागि मुख्य रुपमा अवलोकन र अन्तरवार्ता प्रविधिलाई अपनाइएको छ । अवलोकनमा पनि असहभागि अवलोकन पद्धतिलाई बढी अपनाइएको छ तर आवश्यकता अनुसार कतिपय सूचनाहरुको संकलन सहभागि अवलोकन पद्धतिबाट पनि भएको छ । जस्तो विवाह, मृत्यु, पूजाआजा, चाँडपर्व जस्ता विषयसँग सम्बन्धित सूचनाहरु अध्ययनकर्ताको दैनिक जीवनको सम्पर्कको अनुभवबाट लिइएको छ । यो अध्ययनको लागि अन्तरवार्ता लिंदा दुई वटा साधनहरु प्रयोग गरिएका छन् । यस क्रममा मुख्य सूचनादाताहरुबाट लिइने सामाजिक साँस्कृतिक बिषयसँग सम्बन्धित तथ्याङ्कहरु सूचनाहरु चिन्होकनका (check list) आधारमा पनि संकलित छ ।

प्राथमिक श्रोतबाट संकलन गरिएको परिमाणात्मक तथ्याङ्कहरु जस्तो आर्थिक, जनसाँख्यिक सूचनाहरु प्रश्नावली फारामका (schedule) आधारमा सोधिएर संकलन गरिएका छन् । यस्ता सूचना प्रत्येक घरमुलिबाट लिइएको छ । यस क्षेत्रको स्थलगत अध्ययन यसै सालको भाद्र, आश्विन र पौष महिनामा पटक पटक आवश्यकतानुसार गरिएको छ । स्थलगत सर्भेक्षणका क्रममा प्राप्त कतिपय सूचनाहरुलाई सम्भव भएसम्म अन्तरशुद्धि परिक्षण गरेर मात्र लिइने प्रयास गरियो । स्थलगत अध्ययनको क्रममा सीमित रुपमा भए पनि क्यामराको प्रयोग गरियो । स्थलगत अध्ययन गर्न जानु अगाडी विशेज्ञहरुबाट आवश्यक सल्लाह लिइएको थियो् र अध्ययनका क्रममा कतिपय सूचनादाताहरुलाई अग्रिम जानकारी दिइएर स्थलगत सर्भेक्षणमा गरिएको थियो ।

## ३.६ तथ्याङ्कको प्रस्तुति एवं विश्लेषण

तथ्याङ्क संकलनको कार्य सकेपछि परिमाणात्मक तथ्याङ्कहरुलाई बढी सावधानी एवं श्रम लगाएर सूचीकरण गरी बर्गिकरण गर्ने काम भयो । यसै आधारमा सारिणीकरण पनि गरियो । गुणात्मक प्रकृतिका सूचनाहरुलाई आवश्यकता अनुसार व्याख्या र बर्णन गरी तथ्यपरक बोद्यगम्य बनाउन त्यसलाई विश्लेषण र विस्तार गरियो । सारिणीकरण गरिएका सूचनाहरुलाई तुलनात्मक र बोध्यगम्य बनाउन जनसाँख्यिकीय विधिको प्रयोग गरी बिभिन्न ग्राफ चार्ट र स्तम्भहरुको प्रयोग गरेर प्रस्तुत गरिएको छ ।

## ३.७ अध्ययनको सीमाहरु

प्रत्येक अनुसन्धानको सिलसिलामा बिभिन्न प्रकारका धारणागत (Conceptual) सीमाहरुका आधारमा अध्ययनलाई सिमाबद्ध गर्नु पर्ने आवश्यकता हुन्छ । अनुसन्धान कार्य भनेको कुनै पनि एउटा निश्चित अवस्थामा गरिएको कार्य हो । यसको परिणाम र व्याख्या पनि यस्तो अवस्थामा मात्र सामान्यीकरण हुन सक्छ । साथै अध्ययन पद्धति अनुरुप बनाइएको योजना जस्तो प्रकारको हुन्छ त्यसको कार्य सम्पादन र प्राप्त हुने परिणामहरु पनि सोही अनुरुप हुन्छन् । त्यसैले यो अध्ययन

अनुसन्धान कार्यमा पनि निश्चित सिमाभित्र मात्र यसको परिणाम र निस्कर्षहरु मान्य हुन्छन् ।

(क) यो अध्ययन एउटा गा.वि.स. क्षेत्रमा सीमित रहेर गरिएका अध्ययन भएको हुँदा यस अध्ययनबाट प्राप्त निस्कर्षहरु अन्य व्यापक क्षेत्र र परिवेशमा लागु नहुन सक्छन् । यर्थात यसबाट निकालियएको सामान्यीकरणले भिन्न परिवेशको अवस्थालाई समेटन सक्दैन ।

(ख) अध्ययनकर्ता र अध्ययन समूह बीचको औपचारिक सम्बन्ध र भाषिक अन्तरले समेत कतिपय गुणात्मक तथ्यहरुमा प्रभाव पारेको कारण, भए गरेका व्याख्या र विश्लेषणहरुमा केही प्रभाव परेन भन्न सकिदैन । तर पनि यस्तो परिस्थितिलाई सके सम्म वैज्ञानिक र बस्तुनिष्ठ बनाउन प्रयास गरिएको छ । समय श्रोत र साधनहरुको पर्याप्त वा अपर्याप्तताबाट हुने गल्ति कमजोरीहरु यस अध्ययनमा पनि अवश्य छन् ।

(ग) मानव स्वभावले परिवर्तनशील प्राणी भएको हुँदा यस क्षेत्रका मुसहर समुदायको चालचलन व्यवहारमा समय परिवेशमा परिवर्तन भैरहने हुँदा यस क्षेत्रका मुसहर जाति र अन्य क्षेत्रका मुसहर जाति बीचको परम्परा, चालचलनमा समानता हुँदै गएको देख्न पाईन्छ । यस कुरालाई यस अध्ययनमा पनि मान्यता दिइएको छ ।

### ३.८ अध्ययन अनुभव

स्थलगत सर्भेक्षण गर्दा हेमपुर गा.वि.स.का मुसहरहरु अज्ञानता, निरक्षरता तथा संकोचताले गर्दा कतिपय कुराहरुको जवाफ पाइएन, कतिपय कुराहरुको जवाफ अधुरो पाइयो तथा कतिपय कुराहरुको जानकारी पाइए पनि त्यसलाई सही ढंगले बर्णन गर्दे साह्रै अप्ठ्यारो तगा असुजिलो भएको अनुभव गरियो । अप्ठ्यारो तथा असजिलो महसुस गरिएतापनि सक्दो बुद्धि विवेक लगाई स्थलगत सर्वेक्षण गरेका तथ्यहरुलाई छर्लङ्ग र स्पष्ट पार्न मैले कुनै कमी कमजोरी गरेको छैन । भाषाको प्रयोगमा मुख्यतः मैथिली भाषामा प्रश्नहरु उल्था गरि सोधिएको छ ।

# अध्याय - चार

# अध्ययन क्षेत्रको सामान्य परिचय

## ४.१ भौगोलिक परिचय

अध्ययन बिषयको गहिराई र प्रस्तुत अध्ययनको बिषयको तुलनात्मक बोधका लागि पनि यस परिच्छेदमा अध्ययन क्षेत्रको भू-भौतिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक पक्षलाई समाष्टिमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । नेपाल आकारमा सानै भए पनि भू-भौतिक स्वरुप र जाति बसोवासका आधारमा समेत विविधतापूर्ण छ । यस देशलाई ठूला ठूला नदी र सो नदीले बनाएको व्यासी र नदीले सिन्चित भूमिहरुका आधारमा यस देशलाई कोशी क्षेत्र, गण्डीकी क्षेत्र, कर्णाली क्षेत्र गरी तीन भागमा बाँड्न सकिन्छ । भू-धरातलीय आधारमा हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेश गरेर मुख्य ३ (तीन) स्वरुपमा विभाजन गर्न सकिन्छ ।

देशको कूल क्षेत्रफलको १५ प्रतिशत क्षेत्र ओगट्ने हिमाली प्रदेश ४८७७ मीटर देखि ८८४८ मीटर सम्मको उचाईमा रहेको हुँदा यहाँ ठण्डा जलवायुको कारण बसोवास योग्य नभएकोले यस भूखण्डमा केही होचा र पहारिला पाखाहरुमा हिमाली व्यासीहरुमा विशेष गरी भोट हिमाली क्षेत्रका शेर्पा, भोटे जातिका मानिसहरु जमीनको उचाई अनुसारको व्यवसाय गरेर बसोवास गर्दछन् ।

निकै पुरानो कडा चट्टानले बनेको पहाडी क्षेत्र समुन्द्रको सतह भन्दा ९५० मीटर देखि ४८४८ मीटर सम्मको उचाईमा रहेको छ । देशको कूल क्षेत्रफल ६८ प्रतिशत भाग रहेको यस खण्डमा विशेष गरी आर्य मूल र मंगोल जातिका मानिसहरु बसोवास गर्दछन् । उतर दक्षिण भएर बगेका नदीका व्यासीहरु, उपत्यकाहरु र टाहाराहरुले गर्दा कृषि व्यवसाय अनुकूल हावापानी तथा जमीन भएकोले यहाँ देशको कूल जनसँख्याको ४५.६ प्रतिशत मानिसहरु बसोवास गर्दछन् ।

गंगाको समथर मैदानको उत्तर क्षेत्रमा महाभारत पर्वत श्रृंखलाबाट दक्षिणमा रहेको तराई प्रदेशमा देशको कूल क्षेत्रफलको १७ प्रतिशत भू-भाग पर्दछ । भू-बनोटको

अनुकूलता र आधुनिक भौतिक सुविधाहरु समेतको विकास र विस्तारको कारण यस क्षेत्रमा देशको कूल जनसँख्याको ४६.६ प्रतिशत मानिसहरु यस क्षेत्रमा बसोवास गर्दछन् । यस क्षेत्रमा विभिन्न जनजातिको मानिसहरुको बसोवास बढ्दै गइरहेको छ । प्रशस्त बर्षा हुने र मलिलो नदी सिन्चित समथर भू-भाग भएको हुँदा कृषि व्यवसाय राम्ररी चलेको छ ।

नेपाल आकारमा पूर्व-पश्चिम लाम्चिलो भएर औसत लम्बाई ८८५ कि.मी. सम्म फैलिएर रहेको छ । उत्तरबाट केही होचो हुँदै समथर भएर रहेको नेपाल तराईको पूर्वी क्षेत्र मनसुनी बर्षाको क्षेत्र भित्र परेको र हिमालबाट बगी आउने सप्तकोशीको जलवायु क्षेत्र भन्दा बढी रसिलो र हरामरा छ । प्रशासनिक बाँडफाँडमा यो अध्ययन क्षेत्र, नेपालको मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अञ्चल सर्लाही जिल्ला अन्तर्गत तराई क्षेत्रको मध्य भागमा पर्दछ ।

### ४.१.१ भौगोलिक अवस्था

कुनै पनि समाज र संस्कृतिको बनोटमा त्यहाँको अवस्था हावापानी, उपलब्ध श्रोत र साधन आदीले प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारेको हुन्छ भने त्यसरी नै यहाँ बसोवास गर्ने विभिन्न जात-जाति, सम्प्रदायहरुको आपसी सम्पर्क व्यवहारहरुले समेत त्यस समाजको साँस्कृतिक विकास परिवर्तनमा प्रभाव पारेको हुन्छ ।

## ४.२ सर्लाही जिल्लाको संक्षिप्त परिचय

नेपालको मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने जनकपुर अञ्चलमा ६ वटा जिल्लाहरु

पर्दछन् । यी जिल्लाहरु हुन - रामेछाप, दोलखा (हिमाली क्षेत्र), सिन्धुली (पहाडी क्षेत्र), सर्लाही, महोत्तरी र धनुषा (तराई क्षेत्र) यसरी सर्लाही जिल्ला जनकपुर अञ्चलको भू-भाग स्थित तराई जिल्ला हो । सर्लाही जिल्लाको झण्डै मध्य भागमा अवस्थित मलगंवा नगरपालिका जनकपुर अञ्चल र सर्लाही जिल्लाको सदरमुकाम हो ।

सन् १९७१-१९९५/९६ सम्म सर्लाही जिल्लाको कूल जनसँख्या लिङ्ग अनुसार र ग्रामीण एवं शहरी जनसँख्या र जनघतन्व (प्रति किलोमीटर) :

| तालिका नं. ३ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कूल जनसँख्या | | | | ग्रमीण क्षेत्र | | शहरी क्षेत्र | | |
| बर्ष | कूल | पुरुष | महिला | कूल जनसँख्या | प्रतिशत | कूल जनसँख्या | प्रतिशत | जनघतन्व प्रतिवर्ग कि.मी. |
| 1971 | 175543 | 89277 | 86266 | 175543 | 100 | | | 196=84 |
| 1981 | 398766 | 205991 | 192775 | 398766 | 100 | | | 316=73 |
| 1991 | 492798 | 254964 | 237834 | 479132 | 97=23 | 13666 | 2=77 | 391=42 |
| 2001 | 635701 | 329182 | 306519 | 617217 | 97=09 | 18484 | 2=91 | 504=93 |
| 2006 | 714693 | 367647 | 347046 | | | | | |

*स्रोत :*

1. *Central Bureu of Statistics, Kathmandu, Population Census 1971, Vol. II, Part II, Table 13, P. 5*
2. *Population Census 1971, Op, cit, Major Urban, Vol.V Table 39, P. 26*

*३. गा.वि.स. प्रोफाइल, २०५२/५३, Op cit.*

*४. केन्द्रिय तथ्याङ्क बिभाग, काठमाण्डौ, तथ्याङ्क गतिविधि २०५१/५२ प्रथम चौमासिक (श्रावण-कातिक) पृष्ठ ३*

सर्लाही जिल्लाको जनसँख्या सन् १९७१ मा १७५५४३ थियो र सन् १९९१ मा आई पुग्दा जिल्लाको कूल जनसँख्या ३१७२५५ ले बृद्धि हुन गई ४९२७९८ पुग्न गयो । सर्लाही जिल्लाको सन् २००१ को कूल जनसँख्या नेपालको कूल जनसँख्या २.५५ प्रतिशत रहेको तालिकामा सन् १९७१ देखि सन् २००१ सम्मको जिल्लाको समाप्टिगत जनसँख्या र सन् २००६ को अनुमानित जनसँख्या प्रस्तुत गरिएको छ । साथै तालिकामा शहरी र ग्रामीण क्षेत्रको जनसँख्या र प्रति वर्ग किलोमीटर जनघनत्व पनि तालिकामा देखाएको छ ।

माथिको तालिका अनुसार सर्लाही जिल्लाको जनसँख्या तीब्र गतिले बढ्दै छ । सन् २००१ को जनगणना अनुसार शहरी क्षेत्र (मलंगवा) को जनसाख्या ६३५७०१ र सन् २००६ का भिलेज प्रोफाइलको आधारमा जिल्लाको कूल जनसँख्या ७१४६९३ हुन गएको छ । शहरी क्षेत्रको जनसँख्या सन् १९९१ मा १३६६६ थियो जुन कि डेढ गुणा भन्दा बढी दरले बढेर सन् २००१ मा १८४८४ पुग्यो । कूल ग्रामीण क्षेत्रको जनसँख्याको तुलनामा शहरी जनसँख्या कम भएतापनि शहरीकरणको प्रवृत्ति तीब्र छ । सर्लाही जिल्लको कूल जनसँख्या बि.सं. २०५८ सालको जनगणना अनुसार ६३५७०१ रहेको छ ।

हाम्रो देश नेपाल विविध जातजातिको बसोवासको संगम थलो हो । उत्तर पूर्वबाट आउने किराँत, मंगोल, दक्षिण-पश्चिमबाट आउने आर्यरुस गरिएको कोयाल, महिदपाल, किराँत, कुल्ली, वृज्जोक, शाक्य, लिच्छवी, मल्ल आदि बिभिन्न जातिजातिको आपसी सम्पर्क र अन्तरक्रियाको परिणाम स्वरुप बन्न गएको यो नेपाल समाज र संस्कृतिको संरचना र संगठन हामी नेपालका गाउँहरु र शहरहरुको अध्ययनबाट प्रस्ट बुझ्न सक्छौ । क्षेत्रगत वितरणको आधारमा आ-आफ्नो जातिगत बाहुल्यता केही ठाउँहरुमा भए पनि सामाजिक परिवर्तन र गतिशिलताका कारक, आधुनिक संचार, यातायात, व्यवसायहरुमा र समय समयको राजनैतिक, शैक्षिक परिवर्तनले गर्दा नेपाली सामाजिक मनोविज्ञान सहअस्तित्वको बोधसँगै सो अनुरुपको व्यवहारमा परिणत भएको संगठित नेपाली समाज पाइन्छ ।

### ४.२.१ भौगोलिक स्थिति

भौगोलिक दृष्टिबाट सर्लाही जिल्ला पूर्व देशान्तर ८५°२०° देखि ८५°५०° को बीचमा र उतर अक्षांश २६°४५° देखि २७°१०° को बीचमा पर्दछ । समुन्द्र सतह देखि यसको उचाई ६० मीटर (१९८ फिट) देखि ६५९ मीटर (२१७४.७ फीट) सम्म छ । उत्तर तिर बढी उचाई र दक्षिण तिर कम उचाई भई ढल्केको छ । यसको क्षेत्रफल कूल १२५९ वर्ग कि.मी छ । यो जिल्लाले नेपालको कूल क्षेत्रफलको ०.८६ प्रतिशत भाग ओग्टेको छ ।

**भौगोलिक बनाबटको दृष्टिकोणबाट सर्लाही जिल्लालाई तीन भागमा बाँड्न सकिन्छ ।**

**(क) उत्तरी भागमा पर्ने चुरे डाँडा**

चुरे पर्वत, यसै जिल्लामा अन्त हुन्छ । जिल्लाका जंगल यसै भागमा सीमित छ ।

**(ख) मध्य भागको भावर प्रदेश :**

यस भागमा भीठ जमीन मात्र पर्दछ । यस भागमा आएर जंगल समाप्त हुन्छ । जिल्लाको जग्गाको लगत हेर्दा भीठ जमीन र खेतको अनुपात १.५ देखिन्छ ।

**(ग) दक्षिणको तराई भाग :**

तराई भाग सर्लाही जिल्लाको समथर क्षेत्र हो र यो भाग सर्लाही जिल्लाको उर्बर भू-भाग हो ।

**(१) क्षेत्रफल**

सर्लाही जिल्लाको कूल क्षेत्रफल १२५९ वर्ग किलोमिटर छ । यो जिल्लाले नेपालको कूल क्षेत्रफलको ०.८६ प्रतिशत भाग ओगटेको छ । पूर्ब पश्चिम फैलिएको र उत्तर दक्षिण कम चौडाई भएकोले जिल्लाको मोटामोटी आकार आयाताकार जस्तो छ ।

**(२) सीमाना, राजनैतिक सिमाना :**

सर्लाही जिल्लाको उत्तरमा सिन्धुली जिल्ला, पश्चिममा रौतहट जिल्ला पूर्वमा महोत्तरी जिल्ला र दक्षिणमा भारतको बिहार राज्यको सितामढी जिल्ला पर्दछ ।

**भौगोलिक सिमाना :**

सर्लाही जिल्लाको उत्तरमा चुरे पर्वतको पानी ठूलो, पश्चिममा बागमती नदी र पूर्वमा बाके, हर्दी नदी पर्दछन् । तर दक्षिणमा कुनै प्राकृतिक सिमाना छैन ।

**(३) हावापानी**

सर्लाही जिल्लाको जलबायु उष्ण हुन्छ । गर्मीमा अति गर्मी र हिउँमा अति ठण्डा हुन्छ । तापक्रम ४२° डिग्री सेल्सियस र हिउँमा ४° डिग्री सेल्सियससम्म झर्छ ।

**(४) पशुपंक्षी**

सर्लाही जिल्लामा बाक्लो जंगल घट्दै गएको छ । अब यहाँ बाध, भालु, चितुवा जस्ता हिंसक जनावर छँदै छैन वा भए पनि नगण्य सँख्यामा छन् । यहाँ पाइने अन्य बन जन्तुहरु बनविरालो, बनेल, चित्तल, खरायो, मृग, घोडा, गद्या, नीलगाई, अर्ना, दुम्सी आदि हुन् । पंक्षीहरुमा मयूर, लुइचे, कालिज, तितरा, सुँगा, मैना, ढुकुर, लालसर, पानी हाँस आदि हुन ।

**(५) बन तथा बनस्पति**

यस जिल्लामा चुरे पर्वतको दक्षिणी पातामा रहेको पातलो जंगल बाहेक अरु जंगल छैन । यस जिल्लाको चार कोसे झाडी धेरै अघि नै फाँडि सकेको छ । बर्तमान बन सिमाना उत्तर चुरे पानी ढलो, पूर्वमा बाँके तथा हर्दी नदी र पश्चिममा बागमती नदी रहेको छ ।

जिल्लाको बनमा मुख्य रुपमा साल र असना पाइन्छ । सो बाहेक कर्मा, बाँझी, खयर, जामुन, सिमल, सिसौ जस्ता रुखहरु पाइन्छ । बन्य पैदावारमा बनकस, कासे, सावे, बाँस, सिमलको भुवा, थाकलको पात, विडीको पात, भौर्लाको पात मुख्य हुन । यहाँ पाइने बोझो, बर्रो, अमला, रिठ्ठा, सतावरी मुख्य हुन । सर्लाही जिल्लामा सामुदायिक र निजी बनहरु र वृक्षारोपण कार्य तीव्रगतिले भैरहेको छन् ।

## ६) प्रमुख नदीहरु

### (१) बागमती :

बागमती चार बर्षको औसत जलप्रवाह (१९६५-१९६८) १६१.६ घन मीटर प्रति सेकेण्ड उक्त अबधिमा सबै भन्दा बढी प्रवाह २८१० घन मी. प्रति सेकेण्ड र सबैभन्दा कम प्रवाह ४.९ घन मीटर प्रति सेकेण्ड रहेको जानकारी जिल्लाको कर्मैया गा.वि.स. स्थित बागमति जलप्रवाह मापक केन्द्रले गराएको थियो । यस केन्द्रले वरिपरि वागमतीको जलधार क्षेत्र २,७२० वर्ग कि.मी. रहेको छ ।

### (२) लखनदेई :

जिल्ला भित्र रहेको सबैभन्दा ठूलो नदी हो (करिब ६४ कि.मी. लामो) यो नदी जिल्लाको उत्तर पूर्वी कुनाको चुरेबाट शुरु भई दक्षिण पश्चिमी सिमरा सम्म बगी पछि दक्षिण तर्फ बग्दै भारत पसेको छ । यस नदीले जिल्लालाई दुई भागमा विभाजन गरेको छ । यसका सहायक नदीहरुमा नारायण, मदार, वामती, दाइने, अत्रौली, चापीनी, कोटी, घुमी, आदि प्रमुख हुन । साथै निकै सँख्यामा खहरे तथा स-साना खोलाहरु पनि मिसिएका छन् ।

### (३) झिम नदी :

जिल्लाको उत्तर पूर्वी सिमानाको चुरेबाट निस्केको फुलजोर खोला र कालिजोर खोला मिलि भैरवपुरमा दोभान बनेपछि यो नदी प्रारम्भ भएको छ । यसको लम्बाई करिब २९ कि.मी. छ र जिल्लाबाट बग्दै भारत तर्फ पसेको छ । भारत तिर यसै नदीलाई अधबारा नदी भन्ने गरिन्छ । मकवानपुर राज्यको पुरानो पूर्वी समाना अधवारा नदी नै थियो ।

### (४) अन्य सानातिना नदीहरुः

सर्लाही जिल्लाका अन्य सानातिना नदीहरुमा पूर्वको अधबारा नदी (पछि झिम नदीमा मिलेको छ), पश्चिमको मनुस्मारा नदी (हरिवन, सोतारा, पथलैया, खोलाहरु मिसिएर बनेको छ) र मध्ये भागमा ढंग्रा, भूमि नदीहरु प्रमुख छ ।

### (७) सर्लाही नामाङ्करण :

मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अञ्चलमा पर्ने सर्लाही जिल्लाको हेमपुर गाँउ विकास समितिमा सर्लाही देवीको मन्दिर छ । रातको समयमा यदि कोही मानिस बत्ती बोकी ती देवीको मन्दिरमा गएमा उसको मृत्यु हुन्छ भन्ने जनविश्वासले गर्दा आज पनि बत्ती लिएर त्यहो कोही पुग्दैनन् । यिनै देवीको नामबाट नै पहिले त्यस इलाकाको नाम र पछि यस जिल्लाकै नाम "सर्लाही" रहन गएको हो भन्ने स्थानीय बासिन्दाहरुको धारणा रहेको पाइन्छ । सर्लाही देवीको मन्दिर वरिपरि अझै पनि बस्ती बसको छैन ।

तरकारी उत्पादनको लागि नेपालमै प्रसिद्ध लालबन्दी क्षेत्र यस जिल्लामा पर्दछ । गोलभेडा उत्पादनको लागि प्रसिद्ध तरकारीको यो पकेट क्षेत्र भण्टा, करेला, घिरौला, बोडी जस्ता अन्य तरकारीको पनि ठूलो परिमाणमा उत्पादन हुने गर्दछ । यसैलाई दृष्टिगत गरी तरकारीको बजार व्यवस्थालाई सुदृढ गर्न साना बजार पूर्वाधार विकास आयोजना (SMIDP) को लगानीमा यस जिल्लाको लालबन्दी र नेत्रगंजमा तरकारी संकलन केन्द्रको निर्माण समेत भएको छ । मत्स्य उत्पादनमा पनि यो जिल्ला त्यतिकै अगाडी रहेको छ । त्यस्तै खाद्यान्न बाली तर्फ धान, गहुँ, मकैका साथै दलहन एवं तेलहन र उष्ण प्रदेशिय फुलफूल उत्पादनमा यस जिल्लाको महत्वपूर्ण स्थान रहेको छ । नगदे बाल तर्फ उखुको क्रमिक रुपले क्षेत्र बिस्तार भइरहेको छ ।

यस जिल्लाको सदरमुकाम मलंगबा महेन्द्र राजमार्ग देखि लगभग २५ कि.मी. दक्षिण तर्फ अवस्थित छ । अधिकांश जनताको जीवन निर्वाहको श्रोत कृषि क्षेत्र रहेको पाइन्छ । स-साना कलकारखानाहरुले जन जिविकोपार्जनमा केही प्रत्यक्ष वा अप्रत्यक्ष टेवा पुऱ्याएका छन् । यस जिल्लाले नेपालको कूल भू-भागको लगभग ०.८६ प्रतिशत क्षेत्रफल र कूल जनसँख्याको लगभग २.७५ प्रतिशत भाग ओगटेको छ । जनसँख्याको हिसावले नेपालमा यो जिल्ला छैठौं स्थानमा पर्दछ । धेरै - थोरै गरेर यस जिल्लामा ९४ जात-जातिको बसोवास रहको छ ।

## (८) सर्लाहीको सिमाना

नेपालको मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर अञ्चलको ६ जिल्लाहरुमध्ये दक्षिणी तराई भेगमा सर्लाही जिल्ला अवस्थित छ । यस जिल्लामा ५ संसदीय निर्वाचन क्षेत्र, १७ इलाका क्षेत्र, ९९ गा.वि.स. र १ न.पा. छन् । सबै गा.वि.स. मा ९ वडाहरु छन् तथा एक मात्र मलंगवा नगरपालिकाम १० वडाहरु छन् । यस जिल्लाको पूर्वमा बाँके तथा हर्दी नदी र पश्चिममा बागमती सिमा नदीको रुपमा बगेको छ । प्रायः जसो बर्षा ऋतुमा यो जिल्लाको सदरमुकाम र सो भन्दा पश्चिम - दक्षिण क्षेत्र बाढीको चपेटामा पर्ने गरेको छ । यस जिल्लाको पूर्वमा महोत्तरी जिल्ला, पश्चिममा रौतहट जिल्ला, उत्तरमा सिन्धुली जिल्ला तथा दक्षिणमा भारतको विहार राज्यको सितामढी जिल्ला पर्दछ ।

**उचाई :** यस जिल्लाको औसत उचाई समुन्द्री सतहभन्दा ६० मीटर देखि ६५९ मीटरको उचाईमा यो जिल्ला रहेको छ ।

**अक्षांस तथा देशान्तर**

अक्षांस : २६$^{\circ}$४५' उत्तर देखि २७$^{\circ}$१०' उत्तर र

देशान्तर : ८५$^{\circ}$२०' उत्तर देखि ८५$^{\circ}$५०' पूर्व

**जलबायु :** यो जिल्ला मनसुनी हावापानीद्वारा प्रभावित क्षेत्र हो र यहाँ उषण जलवायु पाइन्छ । यस जिल्लामा मौसम अवलोकन केन्द्र अभिलेख नभएकोले हावापानीको समानताको आधारमा जनकपुरमा रहेको मौसम केन्द्रको तापक्रमलाई नै यहाँको तापक्रम मान्ने गरिएको पाइन्छ ।

**तापक्रम :** बार्षिक औसत अधिकतम तापक्रम लगभग ३१$^{\circ}$ डिग्री सेल्सियस तथा सबैभन्दा बढी तापक्रम ४२$^{\circ}$ सेल्सियस सबैभन्दा कम तापक्रम ४$^{\circ}$ डिग्री सेल्सियस रहेको पाइन्छ । तर जिल्लाको उत्तरी भागको चुरे तथा भावर क्षेत्रमा तराईभन्दा तापक्रम केही कम रहन्छ ।

**बर्षा :**

जिल्लाको दक्षिणी क्षेत्र भन्दा उत्तरी क्षेत्रमा बढी पानी पर्दछ । जिल्लाको उत्तरी तथा दक्षिणी भागको उचाईमा असमानता भएकोले विभिन्न ठाउँमा बर्षा र तापक्रम एकैनास पाइदैन । तर मोटामोटी रुपमा सबै ठाउँमा एकै कसिमको उष्ण मनसुनी हावाको प्रभाव पाइन्छ । दक्षिण - पश्चिमको मनसुनको प्रभावले गर्दा जेष्ठको मध्य देखि असोज मध्यसम्म बर्षा हुने गरेको पाइन्छ । हिउँदमा माघ-फाल्गुनमा केही बर्षा हुन्छ र चैत्र वैशाखमा हुरीवतास मेघ गर्जन सहित फाटफुट बर्षा पनि हुन्छ । यस जिल्लामा बार्षिक औसत बर्षा १७०० मिलीमीटर हुन गरेको पाइन्छ ।

**माटो :**

यस जिल्लालाई माटोको आधारमा उत्तरी र दक्षिणी भाग गरी दुई भागमा विभाजित गरिएको छ । उत्तरी भाग भाँवर क्षेत्रमा ग्रेभल मलिलो माटो पाइन्छ भने दक्षिणी भागमा गहिरो, राम्रो दोमन अथवा बले माटो (कृषि योग्य) माटो पाइएको छ । नदी किनारमा सामान्यतया बलौटे किसिमको माटो पाइन्छ ।

**जनसँख्या**

२०५८ सालको जनगणनाको आधारमा यस जिल्लाको जनसँख्या यसप्रकार रहेको छ ।

| | |
|---|---|
| कूल जनसँख्या | ६३५७०१ |
| पुरुष | ३२९१८२ |
| महिला | ३०६५१९ |
| परिवार सँख्या | १११०७६ |
| सरदर व्यक्ति | ५- ७२ जना प्रति परिवार |
| जनघनत्व | ५०५ व्यक्ति प्रति वर्ग कि.मी. |

**पेशा :**

जिल्लाको कूल जनसँख्याको ६३.८७ प्रतिशत मानिस कृषि पेशामा संलग्न छन् । कृषि पेशा भन्नाले अन्नबाली, दलहन, तेलहरु, पशुपालन, माछा पालन, फलफूल खेती, तरकारी खेती आदि पर्दछ ।

**गरिबी रेखा :**

यस जिल्लाका ६९ प्रतिशत परिवार गरिवी रेखा मुनि जीवनयापन गरिरहेका छन् ।

**श्रम :**

यस जिल्लाको कूल जनसँख्याको ६३.८७ प्रतिशत मानिस कृषि उत्पादन वा कृषिसँग सम्बन्धित कामकाजमा आ-आफ्नो श्रम प्रयोग गरिरहेका छन् भने ३६.१३ प्रतिशत व्यक्तिहरु धान, चिउरा मिल, पाउरोटी, विस्कुट उद्योग, फर्निचर उद्योग तथा अन्य स-साना घरेलु उद्योग र व्यापार पेशा आदिमा र सरकारी तथा निजी सेवा आदिमा आफ्नो श्रम प्रयोग गरेका छन् । केही समय यता देखि काठमाण्डौ र भारतको बम्बई, दिल्ली, पंजाव, हरियाणा तथा विदेश अरब मुलुकहरु आदि देश-विदेशहरुमा सर्लाही जिल्लाका बासीहरु श्रमको उपभोग गरेका छन् ।

**धर्म र सम्प्रदाय**

यस जिल्लाका गलभग ८६.७४ प्रतिशत हिन्दु धर्मालम्बी तथा मुश्लिम, बौद्ध र इसाई धर्मावलम्बी ७.४५, ५.४३ र ०.०८ प्रतिशत रहेका छन् ।

**भेषभुषाः**

यस जिल्लाको सबै जातजातिहरुको आ-आफ्नो छुट्टा-छुट्टै रहनसहन, भेषभूषा तथा व्यवहार रहे पनि यहाँका बहुसँख्यक मानिस धोती-गन्जी, धोती-कुर्ता, कमीज नै लगाउँछन् । केहीले फूलपैन्ट, सर्ट, कमीज र केहीले लुँगी-कुर्ता र केहीले मात्र दौरा-सुरुवाल लगाउँछन् ।

**साक्षरता :**

बर्तमान तथ्याङ्क अनुसार यस जिल्लाका ४६.९ प्रतिशत पुरुष र २५.४ प्रतिशत महिला साक्षर रहेको पाइन्छ । सरदर साक्षरता प्रतिशत ३६.५ प्रतिशत रहेको छ ।

**आर्थिक अवस्था :**

६३.८७ प्रतिशत जनता कृषिमा आधारित रहेकोले कषि माथि नै आर्थिक अवस्था निर्भर गर्दछ । मूल नहरहरुको छेउछाउमा पर्ने कृषकहरुको आर्थिक अवस्था राम्रो देखिन्छ । ती बाहेकका कृषकहरुको खेती बर्षाको पानीको भरमा हुने गएकोले राम्रो देखिदैन । उद्योग धन्दाको अभाव भएकोले यहाँका मानिस भारततरि अथवा काठमाण्डौ तिर गई उद्योगहरुमा काम गर्ने गरेका छन् । यस जिल्लामा कूल कृषि योग्य जमिन ७९,६९६ हेक्टर छ । ती मध्ये सिंचित क्षेत्र ७३.१८ प्रतिशत हुन्छ र गैर कृषि ३६.१३ प्रतिशत छ । बर्ष भरि खान पुग्ने परिवार २० प्रतिशत छन् । सो बाहेक ३० प्रतिशत परिवारलाई कृषि उब्जनीबाट ६ महिनाको खाना मुश्किलले पुग्दछ ।

**जग्गाको स्वामित्व**

| | |
|---|---|
| भूमिहीन | २५ प्रतिशत - ३० प्रतिशत |
| १ कठ्ठा देखि १० कठ्ठा सम्म | २० प्रतिशत |
| ११ कठ्ठा देखि १ बिगाहा सम्म | १० प्रतिशत |
| १ बिगाहा देखि ३ कठ्ठा सम्म | ३२ प्रतिशत |
| ३ बिगाहा देखि माथि | ८ प्रतिशत |

## ४.२.२ सर्लाही जिल्लामा जाती स्थिती

| तलिका नं. ४<br>यस जिल्लामा अनुमानित अनुसारको जाति तथा जनजातिहरु बसोवास गर्ने गरेका छन् | | |
|---|---|---|
| १ | यादव | १५.२३ % |
| २ | कोइरी | ७.७६ % |
| ३ | मुश्लिम | ७.६७ % |
| ४ | तेली | ५.०६ % |
| ५ | चमार | ३.२१ % |
| ६ | थारु | ३.१८ % |
| ७ | पासवान (दुसाद) | ३.०८ % |
| ८ | कुर्मी | २.३८ % |
| ९ | मल्लाह | २.१६ % |
| १० | बनिया | २.० % |
| ११ | ब्राम्हण | १.८७ % |
| १२ | धानुक | १.५६ % |
| १३ | मुसहर | १.५२ % |
| १४ | अन्य | ४३.३२ % |

*स्रोत : स्थलगत सर्भेक्षण २०६६*

**संसदीय क्षेत्र, इलाका, गा.वि.स. र न.पा. :**

यस जिल्लामा ६ संसदीय निर्वाचन क्षेत्र, १७ ईलाका क्षेत्र, तथा ९९ गा.वि.स. र एउटा नगरपालिका रहेको छ ।

## ४.३ हेमपुर गा.वि.स.को परिचय

यस हेमपुर गा.वि.स. को सामाजिक स्वरुप पनि बहुजाति, बहुभाषिक समुदायको संगम थलोको रुपमा छ । यहाँ यादब, साह, तेली, लोहार, धानुक, चमार, दुसाद, ब्राम्हण, धोबी, कुर्मी, हजाम, मुसहर, कानु आदि जातहरु यस गा.वि.स. मा बसोवास गर्दछन् ।


ऐकिकरणको पछिको एकिकृत प्रशासनिक व्यवस्थाको विस्तार, जनसँख्याको बृद्धि तराईमा औलोको प्रकोपको उनमुलन, यातायात, सञ्चार र विभिन्न व्यवसायिक सम्पर्क उब्जाउपूर्ण खेतीको उपलब्धता, आदि कारणले गर्दा विभिन्न जातजातिको मानिसहरु विभिन्न ठाउँहरुबाट यहाँ आई बसोवास गर्न थाले । यस क्रममा नेपालका तराईका अन्य जिल्लाहरुबाट कामी, चमार, मुसहर, आदि जातिका मानिसहरु यहाँ बसोवास गर्न थाले भन्ने दक्षिण तर्फबाट ब्राम्हण, क्षेत्री, राजपुत, भुमिहार, तेली, मुसलमान, यादव, लोहार, सुनार तथा चमार, मुसहर, हलुवाई, झा, ठाकुर आदि जातिका मानिसहरु यहाँ आई बसोवास गर्न थाले । यस गा.वि.स. मा आएर बस्नु अगाडी उपरोक्त जातहरु तथा मुख्यतः मुसहर जात यस जिल्लाको विभिन्न ठाउँमा बसी पछि यस गा.वि.स. मा आएर बसोवास गर्न थाले । यसरी बसोवास गर्ने विभिन्न जातजातिका मानिसहरुमा जातिगत बाहुल्यताका आधारम प्रथम स्थान यादव र त्यसपछि चमार र अरु जात पर्दछन् ।

हेमपुर गा.वि.स. को कूल जनसँख्यालाई वडागत आधारमा विभाजन गरेर हेर्दा यसको वितरण असमान देखिन्छ । यस अनुसार यहाँ सबै भन्दा बढी जनसाख्या वार्ड नं. ५ र सबै भन्दा कम जनसँख वार्ड नं. ८ मा देखिन्छ । यस जनसँख्याको वडागत वितरणलाई तालिका नं. ५ मा देखाइएको छ ।

| तालिका नं. ५<br>जनसँख्याको वडागत वितरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा नं. | परिवार सँख्या | कूल जनसँख्या | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
| 1 | 103 | 636 | 10=43 | 329 | 10=15 | 307 | 10=76 |
| 2 | 104 | 622 | 10=2 | 332 | 10=24 | 290 | 10=16 |
| 3 | 115 | 718 | 11=78 | 380 | 11=72 | 338 | 11=84 |
| 4 | 107 | 629 | 10=32 | 340 | 10=49 | 289 | 10=12 |
| 5 | 134 | 884 | 14=5 | 477 | 14=72 | 407 | 14=26 |
| 6 | 142 | 833 | 13=67 | 459 | 14=16 | 374 | 13=10 |
| 7 | 95 | 561 | 9=2 | 315 | 9=72 | 246 | 8=62 |
| 8 | 66 | 332 | 5=44 | 171 | 5=27 | 161 | 5=64 |
| 9 | 155 | 878 | 14=4 | 437 | 13=48 | 441 | 15=45 |
| जम्मा | १०२१ | ६०९३ | १०० | ३२४० | १०० | २८५३ | १०० |

स्रोत : हेमपुर गा.वि.स. कार्यालय, २०६६

### जनसँख्याको वडागत वितरण




**स्तम्भ चित्र नं. १**

यस गा.वि.स. को कूल जनसँख्या मध्ये १४.५ प्रतिशत वडा नं. ५ मा रहेको छ र सबै भन्दा कम ५.४४ प्रतिशत वडा नं. ८ मा छ । कूल जनसँख्या मध्ये ५०.८२ प्रतिशत पुरुष र ४९.१७ प्रतिशत महिलाको सँख्या छ । यस अनुसार महिला पुरुष लिङ्गअनुपात १०३.३७ हुन पुगेको छ । २०५८ को जनगणना अनुसार यहाँको जनसँख्या ६०९३ हुन गएको अवस्थालाई हेर्दा यहाँको सरदर जनसँख्या बृद्धि दर २.५५ प्रतिशत छ । जस मध्ये पुरुषको जनसँख्या बृद्धिदर २.७० प्रतिशत र महिलाको जनसँख्या बृद्धिदर २.६२ प्रतिशत मात्र देखिन्छ ।

जनसँख्याको संरचनामा उमेरगत वितरणको उतिकै महत्व हुन्छ । उमेरगत संरचनाको प्रत्यक्ष अप्रत्यक्ष प्रभाव त्यहाँको आर्थिक, सामजिक, राजनैतिक, क्षेत्रमा परेको हुन्छ । यसैले यहाँको जनसँख्याको उमेरगत बनोटलाई तालिका नं. ६ मा देखाइएको छ ।

| तालिका नं. ६<br>उमेरगत जनसँख्याको विवरण | | | |
|---|---|---|---|
| सि.नं. | उमेर समूह | जम्मा जनसँख्या | प्रतिशत |
| 1 | 0-4 | 831 | 13=63 |
| 2 | 5-9 | 958 | 15=72 |
| 3 | 10-14 | 711 | 11=66 |
| 4 | 15-19 | 456 | 7=48 |
| 5 | 20-24 | 481 | 7=89 |
| 6 | 25-29 | 528 | 8=66 |
| 7 | 30-34 | 454 | 7=45 |
| 8 | 35-39 | 360 | 5=90 |
| 9 | 40-44 | 334 | 5=48 |
| 10 | 45-49 | 254 | 4=16 |
| 11 | 50-54 | 199 | 3=26 |
| 12 | 55-59 | 163 | 2=67 |
| 13 | 60 देखि माथि | 164 | 2=69 |
| | जम्मा | 6093 | 100 |


*स्रोत : सर्लाही जिल्ला बस्तुगत विवरण, २०६६*

यस क्षेत्रको कूल जनसँख्यालाई ५ बर्ष उमेर समूहमा वितरण गरी हेर्दा सबै भन्दा बढी जनसँख्या ५-९ बर्ष उमेर समूहको जनसँख्या ९५८ (१५.७२ प्रतिशत) रहेको छ । यो उमेर समूहलाई अझ संक्षेपमा आश्रित र अनाश्रितको आधारमा वितरण गरी यसको स्वरुप तालिका नं. ७ मा देखाइएको छ ।

| तालिका नं. ७<br>आश्रित तथा अनाश्रित उमेर समूहको जनसँख्या | | | |
|---|---|---|---|
| सि.नं. | उमेर समूह | जम्मा जनसँख्या | प्रतिशत |
| 1 | 0-14 | 2329 | 38=22 |
| 2 | 15-59 | 3554 | 58=32 |
| 3 | 60 बर्ष माथि | 210 | 3=44 |
| जम्मा | | ६०९३ | १०० |

*स्रोत : तथ्याङ्क विश्लेषण, २०६६*

आश्रित तथा अनाश्रित उमेर समूहको जनसँख्या




स्तम्भ चित्र नं. २

प्रस्तुत तालिका अनुरुप के देखिन्छ भने आर्थिक रुपले क्रियाशील (सक्षम) उमेर समूहको जनसँखया ३५५४ (५८.३२ प्रतिशत) छ । १४ बर्ष मुनिको उमेर समुहको आश्रित समूहको जनसँख्या र ६० बर्ष माथिका आश्रित उमेर समूहको जनसँख्या क्रमशः २३२९ (३८.२२ प्रतिशत) र २१० (३.४४ प्रतिशत) रहन गएको छ । यस आधारमा के देखिन्छ भने यस गा.वि.स. को कुल जनसँख्या ६०९३ मध्ये कुल आश्रितहरुको (असक्षम) जनसंख्या २५३९ अर्थात ४१.६६ प्रतिशत छ । जसलाई आर्थिक रुपले असक्षम जनसँख्या मानिन्छ ।

यस गा.वि.स. को जनसाख्यालाई जातिगत वितरणका आधारमा विभाजन गरेर हेर्दा यो क्षेत्र नेपाली बहु जातिवादी समाजको एक हिस्सा जस्तै देखिन्छ । किनभने यस क्षेत्रमा बहुजातिका मानिसहरु बसोवास गर्दछन् । यहाँको जातिगत जनसँख्याको बनोटलाई तालिका नं. ८ मा देखाइएको छ ।

| तालिका नं. ८<br>जातिगत आधारमा जनसँख्याको वितरण | | | |
|---|---|---|---|
| **सि.नं.** | **जाति** | **जनसँख्या** | **प्रतिशत** |
| 1 | यादव | 2608 | 42=8 |
| 2 | चमार | 589 | 9=66 |
| 3 | कुम्हार | 455 | 7=46 |
| 4 | कुर्मी | 402 | 6=59 |
| 5 | धानुक | 375 | 6=15 |
| 6 | कलवार | 349 | 5=72 |
| 7 | तेली | 335 | 5=49 |
| 8 | मुसहर | 316 | 5=18 |
| 9 | धोबी | 134 | 2=19 |
| 10 | लोहार | 104 | 1=70 |
| 11 | हलुवाई | 102 | 1=67 |
| 12 | ब्राम्हण | 87 | 1=42 |
| 13 | ठाकुर | 74 | 1=21 |
| 14 | दुसाद | 59 | 0=96 |
| 15 | कायस्थ | 52 | 0=85 |
| 16 | बरही | 23 | 0=37 |
| 17 | माली | 17 | 0=27 |
| 18 | डोम | 12 | 0=19 |
| | जम्मा | 6093 | 100 |

*स्रोत : गा.वि.स. कार्यालय तथा स्थलगत सर्भेक्षण एवं तथ्याङ्क विश्लेषण, २०६६*

जातिगत जनसँख्याको तथ्याङ्क गा.वि.स. कार्यालयको ५ बर्ष अगाडीको अभिलेख तथा मतदाता नामाबलीको आधार लिई वडागत स्थल अध्ययनका आधारमा जनगणनाको नतिजा बमोजिम तथ्याङ्कको विश्लेषण गरी प्रस्तुत गरिएको छ । यस तथ्याङ्कमा सामान्य अन्तर हुन सक्ने सम्भावनालाई यस अध्ययनमा स्वीकार गरिएको छ । यस गा.वि.स. को जातिगत जनसँख्याको बनोटलाई हेर्दा सबै भन्दा बढी यादव जातिको सँख्या रहेको र त्यस पछि चमार र अन्य जातिहरुको अध्ययनको सजिलोको लागि नै क्रमशः प्रस्तुत गरिएको छ ।

जनसंख्याको भाषागत स्वरुप हेर्दा यहाँका बोलिने भाषाहरुमा भैथिली, हिन्दी भाषाहरु छन् । मैथिली मिश्रित लोकल भाषा नै यहाँ हरेक जात लगायत  चमरा, मुसहर तथा अन्य जातिले बोल्ने मातृभाषा हो । अर्को तथा कार्यालयहरुमा काम गर्नु गराउनको लागि बोलिने भाषा हाम्रो राष्ट्र भाषा नेपाली नै हो ।

यस क्षेत्रमा बसोबास गर्ने बहुसंख्यक जातिहरु हिन्दु धर्मावलम्बी छन् ।

**क)　रहनसहन :**

प्रत्येक समूदायको आ-आफ्नै प्रकारको सहनसहन, चालचलन, खानपान, भेषभुषा रहेको हुन्छ । समाजको रहनसहन त्यहाँको हावापानी, भू-भौतिक वातावरणका साथै सामाजिक, आर्थिक, संस्कृतिक परिवेश र क्रियाकलापहरुको छाप परेको हुन्छ । एक अर्का जातीहरुको दैनिक सँगसँगै अन्तरक्रिया र सम्पर्कले गर्दा एक अर्कामा आपसको प्रभाव परेको पनि हुन्छ । त्यसरी नै यस गा.वि.स. क्षेत्रको सामाजिक रहनसहन, चालचलन, बसोबास आदिमा यहाँको भू-प्राकृतिक वातावरण र आर्थिक सांस्कृतिक परिवेशको प्रभाव रहेको छ ।

यस क्षेत्रमा बनेको घद्धरहरु यहाँका हावापानी, मौसम र उपलब्ध हुने प्राकृतिक साधन आफ्नो आर्थिक क्षमता र सीपअनुसार बनेको छन् । मुसहर तथा अन्य स-साना जातहरुको घरहरु काठ, पराल, सन्ठी, खर आदि प्रयोग गरी बनाइएको हुन्छ ।

यहाँका मुसहर जातीहरुको घर एकै ठाउँमा झुम्म परेको साना-साना झोपडी जस्ता छन् । यादव जातीहरु अलिअलि धनिमानी भएकोले खपरा, टायल तथा केही जनाले पक्का (ईट) को घर बनाएका छन् । यिनीहरुले गाई भैसी बाँध्ने ठाउँ छुट्टै राखेको हुन्छ । यिनीहरुले आफ्नो पाहुनालाई सुत्न वस्नको लागि छुट्टै घर खपरा अथवा ईटको बनाइएको हुन्छ ।

यस क्षेत्रका मानिसहरुको प्रमुख खाद्यवस्तुमा यहाँ उत्पादन हुने धान, गहुँ, मकै, सागसब्जी र दालहरु नै मुख्य छन् । सबैले आ-आफ्नो इच्छा र साधनले भ्यायसम्म दाल, भात, रोटी, तरकारी, दही, दुध, ध्यू माछा तथा मासु खाने गर्दछन् । प्रत्येक जातिको खाद्य बस्तुमा जातीगत परम्परा र चालचलनको प्रभाव देख्न पाइन्छ । उच्चजाती  यादव, ब्राह्मण आदिले आफ्नो भोजनमा दही, ध्यू इत्यादिको समावेश जरुरी सम्झी गर्दछन् भने अरु अन्य जातीहरु माछा, मासु तथा मध्यपानतिर अत्याधिक मात्रामा ध्यान दिन्छन् । जहाँ सम्म मुसहर जातीको कुरा छ उनीहरु साधारण खाना दाल, भात, रोटी, तरकारी, दही, दुध र कहिलेकाही आफूले भ्यासम्म माछा, मासु पनि खाने गर्दछन् मुसहरहरुको रहनसहन साधारण तथा बोली बचन, व्यवहार बहुत राम्रो र मिलनसार खालको नै पाइन्छ । उनीहरुमा धेरै कम व्यक्ति जाडँ, रक्सी खान्छन् तर खाएर उत्ताउलो काम गर्दैनन् ।

यस क्षेत्रका मानिसहरुले लगाउने गरेको भेषभुषामा यहाँको मौसमका प्रभाव प्रत्यक्ष देख्न पाइन्छ । गर्मीमा यहाँका मानिसहरु शरीरमा पातलो कपडाको हाफ पाइन्ट भएको लुगा लगाउँछन् । खेतमा काम गर्ने जातीहरु जस्तै-चमार, दुसाद, मुसहर इत्यादिहरु हाफ पाइन्ट, कट्टु तथा लगौटी मात्र लगाई काम गर्दछन । घरमा बस्दा वा गाउँमा वा बाहिर जादाँ यिनीहरु मुख्यतः धोती, कुर्ता, गन्जी, कमीज, आफ सर्ट इत्यादि लगाउँने गर्दछन् । नवयुवक केटाहरु पाइन्ट सर्ट नै लगाउँछन् । यस गाउँका हरेक जातीका महिलाहरु साडी, ब्लाउज र चप्पल लगाउँछन् । गहनामा हसूली, फूली, पोते, चुरा, गाजल, सिंदुर इत्यादि लगाउँछन् । मुसहर जातीका आइमाइहरु खास गरी साडी, ब्लाउज, चुरा लगाउँछन् ।

उनिहरुको आर्थिक स्थिति खासै राम्रो नभएको हुँदा केही आइमाईहरुले साडी मात्र लगाएको हुन्छन । उनीहरुको केटाकेटीहरु धेरैजसो बाल्यकालमा करिब ५-७ बर्ष सम्मको उमेर भएको बच्चाहरु गर्मीका बेलामा बिना लुगाको हुन्छन् ।

यस गा.वि.स.का १०० प्रतिशत जनसँख्या हिनदु धर्माबलम्बी भएको हुँदा यीनिहरुले मनाउने चाँडपर्व पनि हिन्दु दर्शन र परम्परा अनुसार नै दशै, तिहार, माघे सँक्रान्ति, श्रीपञ्चमी शिबरात्री, फागुपूर्णिमा, रामनवमी ने मुख्य पर्वहरु हुन । एकादशीको ब्रत आदिमा यहाँका राममन्दिर, शिवमन्दिरमा देवताको दर्शन गर्न श्रद्धालुहरु जान्छन् र सो दिन राति किर्तन भजन गर्दछन् । मुसहर जातिहरु पनि हिन्दु नै भएकोले उनीहरु पूजापाठ गर्दछन् तर यिनीहरुलाई छुवाछुतले गर्दा मन्दिर प्रवेश गर्न दिइदैन । अतः यिनीहरु मन्दिरको गेट वाहिर नै पूजाआजा गरी आफ्नो घरमा कूल देवतालाई पूजा गर्दछन् ।

यस अध्ययन क्षेत्रको सामाजिक अवस्थालाई हेर्दा यहाँ विविध जातजाति सम्प्रदाय मानिसहरु नेपाली ग्रामीण सामाजिक परिस्थितिमा भेला भएर आ-आफ्ना परम्परा र चाल चलनको अवलम्बन गर्दै दैनिक जीवनको व्यवहारमा हेलमेल भएर बाँचेको देखिन्छ ।

**(ख) संस्कारहरु**

यस गा.वि.स. का जातजातिहरुको संस्कारगत व्यवहारलाई हेर्दा यहाँ दुई समप्रदायका समूदायहरु देखिन्छन् । जो आर्यहरु जसले वैदिक परम्परागत कर्मकाण्डको विद्यानहरु अनुसार ब्राह्मण पण्डित (पुरोहित) लगाएर संस्कारहरु गर्ने गर्दछन् । ब्राम्हण पुरोहित लगाई संस्कार सम्पन्न गर्नेहरुमा ब्राम्हण, यादव, हलुवाई तथा अन्य उच्चजातिका व्यक्तिहरु पर्दछन् । दोश्रो समुदाय किराँत, मंगोलहरु पर्दछन् जसले धामी, झाँक्री लगाई आफ्नो दुःख व्यथा तथा हटाउने गर्दछन् । यस संस्कारमा चमार, दुसाद, मुसहर तथा अन्य तलका जातिहरु पर्दछन् । उनीहरु देवी देवतालाई खुसी पार्न तथा आफ्नो मनोव्यथामा सञ्चो पार्न आफ्नो देवतालाई कुखुरा, परेवा, बोका आदि चढाई पूजा गर्दछन् । तर ब्राम्हण पुरोहित लगाई पूजाआजा

गर्नेहरु गणेजशीको पूजा गरी दियो कलश राखेर दुध, दही फलफूल, मिठाईहरु चढाई कर्मकाण्ड गर्दछन् । मुसहर जातिको पुरोहित उसको आफ्नै जातिको व्यक्ति हुन्छ तर संस्कारगत विधि अनुसार धेरै जसोले हिन्दु देवी देवतालाई नै पुज्ने गर्दछन भने कतिले आफ्नै किसिमको नाम भएका देवताहरुको पूजा गर्दछन् । यी सबै जातिको मानिसहरुको जन्म देखि मृत्युसम्म गर्ने संस्कार प्रायः एकै भए पनि विधि विधानगत आधारमा भिन्नता अवश्य देखिन्छ । यसरी गर्ने संस्कारहरुमा जन्म संस्कार, अन्नप्राशन, विवाह, मृत्यु संस्कार मुख्य हुन । तर तागाधारी जातिको मानिसहरु चुडाकर्म (ब्रतबन्ध) संस्कार पनि गर्दछन् ।

## ४.४ आर्थिक अवस्था

कुनै पनि समाजको आर्थिक अवस्था त्यहाँको विकास र स्थितरताको आधारमा निर्धारित रहन्छ । समाज विकासको मुख्य आधार नै त्यहाँ प्राप्त हुने प्राकृतिक श्रोत साधन र त्यसको परिचालनद्वारा उपभोग स्तरमा वृद्धि हुने नै हो । त्यसैले समाजको आर्थिक पक्ष बढी संवेदनशील पक्ष हो । त्यस ठाँउका जनताहरुले दैनिक जीविकोपार्जनका कुराहरु लगायत औद्योगिक विकास र उच्च भौतिक संस्कृतिको पक्षलाई आर्थिक अवस्थाले प्रभाव पारेको हुन्छ । त्यसैले हरेक क्षेत्रको विकास हुनमा आर्थिक पक्षलाई मेरुदण्डका भएमा लिने गरिन्छ । आर्थिक मेरुदण्ड कमजोर यसमा समाजका सम्पूर्ण पक्षहरुको विकास पनि कमजोर हुन्छ ।

यस गा.वि.स. का प्राकृतिक श्रोत र साधनको कमी छैन । भूमी, जंगल, खोलानाला आदि यहाँका प्राकृतिक श्रोतहरु हनु । यहाँका करिव ९७ प्रतिशत जनताको मुख्य पेशा कृति नै हो । यस क्षेत्रको सम्पूर्ण अर्थ व्यवस्थाको स्वरुप र विशेषता ग्रामीण अर्थव्यवस्थामा आधारित छ । सामान्यतः यहाँ हुने उत्पादन, उपभोग, वितरण, विनियम, जस्ता आर्थिक क्रियाकलापहरु घरेलु उत्पादन प्रणालीमा सीमित रहेको भए पनि यहाा उत्पादित कृषि अन्य उत्पादनहरु बाहिरी औद्योगिक उत्पादनका प्रयोजनका लागि पनि निर्यात हुने गर्दछन् । यहाँको श्रम संगठनको आधार ग्रामीण कृषि उत्पादन सम्बन्धमा नै सिमित रहेको छ । केही कृषि, अन्य उत्पादनहरु जस्तो

धान, गहुँ, मकै, दलहन र तेलहन, उखुबाली जस्ता उत्पादनहरु नगदे बाली भएकोले तिनीहरुको निकासी नजिकै भारतको विहार प्रान्त तथा आफनै देशको बजारहरुमा पनि हुने गर्दछ । त्यसैले यस गा.वि.स. को आर्थिक अवस्था राम्रो भएर गइरहेको छ भन्न सकिन्छ ।

कुनै पनि समाजको ग्रामीण आर्थिक अवस्थाको कुरा गर्दा त्यहाँका मानिसहरुका पेशा, व्यवसाय, भूमि स्वामित्व र वितरण, बैकिङ्ग, वितिय व्यवस्था, यातायात, संचार, बजार आदिको चर्चा गर्नु पर्ने हुन्छ । त्यसैले यहाँ संक्षेपमा तीनै पक्षहरुको छोटो वर्णन गरिन्छ ।

(क) **पेशा व्यवसाय**


यस गा.वि.स. आधुनिक व्यापार व्यवसायको कमै सम्भावनाहरु भएको हुँदा यहाँको ९३ प्रतिशत जनताहरुको मुख्य पेशा कृषि नै हो । केही परिवारहरुले कृषि व्यवसायसँगै अन्य पेशा, व्यापार सीपमूलक व्यवसायलाई सहायक पेशाको रुपमा अपनाएका छन् । कूल १०२१ परिवार सँख्या रहेको यस क्षेत्रका प्राय: सबै परिवारको जीविकाको मुख्य आधार कृषि हो । तर कृषि व्यवसायबाट मात्र जीवन मापन नहुनेहरुले अन्य व्यवसाय पनि अपनाएका छन् । यस गा.वि.स. को पेशागत जनसँख्याको विवरणलाई तालका नं. ९ मा देखाइएको छ ।

**तालिका नं. ९**
**जनसँख्याको पेशागत विवरण**

| सि.नं. | पेशा | जनसँख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ५६५६ | ९२.८२ |
| २ | व्यापार | ७९ | १.२९ |
| ३ | सेवा | ११६ | १.९० |
| ४ | ग्रामीण उद्योग | ४७ | ०.७७ |
| ५ | परम्परागत जातिय पेशा (सुचिकार, चर्मकार, सुनार, लोहार, कामी आदि) | १९५ | ३.२२ |
| | **जम्मा** | **६०९३** | **१००** |

*श्रोत : गा.वि.स. कार्यालय, अभिलेख तथा स्थलगत अवलोकन, २०६६*

**हेमपुर गा.वि.स. को पेशागत जनसँख्याको विवरण जनसँख्याको पेशागत विवरण**




**स्तम्भ चित्र नं. ३**

यहाँ कृषि पेशा भन्नाले ग्रामीण कृषि मजदुरीलाई पनि लिइएको छ । ग्रामीण उद्योग भन्नाले कुटानी, पिसानी गर्ने मिलहरु, काठको काम गर्ने सिकर्मी, घर बनाउने डकर्मी, गाडी बनाउने, माटाका तथा धातुका भाडा कुँडा बनाउने, छालाको जुत्ता तथा अन्य सामानहरु बनाउने व्यवसाय जुनकी यस गाउँका सार्कीहरुले गर्दछन् इत्यादि सेवालाई पनि लिइएको छ । यस प्रकार यस गा.वि.समा कृषि व्यवसाय गर्नेहरु सबै भन्दा बढी ९३ प्रतिशत र सबै भन्दा कम ०.७७ प्रतिशत ग्रामीण घरेलु उद्योग व्यवसाय गर्नेहरुको सँख्या देखिन्छ ।

**(ख) भूमि**

यस क्षेत्रका मानिसहरुको मुख्य पेशा कृषि भएको हुँदा कृषि उत्पादनको साधन श्रोत र त्यसको उत्पादन वितरण, प्रविधि, आदि पक्षको अध्ययन गर्नु पर्ने हुन्छ । यस क्षेत्रमा आवादी, विकास र भूमि व्यवसायको ऐतिहासिक केलाउँदा भूमि सुधार कार्यक्रम २०२३ लागु हुनु भन्दा अगाडी जमिनदारी र जमिनदारी भू-व्यवस्था अन्तर्गत रैकर मालपोत प्रशासन अन्तर्गत यहाँको भू-स्वामित्व रहेको थयो । भूमि

कार्यक्रम लागु भएपछि जग्गाको भू-स्वामित्व परिवर्तन भई द्वैध स्वामित्व अन्तर्गत जग्गा धनि र मोही व्यवस्था कायम भयो । जग्गा खनजोत गर्ने किसानहरु पनि मोहीको रुपमा जग्गाका मालिक बन्न पुग्यो । जग्गाका मालिक बन्न पुगे । तर बढ्दो जनसँख्या, अशिक्षा, रुढीवादी परम्परा आदिले गर्दा केही कृषकहरु ऋणमा डुब्दै गए भने कोही जालि झेलीको चपेटामा परेर मोही विहिन बन्दै गए । जनसँख्या बढ्दै गए, बसाई सराइको क्रम बढ्न थाल्यो । जग्गाको किनवेच हुन थाल्यो यसले गर्दा भूमि सुधारको द्वैध स्वामित्व प्रणालीमा फितलोपन ल्यायो । भूमि सुधार कार्यालयको लगतमा भएको मोहीहरु जग्गा विहिन सुकुम्बासी बन्न पुगे । यसरी यहाँको भू-स्वामित्वमा व्यापक परिवर्तन हुन पुग्यो ।

यस क्षेत्रको ३५२३ विगाहा ११ कठ्ठा १५ धुर आवादी जग्गा मध्ये १८५३ विगाहा ७ कठ्ठा ७ धुर जमिन मुठी प्रशासन अन्तर्गत र बाँकी जमिन मालपोत प्रशासन अन्तर्गत रहेको देखिन्छ । कृषि अर्थ व्यवस्थामा भू-स्वामित्व अर्थात भूमि वितरण प्रणालीले मानिसको जीवनयापन शैलीमा व्यापक प्रभाव पारेको छ । साथै जमिनको उत्पादन क्षमतामा भूमि वितरण प्रणालीले पनि प्रभाव पार्दछ । उचित श्रम र पूँजीको सही व्यवस्था परिचालन भएमा जमिनको उत्पादनत्वमा सकारात्मक असर पर्दछ । यस आधारमा यस क्षेत्रका जग्गा विवरणलाई तालिका नं. १० देखाइएको छ ।

| तालिका नं. १०<br>भूमिका वितरण तालिका | | | |
|---|---|---|---|
| सि.नं. | भूमि वितरणको स्थिति | परिवार सँख्या | प्रतिशत |
| १ | भूमिहिन किसान | १२० | ११.७५ |
| २ | ५ कठ्ठा भन्दा कम जमिन हुनेहरु | १६२ | १५.८६ |
| ३ | ५ कठ्ठा देखि १० कठ्ठा सम्म जमिन हुनेहरु | २८६ | २८.०१ |
| ४ | १० कठ्ठा देखि १ विगाहा जमिन हुनेहरु | १७७ | १७.३३ |
| ५ | १ विगाहा देखि १.५ विगाहा जमिन हुनेहरु | १४४ | १४.१० |
| ६ | १.५ विगाहा देखि ५ विगाहा जमिन हुनेहरु | ५९ | ५.७७ |
| ७ | ५ विगाहा भन्दा बढी जमिन हुनेहरु | ७३ | ७.१४ |
| **जम्मा** | | **१०२१** | **१००** |

*श्रोत : गा.वि.स. कार्यालय अभिलेख तथा स्थलगत अध्ययन ।*

यस क्षेत्रको भूमि वितरणको स्थितिलाई यहाँ मुख्यतः साना किसानहरुको बाहुल्यता भएको र भूमिहिन किसानहरुको सँख्या पनि निकै बढी देखिन्छ ।

### (ग) कृषि

यस गा.वि.स. को जमिनको उत्पादन क्षमता एक समान छैन र यस क्षेत्रको उत्पादन गरिने मुख्य खाद्यान्न बालीहरुमा धान, गहुँ, कोदो मुख्य बाली हुने भने दलहनबाली, मुंगी, मसुरो, मास, खेसारी, रहर, चना मुख्य हुन । यहाँ उत्पादन गरिने तेलहन बालीमा तोरी आलस, सरसो मुख्य हुन । तरकारीको खेती पारिवारिक उपभोगका अतिरिक्त नगद आर्जनको लागि पनि गरिन्छ । साथै नगदी बालीको रुपमा उखुको खेति पनि गरिन्छ । फलफुलको खेती व्यवसायिक रुपमा गरिएको

नभए पनि स्थानीय बजारको माग, धान्ने गरी लगाइएको कुरा कृषि सेवा केन्द्रको लागतमा देखिन्छ ।

नगदेवालीको रुपमा उखु, सखरखण्ड, आलु, खुर्सानीको उत्पादन, गर्नुको साथै जुट (सनपाट) को पनि खेती गरिन्छ । तर हाल जुटको खेती प्रति कृषकहरुको झुकाव घट्दै गएको र यसको उत्पादन कम हुन थालेको कुरा कृषकहरु बताउँछन् ।

मत्यसपालनको व्यवसाय यस गा.वि.समा दिन प्रतिदिन बढ्दै गएको छ । स्थानीय पुरानो र नयाँ पोखरी गरी यस क्षेत्रमा २६ वटा पोखरी गरी यस क्षेत्रमा २६ वटा पोखरीहरुमा मत्स्यपालन भएको छ ।

यहाँ बार्षिक सालाखाला २८५ किवन्टल सम्म माछा उत्पादन गरिने कुरा स्थलगत अध्ययनबाट थाहा हुन आएको छ । कुनै कुनै पोखरीहरुमा मत्स्यपालन सँगसँगै हाँस पालन पनि गरिएको छ ।

यस गा.वि.स. का प्राय सबै कृषक परिवारहरुले एक हल गोरु पालेका छन् । दुध, दही खान र नगद आर्जन गर्न गाई, भैसी, बाख्रा, कुखुरा पाल्ने परिवारहरु प्रशस्त छन् । यस हेमपुर गाउँमा दूध संकलन गर्ने दुग्ध विकास संस्थानको एउटा दूध संकलन केन्द्र पनि छ । यस बाहेक गाउँमा रहेका चिया, नास्ताको पसलहरुले गर्दा पनि दुग्धको खपत बढ्न गएको हुँदा दुग्ध उत्पादन पेशालाई धेरै प्रोत्साहन मिलेको छ ।

जमिनको उर्बरता बढाउन प्रायः परम्परागत गोबर मल नै प्रयोग गरिन्छ । खास गरी गहुँ खेतीमा रसायनिक मलको प्रयोग गरिन्छ । कृषकलाई आवश्यक कृषि ऋण दिने बैकिङ्ग सुविधा यस गा.वि.स. क्षेत्रमा छैन ।

### (घ) सिंचाई

यस क्षेत्रमा सिंचाई सुविधा पुग्न सक्ने श्रोतको रुपमा यहाँ खोला झरनाहरु निकै छन् । तर समुचित व्यवस्था र प्रविधिको अभावमा कुल दुई हजार आठ सय विगाहा आठ कठ्ठा चौध धुर धनहर (धान खेत) मध्ये ५० प्रतिशत जमिनमा पनि कुलोबाट

प्रशस्त सिंचाई उपलब्ध हुन सकेको छैन । यहाँका वर्तमान सिंचाई सुविधाको स्थिति र श्रोतहरुको अवस्थालाई तालिका नं. ११ मा देखाइएको छ ।

**तालिका नं. ११**
**सिंचाई अवस्थाको विवरण**

| सि.नं. | श्रोत | हाल सिन्चित क्षेत्र विगाहामा | थप संभावित सिंचाई हुन सक्ने क्षेत्र |
|---|---|---|---|
| १ | मनुस्मारा खोला | ४०० | ३०० |
| २ | ढंग्रा खोला | ५०० | ४०० |
| ३ | भूमी खोला | ११५ | ६०० |
| ४ | उरालो पानी | ९४ | ७० |
| ५ | कूलोको पानी | १२० | १०० |
| ६ | आकाशे पानि | १० | १५ |
| **जम्मा** | | **१२३९** | **९९५** |

*स्रोत : स्थलगत अध्ययन एवं गा.वि.स. को अभिलेख २०६६*

यस क्षेत्रको कूल धनहर खेत २८००-८-१४ मध्ये १२३९ विगाहा भित्रमा मात्र सिंचाई सुविधा पुगेको र थप श्रोत साधन र प्रविधि जुटाई कूलो निर्माण गर्न सकेमा यहाँ थप ९९५ विगहा जमिनमा सिचाई सुविधा पुग्न सक्ने सम्भावनालाई यहाँका कृषकहरु सहमत देखिन्छन् ।

**(ङ) यातायात**

यस क्षेत्रको आन्तरिक यातायातको व्यवस्थालाई यस क्षेत्रमा ठूला साना बाटो गोरेटो बाटोहरु प्रशस्त छन् । ढुवानीको लागि गोरु गाडी र यातायात साधनको रुपमा साइकलको प्रयोग गरिन्छ । यस क्षेत्र बाहेक बाह्य सम्पर्कको लागि मूल यातायातको लागि यहाँबाट करीब ५ कि.मी. दक्षिणमा भारतको विहार प्रान्तको सोनवरसा १५

कि.मी. दक्षिणमा पर्दछ । गा.वि.स. बाट बस स्टैण्डहरुसम्म जानको लागि सहायक सडकहरु यस गा.वि.स. बाट जोडिएको छ । अतः यस गा.वि.स. बाट बाहिर जानका लागि ती बस स्टैण्डहरुसम्म गई बस, मोटर, समाती अन्यत्र जान सकिन्छ । यातायातको दृष्टिकोणले हालसम्म यस गा.वि.स. सम्म बाटो भए पनि कच्चा बाटोले गर्दा बस, मोटरहरु जान सकेको छैन । यसले गर्दा यातायातको असुविधा नै छ भन्न सकिन्छ ।

**(च) व्यापार**

यस गा.वि.स. बाट ४ कि.मी. टाढा हेमपुर गाउँको दक्षिणतिर हप्ताको दुई दिन बुधवार र आईतवार हाट (बजार) लाग्दछ । यस बजारमा ग्रामीण उपभोगका औद्योगिक उत्पादित बस्तुहरु, चुरोट, बिडी, चिया, सलाई, साबुन, नुन, चिनी, तेल, मट्टीतेल, किलाकाँटी, काँपी, किताव, कलम, श्रृंगारका बस्तुहरु कपडा आदि विक्रीको लागि आउँछन् भने ग्रामीण कृषि उपजका वस्तुहरुमा अन्नबाली, हाँस, परेवा, कुखुरा, खरी, हँसिया, खुर्पी, कुच्चो तथा सागसबजीहरु प्रशस्त किनबेच हुन्छ । यस क्षेत्रमा व्यापारलाई मुख्य पेशा बनाउने परिवारहरु ज्यादै कम छन र व्यापारलाई सहायक पेशाको रुपमा लिइएको पाइन्छ । प्रत्येक टोल वा गाउँमा एक दुईवटा चिया वा नास्ता पसल हुन्छन् । यस क्षेत्रबाट करिब एक ८/९ कि.मी. को दुरीमा ठूलो व्यापारिक क्षेत्र बरहथवा बजारमा हप्ताको दुई पटक सोमवार र बिहिवार ठूलो बजार लाग्दछ । यस क्षेत्रको र भनौ सर्लाही जिल्लको सबभन्दा ठूलो व्यापारिक केन्द्र बरहथवा बजार नै हो । त्यस क्षेत्रमा विजुली, बस, मोटर, यातायात तथा अन्य आधुनिक सुविधाहरु उपलब्ध छन् ।

**(छ) ग्रामीण उद्योग तथा प्राविधिक जनशक्तीः**

यस गा.वि.स. को मुख्य उद्योगहरुमा यहाँ रहेका धान, गहुँ, मकै, दाल पिस्ने, र तेल पेल्ने साना ठूला गरी १० वटा मिलहरु नै मुख्य हुन । यी मिलहरुले जम्मा ३० जनालाई प्रत्यक्ष रोजगार दिएको छ र ११० भन्दा बढी जनसंख्या यसको

आम्दानीबाट लाभान्वित छन् । यस बाहेक केटानी पिसानीको लागि यी मिलहरुले वरिपरिका गाउँ, टोलहरुलाई प्रशस्त सुविधा पुऱ्याएको छ ।

सीप मुलक व्यवसाय गरी जीवन धान्ने व्यक्तिहरु यस क्षेत्रमा सीमित छन् । यस बाहेक यस गा.वि.स. मा २० जना सिकर्मी, २ जना डकर्मी र लोहार ६० जना, सूचिकार तथा २० जना चर्मकार, १ जना रेडियो मेकेनिक्स, ३ जना साइकल र घडी मेकेनिक्सहरु छन् ।सरकरी सेवा गर्नेहरुमा ग्रामीण कृषि मजदुरहरु बाहेक ४० शिक्षक, ४ स्वदेशी प्रहरीमा, सरकारी सेवा गर्ने २ र उद्योगमा मजदुरी गर्ने २० जना संलग्न छन् ।

**आर्थिक अवस्थामा देखा परेका समस्या र सुझावहरु**

(क) बढ्दो जनसँख्याको चापलाई कृषि क्षेत्रबाट उपलब्ध हुने रोजगारीका अबसरले मात्र धान्न नसक्ने स्थिति रहेकोले रोजगारका अन्य विकल्पहरुको विकास र विस्तार हुनु पर्ने ।

(ख) पूँजी, प्रविधि र व्यवस्थापनको अभावमा बन्न नसेकका कूलो पैनीहरु बनाउनु पर्ने ।

(ग) आधुनिक कृषि प्रविधिको, बहुवाली प्रणालीका बारेमा प्रचार प्रसार हुन नसकेका कारण अधिकतम उत्पादन लिन नसकेका तर्फ सम्बन्धित निकायको ध्यान पुग्नु पर्ने ।

(घ) कृषि ऋणका लागि वित्तिय संस्थाहरुको स्थापना हुनु पर्ने ।

(ङ) ग्रामीण परिवेशमा संचालन गर्न सकिने आय आर्जन मुलक व्यवसायको विस्तार विकासक लागि तालिम र प्रचार प्रसारको व्यवस्था हुनु पर्ने ।

(च) भूमिहिन किसान तथा ग्रामीण कृषि मजदुरहरुको आर्थिक स्थितिको सुधारका लागि कुने छुट्टै योजना थालनी गरिनु पर्ने ।

**निष्कर्ष :**

यो हेमपुर गा.वि.स. प्राकृतिक, श्रोत र साधनका दृष्टिले सक्षम क्षेत्र हो । फाँटिलो समथर उर्बरा भूमि, सिंचाईको सम्भाव्यता बन जंगलको सुविधा भएर पनि त्यसको समुचित व्यवस्थापन जुन प्रविधि र पूँजीको अभावमा ह्रास भएर रहेको छ । नब औद्योगिक व्यापारिक क्षेत्रको सम्पर्क र यहाँ उचित कृषि प्रविधिको अभाव एवं आर्थिक श्रोत र साधनको प्रतिशत वितरणको कारण श्रम शक्तिको उत्पादकहरुमा कमी हुनुको साथै वितरणको परम्परागत बनौटको कारणबाट नै यहाँ गरिब सुकुम्वासी परिवारहरु आर्थिक पछौटेपनमा जकडिरहेका छन् । यहाँको प्राकृतिक स्रोत र साधनलाई उपयुक्त पूँजी, श्रम र व्यवस्थापन दिन सकेमा यस क्षेत्रको आर्थिक विकास हुन गई यहाँका जनताहरुमा जीवनस्तर उँचो हुने सम्भावनालाई प्रस्तुत आर्थिक अवस्थालाई छर्लङ्ग पार्दछन् ।

## ४.५ शैक्षिक अवस्था

देश विकासको स्थितिलाई साक्षरता र शिक्षितहरुको प्रतिशतले समेत इंगित गर्दछ । शिक्षाको विकास हुनु नै देशको चौतर्फि विकासको निवार्य शर्त हो । नेपालमा शिक्षाको विकास र विस्तार हुन थालेको २००७ सालको राजनैतिक परिवर्तन पछि मात्र हो । तर यो विकास अझै महिला वर्ग र समाजमा पिछडिएको वर्ग र समुदायसम्म पुगेको छैन । त्यसरी नै ग्रामीण क्षेत्र शिक्षाको स्तरमा पछाडी परेको छ । हेमपुर गा.वि.स. क्षेत्र पनि ग्रामीण क्षेत्र भएकोले यहाँको साक्षरताको स्थिती शहरको दाँजोमा न्यून छ । त्यसमा पनि यहाँको महिला साक्षरताको प्रतिशत ज्यादै कम छ ।

बढ्दो जनचेतना र जागरणको परिणामस्वरुप २००७ साल पछि देशमा शिक्षा प्रति जनताको चाख बढ्दै गएको देखिन्छ ।

तर यस क्षेत्रमा शिक्षा प्रति खास जागरण आएको २०२८ सालबाट मात्र भएको हो भन्ने कुरा २०२८ सालमा स्थापना भएको श्री जानकी दास माध्यमिक विद्यालयमा, हेमपुरले प्रमाणित गर्दछ । यस विद्यालयले त्यसताका कक्षा ५ को विधिवत स्वीकृती

थियो । त्यस पछि हाल सम्ममा यस गा.वि.स. को बिभिन्न वार्ड गरी थप दुई वटा प्राथमिक विद्यालयहरुको स्वीकृती पाई संचालित छन् । यस किसिमको शैक्षिक जागरणको प्रष्ठभूमिमा यस क्षेत्रको साक्षरताको ३९.०७ प्रतिशत मात्र रहेको छ । यसलाई तालिका नं. १२ ले प्रस्ट गर्दछ ।


**तालिका नं. १२**

**हेमपुर गा.वि.सको साक्षर र निरक्षर जनसाख्याको विवरण**

| | **कूल जनसँख्या** | **प्रतिशत** | **पुरुष** | **प्रतिशत** | **महिला** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|
| साक्षर | २४३९ | ४०.०२ | १८५४ | ३०.४२ | ५८५ | ९.६० |
| निरक्षर | ३६५४ | ५९.९७ | १२४३ | २०.४० | २४११ | ३९.५६ |
| जम्मा | ६०९३ | १०० | ३०९७ | ५०.८२ | २९९६ | ४९.१७ |

*स्रोत : स्थलगत अध्ययन एवं गा.वि.स. को अभिलेख २०६६*

**हेमपुर गा.वि.सको साक्षर र निरक्षर जनसाख्याको विवरण**




**स्तम्भ चित्र नं. ४**

यस क्षेत्रको कूल जनसँख्या मध्ये, ५९.९७ प्रतिशत निरक्षर छन् । जसरी नै कुल महिला जनसंख्या मध्ये ९.६० प्रतिशत र जनसँख्या निरक्षर रहेका छन् । सो मध्ये पुरुष साक्षरता ३०.४२ प्रतिशत र महिला साक्षरता ९.६० प्रतिशत छ भने कूल पुरुष जनसाख्या मध्ये ४०.०२ प्रतिशत साक्षर र ५९.९७ प्रतिशत र ३९.५६ प्रतिशत निरक्षर रहेका छन् ।

**तालिका नं. १३**
**हेमपुर गा.वि.स. का विद्यालयहरु तथा विद्यार्थीहरुको विवरण**

| सि.नं | विद्यालयको नाम | संचालित कक्षा | | | | | | | | | | जम्मा | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| १ | जनता प्रा.वि. हेमपुर वार्ड नं. ९ | छात्र ७५<br>छात्रा २५ | २६<br>१० | ३०<br>१० | २८<br>९ | २५<br>१४ | | | | | | १८४<br>५९ | २४३ |
| २ | जनता प्रा.वि. वा.नं. १ | छात्र २३<br>छात्रा १० | २५<br>७ | २०<br>५ | | | | | | | | ७५<br>२२ | ९७ |
| ३. | सोनाई प्रा.वि. वा.नं. २ | छात्र २८<br>छात्रा ५ | २२<br>८ | ३५<br>९ | | | | | | | | ८५<br>२२ | १०७ |
| ४. | नेवालाल मुनेश्वर प्रा.वि. वा. नं. ५ | छात्र ३०<br>छात्रा १४ | ३२<br>११ | | | | | | | | | ६२<br>२५ | ८७ |
| ५. | जानकी दास जनता मा.वि. हेमपुर वा. नं. ६ | छात्र ५०<br>छात्रा ३० | ३२<br>१५ | ३०<br>१८ | २७<br>२७ | २३<br>१७ | ४२<br>१२ | २७<br>१६ | ४५<br>२० | ३८<br>१४ | ४६<br>२३ | ३६०<br>१९२ | ५५२ |
| | जम्मा | २९७ | १८८ | १५८ | ९१ | ७९ | ५४ | ४३ | ६५ | ५२ | ६९ | १०८६ | १०८६ |

स्रोतः विद्यालय सर्वेक्षण, २०६७ ।

यस क्षेत्रको वर्तमान शिक्षा क्षेत्रमा देखिएको जनसहभागितालाई विद्यालयको सँख्या र विद्यार्थी भर्नाको आधारमा हेर्दा यस क्षेत्रमा जम्मा ५ वटा विद्यालय कक्षा १ देखि १० सम्म पढ्ने विद्यार्थीहरु १०८६ छन् । यस मध्ये ७६६ छात्र संख्या छ भने ३२० मात्र छात्राहरुको सँख्या छ । यस क्षेत्रका विद्यालयहरु मध्ये मा.वि. १ र ४ प्रा.वि. तहका विद्यालयहरु छन् । यो मा.वि.ले २०५३ साल देखि एस.एल.सी. परीक्षामा आफनो विद्यार्थी सामेल गराउँदै आएको छ । हालसम्म यहाँबाट नियमित रुपमा २९० जनाले परीक्षा दिएकोमा ८८ जनाले प्रथम श्रेणीमा १४७ जनाले द्वितिय श्रेणीमा र ५५ जनाले तृतिय श्रेणीमा परीक्षा उतिर्ण गरेका छन् । यस क्षेत्रका विद्यालयहरुको विवरण तथा विद्यार्थी विवरणलाई तालिका नं. १३ मा देखाइएको छ ।

यस क्षेत्रको ५-१४ बर्ष उमेर समुहको जनसँख्या १०७७ रहेको छ । हाल विद्यालयहरुमा कक्षा १ देखि कक्षा १० सम्म पढ्ने छात्र छात्राको सँख्या १०८७ मध्ये २० प्रतिशत बालबालिकाहरु यस गा.वि.स. बाहिरको क्षेत्रबाट यहाँ आई अध्ययन गर्दछ । त्यस आधारमा हेर्दा यस क्षेत्रका विद्यालय जाने उमेरका धेरै बाल बालिकाहरु विद्यालय जानबाट बन्चित देखिनछन् । त्यसमा पनि विद्यालय भर्ना भई बीचैमा पढाई छोड्नेहरु र एक दुई कक्षा पढेर पढाई पुरै छाड्नेहरुको सँख्या ज्यादै बढी रहेको छ । यसरी पढाई छोड्नेहरुमा गरीब परिवारका बालबालिकाहरु बढी छन् र स्कूल जाँदै नजाने बालबालिकाहरु पनि गरीब परीवारको नै छन् ।

यस गा.वि.स. मा उच्च शिक्षा अध्ययनका लागि क्याम्पस छैन । माध्यमिक शिक्षा पुरा गरेमा र आर्थिक अवस्थाले सक्षम परिवारका केटाकेटीहरु उच्च शिक्षाको लागि जनकपुर, बीरगंज, भारतको विहार प्रदेश, काठमाण्डौ, मलगंवा आदि बाहिरका क्याम्पसहरुमा पढ्न जान्छन् । यस क्षेत्रमा उच्च शिक्षा लिनेहरुको सँख्या १२५ रहेको छ । सो मध्ये ७.६० प्रतिशत प्रविणता प्रमाण-पत्र तहमा २१.६० प्रतिशत, स्नातक तह र २.४० प्रतिशत स्नातकोत्तर तहको शिक्षा हाँसिल गरेको देखिन्छ । उच्च शिक्षा लिने मध्ये प्रविणता प्रमाणपत्रको तहमा १०, स्नातक तहमा ४ गरी जम्मा १४ जना मात्र महिलाहरु छन् ।

**शैक्षिक समस्या एवं सुझवाहरु**

यस क्षेत्रमा शिक्षकहरुको बाहुल्यता रहेको अनौपचारिक शिक्षाको कार्यक्रम संचालन हुन नसकेको, सबै परिवारले आफ्ना बालबालिकाहरुलाई स्कूल पढाउने नगरेको, बिद्यालयमा विद्यार्थीहरु नियमित उपस्थित हुन नसकेको, विद्यालयमा भौतिक सुविधाको अभाव, निरीक्षण व्यवस्था र तालिकाको अभाव जस्ता शैक्षिक समस्याहरु यस क्षेत्रका विद्यालयमा देखिनछन् । यी समस्याहरु समाधानको लागि निरक्षरता उन्मुलनका लागि सरकारी तथा गैर सरकारी क्षेत्रबाट एकीकृत कार्यक्रम संचालन गरिनु पर्ने । विद्यालयको भौतिक सुविधा निकासाका लागि सरकारी अनुदान र जनसहभागिताको परिचालन हुनु पर्ने, निरीक्षण र तालिम कार्यक्रम संचालन गर्नु पर्ने, महिला शिक्षाको सबैतिर व्यवस्था हुनु पर्ने, शैक्षिक प्रशासनलाई प्रभावकारी बनाउन प्र.अ.हरुको तालिम र सेमिनारको आयोजना हुनु पर्ने, जस्ता कार्यक्रमहरु संचालन गरिनु पर्ने देखिन्छ ।

# अध्याय - पाँच

# मुसहर जातिको सामाजिक अवस्था

## ५.१ मुसहर जातिको सामाजिक अवस्था

विविध जनजातिको फुलवारी भएको हेमपुर गा.वि.स. मा ब्राम्हण, यादव, साह, हलुवाई, धानुक, कुम्हार, कुर्मी तथा अन्य जातिरु लगायत मुसहर जातिको बसोवास छ । जातिय विविधता भए पनि सबै जातजातिहरुले आ-आफ्नो परम्परागत चालचलन रीतिरिवाजहरु, सँस्कारहरु पालना गर्दै आएका छन् र कतिपय सामान्य सांस्कृतिक व्यवहारहरुमा सांस्कृतिक एकीकरण सामान्य लक्षणहरु पनि देखिएका छन् । यी सबै जातिहरुको आ-आफ्नो प्रकारका सामाजिक आर्थिक अवस्था छ । यस अध्ययनमा मुसहर जातिको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक अवस्थालाई हेर्ने वा पहिल्याउने प्रयास गरिएको छ । यस अनुसार मुसहर जाति र अन्य जाति बीचको साामजिक सम्बन्ध, यस जातिको जनसँख्या, पारिवारिक बनोट, नातेदारी सामुदायिकता, ग्रामीण जीवन नेतृत्व र शिक्षा प्रति यस जातीको सहभागिता आदिका बारेमा यहाँ चर्चा गरिएको छ ।

## ५.२ मुसहर जाति र अन्य जातिहरु बीचको सामाजिक सम्बन्ध

यस क्षेत्रका मुसहरहरु सरल र सोझा स्वभावका छन् । यिनीहरु आर्थिक रुपले अन्य जाति, समुदाय भन्दा पछाडी परेका छन् । त्यसैले जीविकाको लागि यिनीहरु अरु जातिको घरमा हलो, गोठालो बस्दछन् सो कृषि मजदुरी गरेर जीवन निर्वाह गर्दछन् । यसैले यस समुदाय र अन्य जाति, समुदाय बीचको सम्बन्धको मुख्य आधार एउटै भौगोलिक सामाजिक दायरा भित्रको आर्थिक सन्दर्भ हो । यसका साथ साथै हिन्दू वर्ण व्यवस्था अन्तर्गतको जातिवादी सामाजिक व्यवस्था भित्र बाँधिएका यस क्षेत्रका सबै जातिहरु एउटै व्यापक सामाजिक दायरामा रहेका छन् । आर्थिक सन्दर्भमा हेर्दा जीविकाको लागि कृषि मजदुरी हलो, गोठालोको काम गर्ने यी

मुसहरहरु जातिवादी सामाजिक व्यवस्था अनुसार तल्लो अछुत जातको रुपमा रहेका छन् । दैनिक सामाजिक व्यवहारका आदान प्रदानमा मुसहर र अन्य जाति बीच मालिक नोकर वा मालिक कारिन्दाको सम्बन्धमा रहेको छ ।

प्रतिस्पर्धा गरी उच्च जीवनशैली बनाउने सामर्थलाई गरिबी र सामाजिक सांस्कृतिक रुपबाट आफु तल्लो स्तरको सामाजिक स्थितिमा रहेको भन्ने मनोविज्ञानको धारणाले यिनीहरु हरेक कुरामा पछाडी परेको देखिन्छ । त्यसैले यिनीहरु अन्य जातिको घर भन्दा अलग घर बनाएर बस्दछन् । मुसहर बसोवास आफनै समुदायसँग मात्र हुन्छ । छुवाछुतको भेदभावले गर्दा अन्य जातिहरु पनि यस जातिलाई अलग राख्न चान्छन् । आर्थिक रुपबाट आफुलाई हिन्दु भन्ने यी मुसहर अन्य जातिको चाँडपर्व पूजा आजालाई श्रद्धा र भक्तिभाव राख्दछन् । पूजाआजामा फूल मागेर शिरमा लगाउँछन् । प्रसाद मोर खान्छन् । जातिवादी सामाजिक व्यवस्था अनुरुप मुसहरको श्रम सबै जातिका लागि आवश्यक छ । यिनीहरुले भेषभूषामा अन्य तराईका आदिवासीसँग कुनै खास अन्तर छैन । पानी नचल्ने अन्य तराईमा चमार, दुसाद, मुसहर, डोम, हलखोर जाति समान सामाजिक स्थिति प्राप्त यी मुसरहरु आफुलाई अरु जाति भन्दा केही उच्च जातको ठान्दछन् । यस क्षेत्रमा मुसहर डोम, चमार, जातिले छोएका खाँदैन । अन्य कामी, दमाई, चमार भन्दा आफुलाई ठूलो ठान्दछन् । तर कामी, दमाई, चमारहरुलाई छालाको काम गर्ने, मरेको गोरु, भैसीको मासु खाने जात भनेर आफु भन्दा तल्लो स्तरको देखाउन खोज्दछन् ।

## ५.३ जनसँख्या

कुनै पनि समाजको जातिगत जनसाख्याको संरचनाले त्यस क्षेत्रको सामाजिक क्रियाकलाप र नेतृत्वलाई पनि प्रभाव पार्दछ । प्रायः अल्प सँख्यामा रहेको जाति बहुसँख्यामा रहेको जाति भन्दा त्यस क्षेत्रमा केही पछाडी परेको हुन्छ । साथै जनसँख्याको स्वरुप आकार, वितरण र जनसँख्या सम्बन्धित अन्य प्रकृयाले त्यस समुदायको स्वरुप, आकार, सामाजिक, परिवर्तन र सामाजिक सम्बन्ध आदिमा पनि प्रत्यक्ष र अप्रत्यक्ष रुपले प्रभाव पारेको हुन्छ । त्यसैले जनसँख्याको अध्ययन गर्नु जरुरी हुन्छ ।

नेपालको कूल जनसँख्या मध्ये १३५१७० जनसँख्या मुसहर जातिको रहेको छ । (केन्द्रिय तथ्याक विभाग, पपुलेसन सेन्सस) जुन कूल जनसँख्याको ०.७ प्रतिशत हुन आउँछ । तर अहिले बढेर नेपालको कूल जनसँख्या मध्ये १७२४३४ जनसँख्या मुसहर जातिको रहेको छ (के.त.वि.,प.से.२००१) जुन कुल जनसंख्याको ०.७६ प्रतिशत हुन आउँछ । यसरी यस देशमा विभिन्न जातिहरु मध्ये यो जाति अल्प सँख्यामा रहेको छ । हेमपुर गा.वि.स. मा मुसहर जातिको जनसँख्या ३१६ छ । जुन गा.वि.स. क्षेत्रका कूल जनसँख्या ६०९३ मध्येको ५.१८ प्रतिशत हुन आउँछ । यसलाई तालिका नं. १४ मा देखाइएको छ ।


**तालिका नं. १४**

**हेमपुर गा.वि.स. मा मुसहर जातिको जनसँख्या विवरण**

| सि.नं. | वार्ड नं. | परिवार सँख्या | जनसँख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | ८ | १० | ५० | १५.८२ |
| २ | ९ | ५० | २६६ | ८४.१७ |
| | **जम्मा** | ६० | ३१६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

**हेमपुर गा.वि.स. अन्तर्गत गा.वि.स. मा मुसहर जातिको जनसँख्या विवरण**




**स्तम्भ चित्र नं. ५**

तालिका नं. १४ मा देखाइए अनुसार हेमपुर गा.वि.स. मा मुसहर जातिको कूल जनसँख्या ३१६ मध्ये सबै भन्दा बढी जनसँख्या वडा नं. ९ मा र सबै भन्दा कम जनसँख्या वडा नं. ८ मा देखिन्छ । जस अनुसार कूल मुसहर जातिको जनसँख्या मध्ये ८४.१७ प्रतिशत वडा नं. ९ मा १५.८२ प्रतिशत वडा नं. ८ मा रहेको छ । अन्यजातिहरुको यी वार्डमा रहेको जनसख्याको तुलनामा मुसहर जातिको जनसँख्या अल्पमत नै देखिन्छ ।

### ५.३.१ लिङ्गगत आधारमा जनसँख्या

जनसँख्या बनोटमा लिङ्ग अनुसार संरचनाले त्यस समाजको पुरुष, महिला, अनुपातलाई दर्शाउँछ । लिङ्ग अनुपातको सन्तुलन र असन्तुलनले जनसँख्याको घटबढका प्रकृयाहरुमा प्रत्यक्ष प्रभाव पार्दछ । त्यसैले यो हेमपुर गा.वि.स. क्षेत्रका मुसहर जातिको जनसँख्याको लिङ्गगत आधारको बनोटलाई तालिका नं. १५ मा देखाइएको छ ।


**तालिका नं. १५**

**हेमपुर गा.वि.स. मा मुसहर जातिको जनसँख्याको लिङ्ग अनुसारको बनोट**

| सि.नं. | टोल | कूल जनसँख्या | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | रनिया मुसहर | २६६ | १३४ | ५०.३७ | १३२ | ४९.६२ |
| २ | डेरा मेसहरी | ५० | २६ | ५२ | २४ | ४८ |
| **जम्मा** | | **३१६** | **१६०** | **५०.६३** | **१५६** | **४९.३६** |

*श्रोत : स्थलगत सर्भेक्षण २०६६*

**हेमपुर गा.वि.स. मा मुसहर जातिको जनसँख्याको लिङ्ग अनुपातको बनौट**




**स्तम्भ चित्र नं. ६**

उपरोक्त तालिकामा देखाइए अनुसार यस क्षेत्रमा बसोवास गर्ने कूल मुसहरहरुको जनसँख्या ३१६ मध्ये ४९.३६ प्रतिशत महिलाको सँख्या र ५०.६३ प्रतिशत पुरुषको सँख्या रहेको छ। अर्थात १५६ सँख्या महिला र १६० पुरुषको छ। यस अनुसार पुरुष महिलाको लिङ्ग अनुपात १०२.५६ पुरुष बराबर १०० महिलाको सँख्या हुन आउँछ। वडागत आधारमा पुरुष र महिलाको जनसँख्या हेर्दा वडा नं. ९ को रनिया टोलमा कूल मुसहरको जनसँख्या २६६ मध्ये ४९.६२ प्रतिशत महिला र ५०.३७ प्रतिशत पुरुष छन्। डेरा मुसहरी टोलको कूल जनसख्या ५० मध्ये ५२ प्रतिशत पुरुष र ४८ प्रतिशत महिलाके सँख्या छ।


### ५.३.२ उमेरगत आधारमा जनसँख्या

कुनै पनि समुदायको सामाजिक, आर्थिक अध्ययनमा यस समुदायको जनसँख्या र जनसँख्याको उमेरगत विवरणको अध्ययनको महत्व हुन्छ। जनसँख्याको उमेरगत संरचनाले त्यस जनसँख्याको सकृय श्रमशक्ति र आर्थिक रुपले निस्कृय वा आश्रितहरुको जनसँख्यालाई प्रस्ट पार्दछ। यसैले यस गा.वि.स. क्षेत्रमा मुसहर जातिको जनसँख्याको उमेरगत विवरणलाई तालिका नं. १६ मा देखाइएको छ।

| तालिका नं. १६<br>मुसहर जातिको जनसँख्याको उमेरगत विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| उमेर समुह बर्षमा | कूल सँख्या | प्रतिशत | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
| ०-४ | 56 | 17=72 | 28 | 50=00 | 28 | 50=00 |
| ५-९ | 44 | 13=92 | 22 | 50=00 | 22 | 50=00 |
| १०-१४ | 26 | 8=22 | 13 | 50=00 | 13 | 50=00 |
| १५-१९ | 30 | 9=49 | 18 | 60=00 | 12 | 40=00 |
| २०-२४ | 26 | 8=22 | 16 | 61=53 | 10 | 38=46 |
| २५-२९ | 43 | 13=60 | 17 | 39=53 | 26 | 60=46 |
| ३०-३४ | 14 | 4=43 | 5 | 35=71 | 9 | 64=28 |
| ३५-३९ | 19 | 6=01 | 8 | 42=11 | 11 | 57=89 |
| ४०-४४ | 9 | 2=84 | 2 | 22=22 | 7 | 77=77 |
| ४५-४९ | 13 | 4=11 | 9 | 69=23 | 4 | 30=77 |
| ५०-५४ | 15 | 4=74 | 7 | 46=67 | 8 | 53=33 |
| ५५-५९ | 4 | 1=26 | 3 | 75=00 | 1 | 25=00 |
| ६० बर्ष देखि माथि | 17 | 5=37 | 7 | 41=17 | 10 | 58=82 |
| जम्मा | 316 | 100% | 156 | 49=36 | 160 | 50=63 |

*स्रोत : स्थलगत सर्भेक्षण, २०६६*

### मुसहर जातिको जनसँख्याको उमेरगत विवरण




*स्तम्भ चित्र नं. ७*

तालिका नं. १६ अनुसार उमेरगत आधारमा मुसहर जातिको जनसँख्याको विवरण हेर्दा ०-४ उमेर समुहको सँख्या ५६ अर्थात कुलजनसख्याको १७.७२ प्रतिशत हुन आउँछ । जुन जनसँख्याको उमेर समुहको सबै भन्दा बढी सँख्या भएको उमेर समूह हो । यस पछि क्रमशः ५-९ बर्ष उमेर समूह र तेश्रो स्थानमा २५-२९ बर्ष उमेर समूह आउँछ जुन कूल जनसँख्याको क्रमशः १३.९२ प्रतिशत र १३.६० प्रतिशत रहेको छ । सबै भन्दा कम सँख्या भएको उमेर समूह ५५-५९ बर्ष समुह हो जसको सँख्या ३ मात्र रहेको छ । यो कूल जनसँख्याको १.२६ प्रतिशत मात्र हो । यो उमेर समूह अनुसारको अन्य विस्तृत जानकारी तालिका नं. १६ बाट हुने नै छ ।

### ५.३.३ सकृय तथा निस्कृय जनसँख्याको स्थिति

यहाँ सकृय जनसँख्या भन्नाले त्यस उमेरका जनसख्यालाई लिइएको छ । जसले भौतिक, शारीरिक तथा मानसिक रुपले कुनै पनि प्रकारको काम, पेशा गरेर आफ्नो

तथा आफ्नो परिवारको पालनपोषण गर्न सक्छन् । निस्कृय भन्नाले साधारणतः नवबालिग तथा बुढापाकालाई चिन्हाइएको किन भने यी उमेरका मान्छेहरु कुनै खास र विशेष काम आफै गर्न सकदैनन र आफ्नो जीवन पनि पाल्न सक्दैनन । बालक तथा बुढो उमेरका व्यक्तिहरुलाई कै निस्कृया जनसँख्याको रुपमा वर्णन गरिएको छ ।

यो उमेर समुहलाई आर्थिक रुपले सकृय र निस्कृय उमेर समुहको आधारमा वितरण गरेर हेर्दा निम्नानुसार हुन आउँछ ।

**तालिका नं. १७**

**मुसहर जातिको आर्थिक रुपले सकृय निस्कृय उमेर समूहको विवरण**

| उमेर समूह | जम्मा सँख्या | प्रतिशत | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-१४ | १२६ | ३९.८७ | ६३ | ५०.०० | ६३ | ५०.०० |
| १५-५९ | १७३ | ५४.७४ | ८६ | ४९.७१ | ८७ | ५०.२८ |
| ६० बर्ष भन्दा माथि | १७ | ५.३७ | ७ | ४१.१७ | १० | ५८.८२ |
| जम्मा | ३१६ | १०० | १५६ | ४९.३६ | १६० | ५०.६३ |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६६*

यहाँ प्रतिशत भन्नाले त्यस उमेर समूहको कूल जनसँख्या अनुसार गणना गरिएको छ र जम्मा प्रतिशत चाहि कूल जनसँख्या अनुसार छ ।

तालिका नं. १७ अनुसार के देखिन्छ भने कूल जनसँख्या ३१६ मध्ये ०-१४ बर्ष उमेर समूहको जनसँख्या १२६ (३९.८७) प्रतिशत छ । यो मध्ये महिला र पुरुषको जनसँख्या ६३/६३ रहेको छ । १५-५९ बर्ष उमेर समूहको कूल सँख्या १७३ (५४.७४) प्रतिशत छ । यस मध्ये महिला ४९.७१ प्रतिशत र पुरुष ५०.२८ प्रतिशत

रहेको छ । ६० बर्ष उमेर भन्दा बढी उमेर हुनेहरुको जनसँख्या १७ मात्र रहेको छ । जुन कूल जनसंख्याको ५.३७ प्रतिशत हुन आउँछ । यस उमेर समूहमा पनि महिलाको सँख्या ४१.१७ प्रतिशत र पुरुषको सँख्या ५८.८२ प्रतिशत रहेको छ । आर्थिक रुपले सकृय र निस्कृय जनसँख्याको मान्यता अनुसार १४ बर्ष मुनिको उमेर समूह र ६० बर्ष उमेरभन्दा माथिको उमेर हुनेहरुको सँख्यालाई सामान्यता निस्कृय जनसख्या लिने गरिन्छ । जस अनुसार यहाँको यस्तो कूल सँख्या १४३ छ । जुन कूल जनसँख्याको ४५.२४ प्रतिशत हुन्छ र आर्थिक रुपले सकृय जनसँख्याको रुपमा १५ बर्ष देखि ५९ बर्ष उमेर हुनेहरुको सँख्यालाई लिदा उमेर हुनेहरुको कूल सँख्या १७३ छ । जुन कूल जनसख्याको ५४.७४ प्रतिशत हो । यस अनुसार मुसहर जातिको जनसँख्याको आर्थिक रुपले आश्रित अनुपात १०० बराबर ८२.६५ रहेको छ । नेपालको सन्दर्भमा हेर्दा १० बर्ष माथिको उमेर र ६४ बर्ष मुनिको उमेरलाई ग्रामीण परिवेशमा सकृय जनसँख्याको रुपमा लिन सकिन्छ । यस अनुसार हेर्दा माथिको तथ्याङ्कमा केही फरक पर्न आउछ ।


### ५.३.४ जनसँख्या प्रतिको धारणा

यस गा.वि.स. को मुसहर जातिहरुमा पनि अन्य जातिय समुदाय झैं छोराको जन्म भएमा बाबु आमा बढी खुशी हुन्छन् । छोरीको जात अर्काको घरमा जाने जात हो भन्ने धारणा यिनीहरुमा पनि छ । जनसँख्या बृद्धि हुनाको कारणमा यो धारणाले पनि भूमिका खेलेको देखिन्छ । परिवार नियोजन गर्दा शारीरिक श्रम गर्न सकिदैन भन्ने धारणा, यिनीहरुमा भएको हुँदा परिवार नियोजन गर्दा पुरुषले भन्दा महिलालाई गर्न लगाउँछन् । किन भने पुरुषले कडा श्रम गर्नु पर्छ । यस क्षेत्रका कूल ७८ दम्पत्ति सँख्या मध्ये १४ महिला ८ पुरुष गरी जम्मा २२ जनाले स्थायी परिवार नियोजन गरेका छन् । जुन विवरणलाई तालिका नं. १८ मा देखाइएको छ ।

| तालिका नं. १८<br>मुसहर दम्पत्ति सँख्या र परिवार नियोजन गर्नेहरुको विवरण | | | | |
|---|---|---|---|---|
| परिवारनियोजन गर्नेहरुको सँख्या | | | | |
| **वडा नं.** | **दम्पत्ति सँख्या** | **महिला** | **पुरुष** | **जम्मा** |
| ८ | २२ | ७ | ५ | १२ |
| ९ | ५६ | ७ | ३ | १० |
| **जम्मा** | **७८** | **१४** | **८** | **२२** |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६६*

**मुसहर दम्पत्ति सँख्या र परिवार नियोजन गर्नेहरुको विवरण**




**स्तम्भ चित्र नं. ८**

उपरोक्त तालिकामा प्रस्तुत विवरण अनुसार के देखिन्छ भने कूल दम्पत्ति सँख्या ७८ मध्ये १४ महिला र ८ पुरुषले मात्र परिवार नियोजन गरेका छन्। सो मध्ये वडा नं. ८ मा ७ महिला र ५ पुरुष र वडा नं. ९ मा ७ महिला र ३ पुरुष सँख्या रहेको छ।

### ५.४ सामाजिक संगठन

कुनै पनि जातिय समुदायको सामाजिक समूहमा आफनै प्रकारको सामाजिक संगठनको विकास भएको हुन्छ । त्यस सामाजिक संगठनको स्वरुपलाई त्यस समुदायको आफनै छुट्टै स्वरुप वा विशेषता झल्कन्छ । समाजका प्रत्येक सदस्यहरुले आफ्नो परिवार मार्फत समाजको मुल्य मान्यता चाल चलन र व्यवहारलाई सिकेर सोही अनुरुप आफु व्यवहार गर्दछन् । समाजद्वारा मानवीय व्यवहार अनुसार मात्र व्यक्तिले क्रियाकलाप गरोस भनेर समाजमा सामाजिक नियन्त्रणको व्यवस्था भएको हुन्छ । व्यक्ति यिनै कारणहरुले गर्दा आफ्नो सामाजिक समुदायबाट अलग हुन सक्दैन ।

यहाँ मुसहर समुदायको सामाजिक संगठन स्वरुपलाई हेर्दा यो समुदायमा पनि आफ्नै प्रकारका सामाजिक विशेषताहरु रहेको देखिन्छ । जस अन्तर्गत यहाँ सामाजिक संगठन भित्र परिवार, व्यक्ति समुह र सामुहिक नेतृत्व व्यवस्था, नातेदारी, सम्पत्ति अधिकार, संस्कार, चालचलन आदिलाई उल्लेख गरिन्छ ।

#### ५.४.१ परिवार

सम्पूर्ण विश्वको आज व्यवस्थामा परिवाररुपी संस्था वा समिति सार्बभौम रुपमा रहेको पाइन्छ । प्रत्येक व्यक्तिको जन्म, लालन पालन, परिवारमा हुन्छ । त्यसैले अन्य समुदाय जस्तै मुसहर समुदायमा पनि परिवार संस्था सार्वभौमको रुपमा रहेको हुन्छ । यस समुदायमा परिवार, पति र पत्निको सामाजिक मान्यतानुरुप स्थापित सम्बन्धको, स्थायी समितिको रुपमा रहेको छ । जहाँ बच्चाको जन्म लालन पालन, सम्पत्ति अधिकार र बंश नामको स्थायी व्यवस्था कायम भएको छ । मुसहर परिवारमा घरको मूलि, पति वा घरको जेठो व्यक्ति बाबु वा बाजे हुन्छ । उसैको रेखदेख नेतृत्व नियन्त्रण र संरक्षणमा परिवारका प्रत्येक काम सम्पादित हुन्छन् । बाबुको मृत्यु पछि सम्पतिका हकदार छोरा हुन्छ, । छोरा छोरी र विवाहित पत्नी नामको पछाडी बाुको थर वा जाति लेख्दछन् । यस आधारमा मुसहर परिवार व्यवस्था पितृसतात्मक पितृ वंशीय परिवार व्यवस्था हो ।

यस गा.वि.स. को मुसहर परिवारमा संयुक्त प्रथा हटिसकेको छ । छोराको विवाह भए पनि ३,४ बर्षमा छुट्टिएर बेग्लै बस्दछ तर छुट्टिएर बेग्लै बसे छोरो बाबुको घरसँगै भिन्न घरमा बस्दछ र हरेक कुरामा बुवाको सरसल्लाह र संरक्षण लिइरहेको हुन्छ । समष्टिमा भन्दा मुसहर समाजमा एकात्मक परिवार व्यवस्था भएको पाइन्छ । यस्तो भए पनि पारिवारीक सहयोग, संरक्षण र सामुहिकताका सन्दर्भमा संयुक्त परिवार व्यवस्था अनुसारका सहयोग सदभाव भएको पाइन्छ ।

### ५.४.२ नातेदारी व्यवस्था

यस क्षेत्रको मुसहर समुदायमा अन्य जातिय समुदाय जस्तै दुई प्रकारको रक्त सम्बन्धि र वैवाहिक नातेदारी व्यक्तिहरु रहेको छ । यी दुवै प्रकारको सामाजिक सम्बन्धले गर्दा व्यक्तिहरु टाढा टाढा भएपनि एक आपसमा आवद्धछन् । नातेदारी व्यवस्था अनुसारका परम्परालाई सबैले मानेका छन् । आफन्तको मृत्यु भएमा शोक गर्नु आफन्तको विवाह या खुशियाली शुभकार्य भएमा निम्ता मान्न जानु, भोज खान जानु यहाँका मुसहरहरुको प्रचलित व्यवहार हो । विवाह गर्दा आमा पट्टि ५ पुस्ता र बुवा पट्टि ७ पुस्ता बार्नु पर्छ भन्ने मान्यता छ । त्यसैले नाता सम्बन्ध केलाएर मात्र विवाह गर्दछन् । वैवाहिक नाता पट्टि साला साली र भिनाजु बीच मजाकको सम्बन्ध हुन्छ । श्रीमतीले श्रीमानको नाम कहिले लिदैनन् । बुहारीले जेठाजु (भैसुर) र ससुरा (ससुर) लाई मुख देखाउदैनन । बोलाउनु पर्दा अरुको सहयोग लिन्छन् । विवाह भएका नवदुलहीहरु मुख ढाकेर हिडदछन् । यहाँ मुसहर समाजका केही नातेदारी सम्बन्ध सूचक शब्दहरुलाई तालिका नं. १९ मा प्रस्तुत गरिएको छ ।

| तालिका नं. १९<br>**परिवारमा प्रयोग गर्ने नाता सम्बन्धित शब्दावली** | |
|---|---|
| शब्द र सम्बन्ध सूचक शब्द | |
| बायो, बाबु (बाबु) | पाहुन वहनोई (बहिनीको श्रमिान) |
| मैया (आमा) | सार (श्रीमतीको भाई) |
| भाई (भाई) | सैर साली (श्रीमतीको बहिनी) |
| भैया (दाजु) | सरहोजनी (सालाको श्रीमती) |
| छोटकी बहिन (कान्छी बहिनी) | भैसुर (श्रीमानको दाई) |
| वडकी बहिन (दिदी) | देवर (श्रीमानको भाई) |
| दादी (बुवाको आमा) | जेठानी (श्रीमानको दाजुको श्रीमती) |
| वडका बाबु (बुवाको दाजु) | नन्द (श्रीमानको बहिनी) |
| कका (काका) | पिसा (बुवाको बहिनीको श्रीमान) |
| काकी (काकी) | मौसी (आमाको भाई, दाजु) |
| बुआ (फुपु) | मामा (आमो भाई, दाजु) |
| बाबा (बुावको बुवा) | मामी (आमाको भाई, दाईको श्रीमती) |
| दाई (बाबुको आमा) | भगिनी (दिदी वा बहिनीको छोरी) |
| जमाय (छोरीको श्रीमान) | भगिना (दिदी वा बहिनको छोरा) |
| भौजी (दाजुको श्रीमती) | सास (सासु), ससुर, श्रीमानको बुवा<br>वेटा, वेटी (छोरा, छोरी) |
| मौगी (श्रीमती) | |
| सैया (श्रीमान) | |

तालिका तालिका नं. १९ मा देखाइएको यी सबै नाताहरुका बीचमा आफनै प्रकारको स्थिति र व्यवहार मर्यादा रहेको छ । ठूलोले सानोको माया गर्दछन् । सानोले ठूलालाइृ मान, सम्मान, आदर, इज्जत गर्दछन् । सम्धी, सम्धीनी बीच विशेष आदर र सम्मानको सम्बन्ध रहन्छ । साला साली बीच ठट्टा गर्ने, भाउजुले देवरलाई सामान्य जिस्काउने चलन हुन्छ भने जेठाजु, ससुरालाई बुहारीहरुले आफनो मुख देखाउदैनन । यसरी मुख नदेखाउने चलन एक दुई बच्चा भए पछि कम हुँदै जान्छ । मुसहर समुदायमा मितेरी नाताको पनि निकै महत्व रहेको छ । मित परिवारसँग पनि एक रक्त सम्बन्धित र वैवाहिक दुवै नातेदारी सम्बन्ध कायम हुन्छ । मुसहरहरु मित लगाउँदा हित, चित मिले पछि जुनसुकै जातसँग पनि लगाउँछन । त्यो व्यक्तिलाई पिता, परेमी, यार, दोस्त इत्यादि शब्दको प्रयोगद्वारा बोलाइन्छ । मिता, मितनी भेटघाट गर्दा अनुहार देखाउदैनन । अर्थात मितकी श्रीमतीले श्रीमानको मितलाई आफनो अनुहार देखाउँदैनन ।

यसरी मुसहर समुदायको सामाजिक संरचनामा नातेदारी व्यवस्थाको महत्वपूर्ण भूमिका छ । एक गाउँ र अर्को गाउँ बीचको मानिसहरुसँग भएको नातेदारी सम्बन्धले दुवै गाउँलाई एउटै सामाजिक संगठन वा संरचनामा बाँधेका छ । यस प्रकार तराई क्षेत्रका मुसहरहरुको मुख्य बोलचालमा मातृभाषा मैथिली, हिन्दी तथा मिश्रित मैथिली भाषा नै हो । यिनीहरु अर्को भाषाको रुपमा नेपाली पनि कम मात्रामा सरकारी कामकाजको सिलसिलामा बोल्दछन् । तर नेपाली भाषा सबैले जाने बुझेका हुन्छन् ।

### ५.४.३ ग्रामीण संगठन एवं नेतृत्व

यस गा.वि.स. क्षेत्र भित्र ६० वटा सम्म घर भएका मुसहर टोलहरु छन् । यसरी एउटै ठाउँ र टोलमा मिलेर आफनो समुदाय भित्र बस्ने वा गाँउलाई मुसहर भन्दछन् । एउटा टोल भित्र यिनीहरु प्रायः आफनै नाता, गोता सम्बन्धि परिवारका मानिसहरुको बसोवास हुन्छ । यसैले यस ग्रामीण समुहमा हामी भन्ने भावना रहेको छ । साथै ग्रामीण नेतृत्व वा संरक्षण, सरसल्लाहमा गाउँको मुख्य र नातागोतामा

मान्य ठूलो व्यक्तिबाट सबै परिवार निर्देशित हुन्छन् । यसको अलावा मुसहर समाजमा ग्रामीण नेतृत्व र व्यवस्थाका लागि छुट्टै परम्परागत व्यवस्था भएको हुन्छ । यसरी मुसहरहरुमा नेतृत्व गर्ने व्यक्तिलाई उनीहरु “मरर” वा “मैनजन” भन्ने गर्दछन् । गाउँमा झगडा हुँदा, गाउँका छोरी चेली पोइल गएमा, विवाह सम्बन्धि कुरा छिनाफाना गर्नु परेमा, अन्य समुदायको व्यक्तिहरुलाई गाउँमा स्वागत गर्नु परेमा वा गाउँमा नयाँ कोही व्यक्ति आएमा त्यसको सम्मान गर्नु परेमा “मरर” ले गाउँको मुखिया बाजे विरादारीमा भोज भतेरमा निम्ताउने सरसल्लाह दिने त्यो कामको मुख्य भूमिका निभाउनु पर्दछ । यस्तो भएको व्यक्ति गाउँको टाठोबाटो आर्थिक रुपबाट अरु भन्दा केही सक्षम, हठ्ठाकठ्ठा अरु समुदायका जात जातिसँग हेलमेल र सम्पर्क गर्न सक्ने, समाजमा आएका सामाजिक समस्याहरुको समाधानको लागि बाटो पहिल्याउने सक्ने क्षमता भएको व्यक्तिलाई गाउँलेहरुको सल्लाहमा मरर चुन्ने (पुज्ने) गर्दछ । “मरर” गाँउको मुखिया हो । मररको सहयोगका लागि जम्दारको पनि छनोट भएको हुन्छ । जम्दार मररको सहयोगी वा प्रहरी हो । उसले आवश्यक परेमा लडभिड गर्ने दलहरु पनि तयार गरेको हुनुपर्दछ । जमदार बनाइएको व्यक्ति हष्टपुष्ट र गोप्यता राख्न सक्ने हुनुपर्दछ । यसरी मुसहर समुदायमा परम्परागत रुपबाट नै ग्रामीण संगठन र व्यवस्थाका लागि नेतृत्व छनौट गर्ने चलन रहेको पाइन्छ । तर हालको आधुनिक व्यवस्था र नयाँ सम्पर्कहरुले गर्दा यो परम्परामा ह्रास हुँदै आएको कुरा मुसहरु बताउँदछन् ।

# अध्याय - ६

# मुसहर जातिको साँस्कृतिक अवस्था

## ६.१ रहनसहन

मानव समाजलाई चिनाउने अधार नै उसले निर्माण गरेको संस्कृति हो संस्कृतिको निर्माण सम्बर्धन र पालनाले गर्दा नै मानव सभ्यता विकसित हुँदै दिन प्रति दिन खरिदै गएको छ । यहाँ संस्कृति भन्नाले मानव समाजको वस्तुगत एवं मनोगत व्यवहारको एउटा समग्र अवस्था हो । प्रत्येक समुदायले आफनो भौगोलिक परिवेश अनुसार आफनो परम्परालाई विकास गर्दै लगेको हुन्छ । यही तथ्य अनुरुप हरेक जातिको रहन सहनमा आफनो जातिय स्वभाविकताको प्रभाव देखिन्छ । रहनसहनको अध्ययनले जातजातिको विविध पक्षलाई बुझ्न सजिलो हुन्छ ।

हेमपुर गा.वि.स. क्षेत्रमा बसोबास गर्ने मुसहर समुदायको सांस्कृतिक जनजीवनको अध्ययन अन्तर्गत यहाँ उनीहरुको बसोवास, लवाई खुवाई भेष-भुषा, सम्मान सत्कार, प्रचलित विश्वास, धारणा, पुजाआजा, चाडपर्व, संस्कृतिहरु आदिलाई लिइएको छ ।

### ६.१.१ घरको बनोट तथा टोलहरु

कुनै पनि समुदायको बसोवास र घरको बनोटमा त्यस स्थानके हावापानी, उपलब्ध श्रोत, साधन, प्रविधि र व्यक्तिको आर्थिक अवस्था आदिको प्रभाव हुन्छ । यस क्षेत्रमा बसोवास गर्ने मुसहर जातिजातिका मुसहर बस्तीहरुमा यही कुराको छाप पाइन्छ । मुसहर गाउँहरु अन्य जातिको गाउँ भन्दै छुट्टै अलग्गिएर रहेको हुन्छ ।

यी गाउँहरु मुसहरी टोलहरुको बसोवासको स्वरुप हेर्दा अत्यव्यवस्थित, ढल निकासको व्यवस्था नभएको पिउने पानीको व्यवस्था नभएको र घर वरिपरि

आँगनमा साधारण सरसफाई भए पनि गाउँका बाटोहरुका किनारमा हिलो जम्ने खाल्टाहरु र झारपातहरु प्रशस्त हुन्छ ।

यस गा.वि.स. का मुसहरहरु गरिब छन् । खर्च गरेर घर बनाउन नसक्ने हुँदा यिनीहरुका घरहरु साना झुप्रा छन् । झुपडीहरुमा झ्याल हुदैनन् । घरहरु साना एकतले रुखको हाँगाको खम्बाबाट वा बाँसको खम्बाबाट बनाइएका १०-१२ बर्ग फिट देखि २० - २२ बर्ग फिट क्षेत्रमा भएका, खर र सन्ठीबाट (जुटको बोट वा डाँठ) बनाएको, बेरामा लिपपोत गरिएको र घरमा कोठा नबाँडिएको खर, परालले काँटी किला भन्दा डोरीहरुले बाँधछाद गरिएको हुन्छ । प्रायः घरहरु आफै मिलेर एक दुई दिनमा तयार गर्दछन् ।

घर भित्र सानो खोपी बनाइएको हुन्छ । घरको अगाडी आँगन हुन्छ, घरमा ठूला परिवार छ भने २-३ वटा साना साना झुप्राहरु वरिपरि बनाइएको हुन्छ । एक घरमा एक दम्पत्ति जोडी र बच्चाहरु बस्दछन् सुत्दछन् । खाना पकाउन कसै कसैले मात्र छुट्टै घर बनाएको हुन्छ । घरमा कुखुरा, परेवा, हाँस पालेको भए घरको कुरा र छेउमा छानामा ढाकी वा डाली राखि दिएको हुन्छ । यिनीहरुको घरको स्वरुप हेर्दा ग्रामीण गरिवीको झल्को प्रस्ट रुपमा आउँछ ।

### ६.१.२ खानपान

यस गा.वि.स. क्षेत्रको मुसहर जातिको दैनिक खानपानको बस्तु स्थानीय उत्पादनमा धान, गाँहु, मकै, कोदो, दालहरु र स्थानीय तरकारीहरु नै हुन । अधिकांश, मुसहर परिवारसँग आफनो जमीन नभएको हुादा मजदुरी गरेर ल्याएको दैनिक सिदा चामल दाल) बाट नै उनीहरुको दैनिक खानापान चल्दछ । नगदमा ज्यादा कमाउनेहरु बजारबाट किनेर ल्याएको चामल वा गहुँको आटाको रोटी भात वा कोदोको रोटी दाल बनाएर खान्छन् । यस क्षेत्रका मुसहर परिवारले गाई, भैसी पालेका छैनन । त्यसैले दुध, दही विशेष अवसररुमा मात्र खान पाउँछन् । स्वस्थ्य रहन ताजा मिठो मसिनो खानु भन्दा बाँच्नका लागि एक पेट खान पाए हुन्थ्यो भन्ने सबैको स्थिति रहेको छ । अर्काको घरमा बस्ने हलो गोठालोहरुले मात्र समय समयमा मालिकको

घरमा बनाएको मिठो मसिनो खान खान मनपराउँछन् यसको सेवनले पनि आर्थिक अवस्थामा केही प्रभाव पारेको देखिन्छ । गाउँको बुढाबुढी कतिपय केटाकेटीहरु स्वस्थ्यकर खानाको अभावमा कुपोषणको शिकार भएका छन् ।

### ६.१.३ भेषभुषा

यस गा.वि.स. का मुसहर जातिहरुले लगाउने गरेको भेष भूषामा मौषम अनुसारको प्रभवको साथै गरिवीको पनि प्रभाव देखिन्छ । किन भने स्वभाविक रुपमा गर्मी याममा यिनीहरु अङ्गमा कपडा नलाई सामान्य कट्टु वा धोटी वा गम्छा कम्मरमा बाँधेर काम गर्दछन् । जाडो याममा यिनीहरुसँग रीरमा लगाउन र राती सुत्दा ओढन प्रशस्त तातो न्यानो लुगा हुँदैन त्यसैले यिनीहरु घाँस परालको आगो बालेर आँगन वरिपरी बस्दछन् र घरको कुरामा पराल बाक्लो गरी राखेर सत्दछन् । हाट बजार जाँदा, आफन्तहरुकोमा जाँदा लाउन सामान्य कपडाहरु जगेडा गरेर राखेको हुन्छ । यस वेला लोग्ने मान्छेहरु सामान्य सर्ट वा आधा बाउला भएको मयलपोस र कम्मरमा कट्टु वा हाफपेन्ट वा कछिया लगाएर हिड्ने गर्दछन् । जाडो याममा कमीज, सर्ट वा जे लुगा छ लगाएर एउटा चादर ओढेर हिडने गर्दछन् ।

मुसहर्नी आईमाईहरुले लगाउने भेषभुषामा पाकी आईमाईहरु शरीरको तल माथि दुर्व तर्फ हुने गरी सेतो सुतिको साडी वा धोती लगाउछन् । आजकालका नँया छोरी बुहारीहरु बलाउज र साडी लगाउँदछन् । आर्थिक रुपले सक्षम भएका मुसहर्नी महिलाहरुले लगाउने गरेको गहना गुरियाहरु चुरी (चुरा), फुलिया (फुली) मोठा (मोटो सिलाभरको चुरी) सुखी (पुराना पेसाहरुबाट बनाइएको हार) जसमा बाही, हसुली (गलामा लगाउने), लोहर (मुन्द्री) आदि नै हुन । यस्ता गरगहनाहरु लगाउने रहर भएपनि लगाउन पाएको देखिदैन । गाउँमा विवाह हुँदा गाउँघरबाट जम्मा गरेर लौजान्छन । कसै कसैले सामान्य दैनिक जीवनमा लगाएका गहनाहरु पित्तल, चाँदी, आदिका कृत्रिम रङ्ग रोगन गरेका सस्ता गहनाहरु लगाइएका हुन्छन् ।

### ६.१४ सरसफाई

सरसफाई प्रति समय दिई सजगताका अपनाएको पाइदैन । गर्मी समयमा खोलामा प्रायः दिनको एक पटक सबैजना नुहाउ छन् । बाल बच्चाहरुलाई कहिलेकाही आमाहरुको फुर्सदमा  नुहाई धुवाई गर्ने गरेको पाइन्छ । साबुन र पाउडरहरुको प्रयोग गरी नुहाउने र लुगा धुन अवसर त्यति पाएको छैनन । धर वरिवरीको वातावरण ढल निकास र व्यवस्थित चर्पिको अभावले गर्दा वरिपरि फोहर हुन गई भुसुना, लामुखेट्टे र झिंगाहरु प्रशस्त लाग्ने गर्दछन् । गरिवी र अशिक्षाको कारा सरफाई र स्वास्थ्य प्रति मुसहर समाजा राम्ररी सजगता आएको पाइदैन ।

### ६.१.५ मनोरञ्जन तथा बाजागाजा

हाम्रो मानव जीवनमा मनोरञ्जन पनि आवश्यक तत्व हो । प्रेम, प्रणय, नाचगान, यज्ञ, खेल, सस्सी मजाक, ठट्टा आदिबाट मनोरञ्जन भएको हुन्छ । कतिपय यस्ता कुरालाई समाजले आत्मसात गरी सांस्कृतिक परम्परा र चलनको रुपमा विकास गरेर ल्याएको  हुन्छ ।

यस हेमपुर गा.वि.स. क्षेत्रका मुसहर समुदायमा रहेको मनोरञ्जन पूर्ण यस्ता व्यवहारहरुमा कुकुर लिएर जंगलमा खरायो, ढुकुर आदि मार्न शिकार खेल्नु जानु, गाई, भैसी चराउन जाँदा गाना गाउनु, साँझमा गाउँ टोलमा भेला भएका बेला हाँस खेल ठट्टा गर्नु, महिलाहरुले खेत रोप्दा गीत गाउनु, आदिबाट मनोरञ्जनको अनुभूति लिइरहुको हुन्छ । जाडो याममा आगो बालेर सबै वरिपरी बस्दछन् । यस समयमा किस्सा (कथा) भन्दछन् यसबाट पनि मनोरञ्जन गर्दछन् । मुसहर लोग्ने मान्छेहरु गाँजा, जाँड, रक्सी, खाएर पनि आनन्द भएको महसुस गर्दछन् । मुसहरहरुले बजाउने गरेको बाजाहरुमा हरमोनियम, ढोल, नगत, ढोलक, बाँसुरी, मृदगं, खैजडी, झयाली आदि हुन । खैजडी, ढोलक बजाएर गाउँमा भजन किर्तन गर्दछन् । युवक मुसहरहरु बाँसुरी बजाएर राँगाा, भैसी, गाई  चराउँछन् ।

मुसहर ठिटी तरुनीहरु सिंगारपटार गरी टीका, चुरा लगाएर हासखेल गर्दै हाटबजार जाने गर्दछन् ।

### ६.१.६ मानमर्यादा, सम्मान, संस्कार

हिन्दु जातिवादी व्यवस्था अनुसार शुद्र वा अछुत जातको रुपमा साािजक स्थिति प्राप्त यो मुसहर जातले आफु भन्दा माथिल्लो जातको लोग्ने मान्छेलाई मालिक वा गिरहत (स्थानिय मैथिली भाषामा) भनी सम्बोधन गर्दछन् । आईमाईलाई मालकिनी वा गिरहथनी भनी आदर मान, मर्यादा, साथ माथिल्लो जातलाई सदव्यवहार गर्दछन् । आफ्नो जाती भित्र पनि सानाले ठूलाको आदर गर्छन । यस जातमा आफनो नाता गोतामा भेटघाट हुँदा नमस्कार, प्रणाम गर्ने चलन छ । विवाह संस्कारका समयमा छोरा बुहारीले आमा, बुवा, सासु, ससुरालाई ढोग नमस्कार गरेको देखिन्छ । सम्धी, सम्धिनी भेट्दा प्रणाम पनि गर्ने गर्दछन् । आफ्नो घरमा आउने आफन्त नातेदारहरुको सम्मान सत्कार आफनो गच्छे अनुसार खान सुत्ने व्यवस्था गर्दछन् । आफनो गाउँ टोलमा आउने नवआगन्तुक जातिलाई घरको बाहिर दरवाजामा, गुन्द्री, चट्टी ओछ्याई दिएर बस्ने अनुरोध गर्दछन् । यस्तो नव आगन्तुकसँग कुरा गर्न विशेष मरर (मुखिया) वा घरको मुली मात्र अगाडी सर्दछन् ।

## ६.२ प्रचिलित विश्वास तथा धारणा

यस गा.वि.स. का गाउँको मुसहर जातीमा स्वर्ग, नर्क, पाप, धर्म प्रति विश्वास गरेको छ । मानिसको सुःख, दुःखमा भगवानको इच्छा भन्ने यी मुसहरहरुमा भाग्य र आभागको पूर्ण विश्वास रहेको छ । बोक्सी, झाँक्री, भूतप्रेत, पिचासको विश्वास गर्दछन् । बाल बच्चाहरु विमारी भएमा धामीलाई फुकफाक गर्न लगाउँछन् । भूतप्रेत, पिचास, बोक्सी, डायनीलाई पन्छाउादा खोलको डिलमा ध्वजापाताका गाडेर धुप लगाउँदै मन्त्र पढेर फुक्दै फाक्दै पन्छाउने गर्दछन् । धामीले बिरामीलाई मसान लगेको छ भनी भनेका कुखुरा, परेवा पनि चढाउँन् । कुनै पनि कामको नयाा थालनी गर्दा शुभ अशुभ साइत कुसाइतको धारणा भएको हुँदा कार्म पाल्नु अगाडी गोसाई ( देवता) को पुकारा गरेर मात्र थाल्दछन् ।

### ६.२.१ धर्म तथा देवदेवीहरु

यस गाउँका मुसहरहरु आफुलाई हिन्दू भन्दछन् र हिन्दुहरुका देवदेवीहरु जस्तो ब्रम्हा, बिष्णु, महेश, लक्ष्मी, पार्वती, काली, आदिको पनि पूजाआजा गर्दछन् । गणेश, शिव र कालीको पूजा विशेष गरी आफनो घरायसी संस्कार पर्वहरु गर्दा गर्ने गर्दछन् । तर यी देव देवी बाहेक पुसहरहरुले मात्र पुज्ने मान्ने गरेका छुट्टै देव देवीहरु रहेका छन् । यस्ता देवदेवीहरुमा काली, बामन, सुरसैर, लकसेर, मसान्त, दिनाभदरी, सलेस, मुसन सरदार जम्मा ७ सरदारको पूजा गर्ने गर्दछन् ।

### ६.२.२ मूसहरको इष्टदेवता दिनाभदरीको सांस्कृतिक इतिहास

तराई क्षेत्रमा मन्दिर शब्दको लागि “थान” शब्दको प्रयोग हुन्छ । मध्यकालीन मन्दिरको लागि गाउँले स्तरमा थान शब्दको बढी चलन थियो । दिनाभदरी थान नयाँ बनाइएको छ । जानकारी दिए अनुसार २०४२/४३ सालतिर तत्कालीन गाउँ पञ्चायत  नयाँ नयाँ थान बनाउन लगायो । दिना र भदरी यी दुई दाजुभाई मुसहर जातिका लागि लोकदेवताको रुपमा पुजित छन् । त्यस क्षेत्रका परम्परानुसार ती दुईटै दाजुभाईलाई बुभनी धामिनीद्वारा जादु गरी मार्न लगाइयो । मन्दिर भित्र कुनै मूर्ति नभई माटोको थुम्कोलाई देवता स्वरुप मानेर पूजाआजा गरिन्छ । अर्कोतिर कृष्णराम जस्ता ती दुवै दाजुभाईहरुको अकाल मृत्यु भयो । यिनको पैतृ आत्माले यस क्षेत्रको भक्तजनहरुको उद्धार गरे । यसरी सर्लाही जिल्लाको मुसहर जातिको जनजीवनमा दीनाभदरीको ठूलो सांस्कृतिक महत्व छ ।

सर्लाही वा तराई मधेशको मिथिलाञ्चल क्षेत्रका मुसहर समुदायले आ-आफ्नो लोक देवता “भुइया महाराज” को पुजा अवसरमा मुसहर समुदायले यस्तो कार्य गरेका हुन । उनीहरुको अपतौली पूजा/पर्वको मूल विशेषता हो । पूजा स्थलमा फूल, प्रसाद, परेवा, तपाउन (रकसी), पान, सुपारीसँगै दुईवटा भाँडोमा दूध समेत राखिएको हुन्छ । आगो बालिएको चुलोमाथि राखिएका ती दुवै भाडामा दूध उम्लिरहेको हुन्छ । यसैबाट दुई मूल धामीझाँक्री) स्थान गरेर ढोल, करताल, घुँघुर लगायतका बाजागाजाको धुनमा महराई गाउदै धामीहरुले तातो दूध जिउमा

खन्याएर मुसहरहरु आफुलाई भईआ महाराजको सन्तति मान्छन् । त्यही महाराजको सम्झनामा समयसमयमा उनको पूजाको आयोजना गर्छन । मुलुकका आदिवासीहरु मध्येका मुसहर जाति अझै पनि गरिब र अशिक्षित छन् । विभिन्न कारणले समाजके मूल प्रवाहमा आउन नसके पनि अति मेहनती यो समुदायको आफनै पहिचान र अटुट सांस्कृतिक परम्परा छ ।

सर्लाहीमा मुसहरहरुले दीनाभदरीलाई भुईआ महाराज भनिन्छ । यसको पूजामा ढाजा फेर्ने (महावीर) को पूजा गरिन्छ । जुन बर्षपिछे गर्ने चलन छ । यसको पूजामा कम्तिमा १० किलो तातो दुधमा भगता (धामी, झाँक्री) नुहाउने गरिन्छ भन्ने चलन छ ।

कुनै पनि राष्ट्रको प्रेरणा श्रोत त्यस राष्ट्रको आफनो संस्कृति हो । कुनै पनि ठाउँको आफनै सास्कृति हुन्छ । साँस्कृति परम्रासँग सम्बन्धित ठाउँ त्यस ठाउँको निधि वा धरोहर भनिन्छ । त्यसैले जातिको परिचय र अस्तित्वलाई सजिव तुल्याई राखेको हुन्छ । तराई क्षेत्रमा विभिन्न जातिका मानिसहरु बस्दछन् । सबै जातिका आ-आफ्ना परम्परा छन् । सर्लाही जिल्लामा पनि जातिगत विविधता देखिन्छ । यस जिल्लाका विभिन्न जातिहरुमा विभिन्न प्रकारको लोकगाथा प्रचलित छ । ती लोकगाथाहरुमा तत्कालिन समाजमा प्रचलित लोकदेवता, लोकनायक, राजपुरुष आदिका बारेमा ओजपूर्ण बर्णन पाइन्छ । यी लोकगाथाहरुमा गाइनेहरुको कण्ठ र नर्तकहरुको नृत्यद्वारा अभिनयको माध्यमले लोकमञ्चमा प्रस्तुत गरिन्छन् । यसरी हजारौ बर्ष देखि चलिआएको त्यस्ता लोकगाथा आज यस जिल्लामा सुरक्षित छन् । सर्लाहीको लोकगाथाहरुमा सलहेस, कृष्ण राम र दीनाभदरी बढी प्रचलित रहेको देखिन्छ । अघिल्लो परिच्छेदमा सर्लाही प्रमुख साँस्कृतिक स्थलहरुको चर्चाको क्रममा तीनवटै लोकनायक सलहेस, कृष्ण राम र दीनाभदरीको उल्लेख साँस्कृतिक स्थलको सिलसिलामा भइसकेको छ ।

यिनीहरुले पूजा आजा गर्ने गरेको देव, देवीहरु, भूतप्रेत, मसान आदिको विवरणलाई वणिकरणका साथ तालिका नं. २० मा देखाइएको छ ।

| तालिका नं. २०<br>मुसहर जातिले पूजाआजा गर्ने गरेको देव देवीहरुको वर्गीकरण | | | |
|---|---|---|---|
| **देवताहरु** | **देवीहरु** | **पितृ तथा कुलदेवताहरु** | **भूत, प्रेत र मसानहरु** |
| गणेश | लक्ष्मी | दिनाभदरी | मसान |
| राम | सीता | लकसेर सरदार | पिचास |
| हनुमान | राजदेवी | ललु सरदार | प्रेत |
| बिष्णु | काली | लंकसैर | बोक्सी |
| वमन | पार्वती | सलहेस | भूत |
| ब्रहम | सरस्वती | सुरसैर | डाइन |
| महेश | राजदेवी | मुसन सरदार | मसान |

*स्रोत : स्थलगत सर्भेक्षण २०६६*

उपरोक्त तालिका नं. २० मा देखाइएका देव देवीहरुमा मुसहरहरु पितृ तथा कुलदेवताहरुको र भूत मसान आदिको पूजाआजा विशेष दैनिक जीवनमा र आफना संस्कारहरुमा गर्दछन् । देवीहरुमा काली, रामजदेवी, बघेसी, जोगिनी र मैया सरदारको पूजा गर्दछन् । अन्य देवताहरु जस्तो ब्रम्हा, विष्णु, गणेश, महेश, राम, हनुमान, आदिको पूजा आजा आफनो दैनिक संस्कारहरुमा त्यति राम्ररी गर्दैनन् । केवल हिन्दु परम्परागत सामाजिक दायरामा भित्रकै बसोवास र प्रभावका कारण मान्दै आएको जस्तो रुपमा मात्र मानेको जस्तो देखिन्छ ।

### ६.२.२ पूजाआजा तथा चाँडपर्व

मुसहरहरुमा यसको धार्मिक विश्वास अनुसारका देव देवीहरु तथा तिनीहरुको पूजाआजा र चाँडपर्वको परम्परा आफनै प्रकारको छ । दिनभरी ज्याला मजदुरीमा काम नगरेमा पेटभरी खान नपाइने आर्थिक अवस्था लिएर बसेका यस क्षेत्रका मुसहर जातिहरुले आफनो विश्वास र अवस्थालाई जे जस्तो रुपमा भए पनि मनाई आएका छन् । विशेष गरी यिनीहरुले गर्ने पूजाआजा निम्नानुसार छन् :

(क) **कालिको पूजा :** आश्विन महिनामा .(वडा दशैमा) यिनीहरु अस्टमी नवमीका दिन कालीको पूजा गर्दछन् । मुसहरहरु दशै चाँडलाई अन्य जातिले झैं धुमधामका साथ खर्च गरेर मनाउँदैन । अस्टमीका दिन सकनेले परेवा वा पाठा, बोका, राँगा चढाएर कालीको पूजा गर्दछन् । नसकनेले केरा वा कुभिण्डको बली चढाउँछन् । जमरा राख्ने टीका लगाउने चलन यिनीहरुमा छैन।

(ख) **वामन, सुरसैर र लकसेरको पूजा :** यो पनि आश्विन महिनामा कालीकोसँगै गरिने पूजा हो । यस समयमा यी देव देवताहरुलाई छुट्टै पान, सुपारी, चिउरा, खीर चढाएर आफनो मनको कुरा मान्दछन् ।

(ग) **पितृ देवताहरुको पूजा :** प्रत्येक सामाजिक संस्कारहरु जस्तो चारान, विवाह, मृत्यु संस्कारका समयमा सात सरदारहरु र पितृदेवहरुको पूजा गर्दछन् । यसवेला यी देवताहरुलाई दूध, दही, खीर, पान सुपारी, सिंदुर, मिठाई, आदि चाउँछन् ।

(घ) **सलेसको पूजा** : घरमा विमारी भएमा, विमारबाट बच्नका लागि भाकल गरेको हुनु र त्यही भाकल पुरा गर्न गाजा, दही, च्युरा, पान, सुपारी, लड्डु रक्सी आदि चढाएर सलेस वा दिनाभदरीको पूजा गर्दछन् ।

### ६.३ संस्कारहरु

हरेक समाजमा बसोवास गर्ने जातजातिहरुले सम्मान गर्ने संस्कारगत परम्पराहरुमा आफनो जाती विशेषको केही न केही छुट्टै विशेषताहरु रहेको पाइन्छ । यी संस्कारहरुमा आफुले मान्ने गरेको धर्म, संस्कृतिको प्रभाव परेको हुन्छ । मुसहर

जातिले जन्मे देखि मृत्यु पर्यन्त मनाउने गरेको संस्कारहरुमा केही हिन्दू आदर्श र विधिविधानको प्रभाव परेको देखिन्छ । धर्ममा हिन्दु र हिन्दु वर्ण वा जातिवादी व्यवस्था भित्र स्थापित जाति भए पनि केही संस्कारगत चलनहरुमा छुट्टै आफ्नै विशेषताहरु पनि रहेका छन् । मुसहर जातिमा आफ्नै जातको एकजना पुरोहित हुन्छ । पुरोहिले कुनै वैदिक विधिहरु गर्न कर्मकाण्डका पुस्तकहरुको प्रयोग गर्दैनन बरु आफैले मान्ने गरेको देव देवीहरु, पितृ पुर्खाहरु र भूत, प्रेत पिसाच आदिको पूजाआजा गरेर संस्कारका विधान सम्पन्न गर्दछ । यिनीहरुले गर्ने गरेका संस्कारहरुमा मुख्य जन्म संस्कार, विवाह, मृत्यु संस्कार, विवाह, मृत्यु संस्कार नै हुन ।

### ६.३.१ जन्म संस्कार (न्वारन)

बाल बिबाहको जन्म हुनु अगाडि गर्भिणी आमाले बालकको राम्रोसँग जन्म होस भनेर मनोकामना गर्ने देवदेवीहरुसँग पुकारा गर्दछिन । प्रायः गर्भिणी महिलाहरु एक्लै हिड्दैनन । एक्लै हिंडे भूत प्रेत लाग्छ भन्ने धारणा यिनीहरुमा रहेको छ । बालकको जन्म हुँदा सुत्केरीको साथमा एकजना सुडेनी हुन्छ । सुडेनीलाई यिनीहरुले देग्रिन भन्दछन् । न्वारन गर्ने दिन द्रेगिनलाई विशेष सम्मानका साथ पूजा आजा गरेर कपडा, चामल दिन्छन् । बालकको न्वारन जन्मेको छैटौ दिनमा गर्दछन् । यस दिन सुत्केरी र बालकलाई नुहाई धुवाई गराई नयाँ लुगा फेर्न लगाई पुरोहितले पूजा गरी शुद्ध पार्ने गर्दछन् ।

साथै बालकको नाम, जन्म, समयको घटना, वार र महिनाको आधारमा तय गर्दछन् । जस्तो आइतवार जन्मेका भए रविया, सोमवार जन्मेको भए सोम्ना, मंगलवार जन्मेको भए मंगलवा, वुधवार जन्मेको भए बुधवा, विहिवार जन्मेको भए वृहस्पतिया, शुक्रवार जन्मेको भए शुकरा, शनिवार जन्मेको भए शनियाँ इत्यादि नाम राख्ने चलन छ । न्वारानको विधिविधान गर्दा गुड (सक्खर) रकसी, अदुवा, परेवा, अनिवार्य हुन्छ । यस न्वारन संस्कारलाई मुसहरहरुले आफनो लोकल भाषामा “छठिहार” भन्दछन् ।

### ६.३.२ मुंडन (छेवर वा मुरन) संस्कार

यस गा.वि.स. को मुसहर जातिहरुले मुरन संस्कारलाई समान्य किसिमबाट मनाउँछन् । यो संस्कार कहिले गर्ने भन्ने निधो भएपछि त्यस दिन हजामलाई बोलाएर बालकको कपाल काट्न लगाउँछन् । यस दिनका कपाल काटे वापत हजामले खाने चामल, दाल, तरकारी र छुट्टै रुपिया पनि पाउँछन् । यसरी मुरन संस्कारमा समान्य कपाल काट्ने सुरुवात गर्दछन् र कुनै खास विधिविधान गर्दैनन् ।

यो शुभ अवसरमा यिनीहरु आफनो कुलदेवताको नामले खसी, बोका, काट्दछन् । आफना रगत सम्बन्धीहरुलाई मात्र निम्ता गरी डाक्छन र खुब राम्रो ढंगले भोज भतेर गरेर खुसी तथा आनान्द मनाउँछन् । यस अवसरमा ढोल र आफनो बाजा पनि बजाइन्छ । यिनीहरु यस शुभ अवसरमा सके नसके पनि अर्थात ऋण खोजेर पनि भोज भतेर राम्रो ढंगले गर्दछन् । यस गा.वि.स. का मुसहरहरु थोरै भए पनि एक आपसमा खुब पिएर बस्दछन् । यिनीहरुमा एकता खुब रहन्छ । मुसहरहरुमा साधारणतया विरोधाभास तथा भिन्न मत हुँदैनन ।

### ६.३.३ विवाह संस्कार

हाम्रो समाजमा मात्र नभै मानव समाजमा विवाह जीवनको महत्वपूर्ण संस्कार हो । यो संस्कार सबै समाजमा सार्वभौम रुपमा रहेको छ । केवल यो संस्कार सम्पन्न गर्ने विधिहरु मात्र आ-आफ्नो प्रकारको चलन अनुसार हुन्छ । मुसहर समाजमा सानै उमेरमा विवाह गर्ने चलन रहेकोमा हाल आएर विवाहको उमेर बढ्दै गएको छ । आजकल केटाको उमेर सरदर १८ बर्ष पुगेपछि र केटिको उमेर १५/१६ बर्ष पुगेपछि मात्र विवाह गर्ने चलन छ ।

विवाह संस्कारको सुरुवात केटा-केटीको कुरो छिन्ने कार्यबाट सुरु हुन्छ । कुरा छिन्दा गोष्ठी (गोत्र), थर, जात, नातागोता आदि केलाउँछन् । यसरी नातागोता केलाउने र कुरो छिन्ने मान्छेलाई मर्जादी भन्दछन् ।

केटी मनपरेपछि कन्यौली तिर्वे चलन छ । पुरानो चलन अनुसार कन्यौती तिर्दा ९ रुपैया तिर्नु पर्दथ्यो । आजकल कन्यौटी तिर्दा हजार, बाह्र सय जति तिर्नु पर्दछ । जन्तीलाई बर्याती भन्दछन् । बर्याती केटीको घर जान्छ । बर्याती जाँदा माटोको सानो गाग्रीमा रक्सी, घ्यू र खाने तेल र बाल्ने दियो अनिवार्य रुपमा लैजाने चलन छ । यसका साथ साथै बेहुलीका लागि सकेसम्म सात थान (सात खड सारी) र अन्य कपडा गहना श्रृंगार पेटारका समानहरु समेत एक दर्जन लहठी, चुरा, अनिवार्य रुपमा लैजानु पर्छ । जन्ती दुलहीको घरमा पुगेपछि बेहुलालाई बेहुलीका साथीहरुले जिस्काउँछन् । गीतको भाषामा व्यंग्यात्मक प्रश्नहरु गर्दछन् । राती करिब १०-११ बजे वा पुरोहितले दिएको साइत, समयमा बेहुलाले बेहुलीको सिउँदोमा सिन्दुर लगाई बिबाह संस्कारलाई सम्पन्न गर्दछन् । त्यसपछि विवाहको अर्को प्रक्रिया अनुसार बेहुला र बेहुलीको औलाको रगत निकाली एक अर्कालाई खुवाउने चलन छ । यसरी रगत साटासाट गर्ने परम्परालाई "लहछुन" भन्दछन् । यसो गर्नाको कारण के बुझिन्छ भने यी दुवै बेहुला र बेहुली दुई जना (शरिर) र प्राण बन्न पुगेको छ अर्थात उनीहरुको दाम्पत्य जीवन राम्ररी प्रेम पूर्ण वातावरण बितोस भन्ने विश्वास रहेको छ । जन्ती गएको भोलीपल्ट "मर्जाद" को दिन हुन्छ अर्थात दोश्रोत दिन जन्तीहरु खानपिन गरी मोजमस्ती गर्दछन् । तेस्रो दिन बिहान बुहुलाले बेहुलीसँग आफनो घर जन्ती सहित फिर्ता हुन्छ ।

जन्ती फर्केको दुई चार दिनपछि बेहुलाको बाबुले सम्धी सम्धीनीसँग भेट गर्न दही, चिउरा, केरा, आदि कोशेली दिएर बेहुलाको घर जान्छ । त्यस दिन भेटघाट गरी बसेर भालिपल्ट आफनो छोरी लिएर फर्कन्छ । ३/४ महिना वा एक वर्षपछि खिर, दही, चिउरा आदिको कोशेली साथमा राखी छोरीलाई सादाका लागि ज्वाईका घरमा पठाउँछन् । यसरी मुसहर जाति समाजमा विवाह संस्कार सम्पन्न हुन्छ ।

तराई क्षेत्रमा मुसहरहरुमा विधवा विवाह, बाल विवाह, बाबु आमाले खोजी दिएको विवाह कहिले काहि केटाले केटीलाई फकाई भगाएर लगेपनि

विवाह गर्दछन् । बहु विवाह पनी यस जनजातिमा निकै देखिन्छ । जुनकी यस जनजातीको मुख्य कुरोती हो ।

### ६.३.४ मुत्यु संस्कार

हेमपुर गा.वि.स. का मुसहर जातहरुले हिन्दु, संस्कार अनुसार नै दाह संस्कार गर्दछन् । मृतकको शवलाई हरियो बाँसमा राखी सेतो कपडाले बेरेरनदी किनारमा लैजान्छ । त्यहाँ जलाउँछन् । उमेर अनुसार शवलाई जलाउने र गाड्ने भन्ने निधो हुन्छ । विशेष गरी १२ बर्ष माथिका शवलाई जलाउने चलन छ । मरेको दिन मलामी जानेहरुलाई भोज खुवाउँछन् । मलामीलाई खुवाउने पहिलो दिनको भोजलाई "दुधमु" भन्दछन्, किनभने यस दिन मलामीलाई दुधभात खुवाउँछन् । मलामीलाई प्रायः १३ दिन सम्म खुवाउने परम्परा रहेको हुँदा मान्छे मरेपछि "मरर" ले कतिजना मलाी लाने भन्ने कुरा तय गर्दछ । प्रायः ५/७ जना मात्र मलामी जाने गर्दछन् ।

बाबु आमा मर्दा जेठो छोराले घाँटीमा सेतो कपडाले बाँधेर १३ दिनसम्म जुठो बार्दछन् । अन्य छोराले नून, तेलको मात्र छाक छाड्छन् । तर जोठो छोराले १३ दिनसम्म एकलै झोक्राएर  क्रिया बस्दछ । घरको मुली बाबु, बाजे वा वडा बाबु मरेमा सबैछोरा, नाती ज्वाईहरुले कपाल काट्दछन् । १३ दिनमा क्रिया चोख्याउने गरिने कर्मलाई "उत्री" भन्दछन् । उत्रीका दिन बेसार, दुवो र सिन्दुर हालेको पानीले नुहाएर सबै परिवार चोखिन्छन् । छोराहरुले नदी किनारामा गएर पिण्ड दिन्छन् र घरमा आएर भोज गर्दछन् । मरेको छ महिनामा छौमासिक गर्दछन् ।  बर्षदिनमा मलामी समेत २४ जना गाउँलेहरुलाई भोज खुवाएर बार्षिक श्राद्ध तर्पण गरेपछि मृत्युको संस्कारको अन्त गर्दछन् ।

आफन्तहरु मर्दा भोज भतेर ऋण लिएर भए पनि गर्नु पर्ने बाध्यता नै यो जनजातिको सबभन्दा ठूलो अभिसाप तथा कुरिती हो । थोरै खर्चमा क्रिया कर्म गर्दा पनि हुने, भोज भतेर नसक्दा नगरे पनि हुने जस्ता मुख्य तथा बहुमुल्य कुरा तथा सिद्धान्तलाई जति भन्दा पनि नमान्ने र आफनै रितीरिवाजको अन्धविश्वासमा परि

"मेरो गोरुको बाहै्र टाका" भन्ने आफनो परम्परालाई कायम राख्ने चलन यो जातजातिको सबभन्दा ठूलो कुरिती हो ।

## ६.४ मुसहरहरुमा राजनैतिक चेतना र जागरण

अशिक्षा र गरिवीको कारण यस गा.वि.स. को मुसहरहरुमा देशको राजनैतिक अवस्थाको बारेमा र स्वयं आफनो हित र अधिकारका बारेमा संगठीत हुने भन्ने कुरा खास रुपमा बुझेको देखिदैनन् । दैनिक रोजीरोटीका लागि व्यस्त यी मुसहरहरु काम नगरेको दिन खान पाउँदैनन् । त्यसैले कुनै भाषण सुन्ने वा आमसभामा जाने फुर्सद यिनीहरुसँग छैन । आफनो मत खसाउन पाउने राजनैतिक अधिकारलाई आफनोहित संरक्षणमा भन्दा व्यक्तिको सामान्य सम्पर्क र प्रभावबाट प्रभावित भएर पैसा वा सामान्य लालचमा पनि बेच्न तत्पर रहन्छन् । २०३६ साल पछिको देशको राजनैतिक लहरले केही मात्रामा यस जातिलाई पनि प्रभावित पारेको देखिन्छ । २०४२ सालमा यस जातिको एकजना व्यक्ति गाउँ पंचायतको गा.प.स. भएको देखिन्छ । २०४६ पछिको चर्चित राजनैतिक परिवर्तनका कारण गाउँमा हुने आमसभा भाषण र विभिन्न राजनैतिक दलहरुको प्रतिस्पर्धाले गर्दा यस जाति समुदायमा पनि केही राजनैतिक चेतनाका प्रभावहरु परको देखिन्छ । आजकल मुसहरहरु आफु सुकुम्वासी भएको ज्यालादारी कम पाएको, आफनो गाउँमा कसैबाट पनि पिउने पानीको लागि सहयोग नभएको, राजनैतिक व्यक्तिहरु आफनो स्वार्थका लागि मात्र भोट माग्न आउने जस्ता कुराहरु गर्न थालेको छन् । "गरिबी आदमीको कोई नही देखि छै, नेता सब भोट माँगे अवैछी", एकोटा पाइन पिस खातीर कल नही छै भनेर उनीहरु गुनासो गर्दछन् । यस कुराबाट उनीहरुमा आएको केही राजनैतिक चेतना र जागरणको कुरा थाहा हुन्छ । अचेल भाषणमा भारतीय नेता जगजीवनरामको उपमा दिएर छलफल र आफनो हक हितको लागि जनजाति जागरणको कुरा पनि गर्न थालको पाइन्छ ।

## ६.५ भाषा एवं साहित्य

यस गा.वि.स. क्षेत्रमा २० बर्ष उमेरका माथिका जम्मा १६० मुसहर जनसँख्या मध्ये १३ जना भात्र साधारण देवनागरी लिपिको नेपाली वा हिन्दी भाषा मात्र पढ्न र सामान्य लेख्न जान्दछन् । त्यसैले यस समुदायका मुसहरहरुमा लिखित साहित्यको विकास भएको देखिदैन । अलिखित र अप्रकाशित रुपमा रहेको आफना धारणाहरु, गीता, भजन, कथाका माध्यमबाट एक आपसमा भन्ने गर्नु सामान्य कुरा हो । यस जातिले बोल्ने गरेको भाषा मैथिली भाषाको विभिन्न शाखा मध्येको एक हो । यस क्षेत्रमा बस्ने हरेक जातिले मैथिली भाषा नै बोल्दछन् । त्यसैले मैथिली भाषाका थुप्रै भेदहरु भएको र ती भेदहरु बोल्ने विभिन्न जातिहरु मध्ये मुसहर जाति पनि हो । भन्ने विद्वानहरुको भनाई (गोविन्द झा- १९७४ म. ४) सान्दर्भिक देखिन्छ । मैथिली भाषाको लिपी अलग्गै छ । यो लिपी मुसहरहरुले लेख्न जान्दैनन् । यो लिपी मैथिली बाहुन र कर्ण कायस्थहरुले मात्र सिकेको र जानेको पाइन्छ तर अहिले मैथिली भाषाका यो मैथिली लिपी धेरै कम मात्र पाइन्छ । मुसहरहरुको बोली चालीको भाषा मैथिली नै हो ।

# अध्याय - सात

# मुसहर जातिको शैक्षिक अवस्था

## ७.१ मुसहर जातिको शिक्षामा सहभागिता

मानव मात्रको कल्याणका लागि नभै सम्पूर्ण प्राणीको कल्याण हेतु शिक्षा अत्यन्त आवश्यक र आधारभूत चिज हो । अतः मानवले जीवनलाई सार्थक र सक्षम बनाउन नभई नहुने कुरामा शिक्षा एक हो । शिक्षित व्यक्तिले आफनो जीवनलाई सार्थक, सक्षम र सुखमय बनाउन सक्छ । आजको प्रतिस्पर्धा युगमा त शिक्षा जीवनको लागि नभई नहुने कुरो हो । शिक्षित जनता वा श्रम शक्तिभएको देश सम्पन्न र सम्बृद्धशाली हुन्छ । जुन देशका जनता अशिक्षित र निरक्षर जनताहरुको बाहुल्यता छ । २००१ का जनगणना अनुसार २३.३ प्रतिशत मात्र साक्षर रहेको जनसँख्याको स्थितिमा शिक्षा र विकासमा भएका परिणामस्वरुप २००८ तिर आएर यो साक्षरताको प्रतिशत ३५ सम्म मात्र पुगेको (Statistical Pokect Book 2009) यसमा पनि ग्रामीण साक्षरता प्रतिशत शहरी साक्षरता भन्दा ज्यादै न्यून रहेको छ । त्यसमा पनि ग्रामीण महिला साक्षरता र विभिन्न पिछडिएका अल्पसँख्यक जातजातिहरुको साक्षरताको अवस्था ज्यादै न्यून रहेको छ । यसै परिप्रेक्ष्यमा हेमपुर गा.वि.स. क्षेत्रका मुसहर जातिको शैक्षिक अवस्था धेरै कम मात्रामा रहेको छ ।

## ७.२ मुसहर जातिमा साक्षरताको स्थिति

अध्ययनको अनुसन्धानका शिलशिलामा यस क्षेत्रका सम्पूर्ण मुसहर परिवारको घर गिन्ती सर्भेक्षणद्वारा व्यक्तिगत शैक्षिक अवस्थाको बारेमा तथ्य संकलन गरियो । यस सर्भेक्षणबाट प्राप्त नतिजा अनुसार के देखियो भने यस क्षेत्रमा २० बर्ष माथिका कूल मुसहरको जनसँख्या १६० मध्ये ३ जना मात्र साक्षर रहेको पाइयो । ३१६ कूल मुसहर जनसँख्या अनुसार साक्षरताको स्थिति ०.८७ प्रतिशत हुन आउँछ । यी साक्षर मध्ये कुनै पनि महिला छैनन् । सर्भेक्षणको सिलसिलामा कतिपय उत्तरदाताहरुले आफनो र

आफनो परिवारको उमेर बताउन पनि सकेनन । यसका लागि अध्ययनकर्ताले नै उतरदाताको उमेर अडकल गरेर गर्नु परेको थियो । यसरी हेर्दा यस गा.वि.स. का मुसहरहरु शिक्षामा ज्यादै पछाडी परेका छन् । दैनिक जीवनयापनका समस्याहरुले गर्दा मुसहरहरुलाई शिक्षा आर्जनमा सहभागि हुने अवसर प्राप्त हुन सकेन साथै शिक्षा आर्जान गर्नुपर्छ भन्ने भावना यस समुदायका मानिसमा ज्यादै कम पनि देखिन्छ । छोरा छोरीलाई पढ्न स्कूल किन नपठाएको भनी सोध्दा स्थानीय भाषाको प्रश्नोत्तर यस प्रकार थियो - "कि करबै मालिक, मालिक गरिब आदमी छी पेट भर खायला नई मिलैछै, केनाके स्कूल पठावै खातिर पढेवै" स्कूल पठा देवैत अरुके गाय, भैसी, कोना के चरेतै, गाय भैसी, नई चरेतै त खायाला के देतै? अनुवाद - (के गर्नु मालिक, गरिब मान्छेले पेटभरी पनि खान नपाएपछि स्कूल कसरी पठाउने, स्कूल पठाउँदा अरुको गाई गोरु, भैसी कसले चराइदिन र नचराएर खाना कसरी खाने) । भनेर उनीहरु भन्दछन् । यस आधारबाट हेर्दा शिक्षा आर्जन गर्ने भावना भएर पनि आर्थिक अवस्था कमजोर भएर शिक्षामा यस जातिको सहभागिता नबढेको कुरा प्रस्टिक आउँछ ।


### ७.२.१ विद्यालय जाने उमेरका र खास विद्यालय जाने गरेका मुसहर बालबालिकाहरु

यस गा.वि.स. क्षेत्रका २ वटा मुसहरी टोलहरुमा विद्यालय जाने उमेरका ५ बर्ष देखि १९ बर्ष उमेर भए बालबालिकाहरुको जम्मा सँख्या ११० रहेको छ । जसमध्ये ८ जना मात्र बालबालिकाहरु विद्यालयमा पढ्न जाने गर्दछन् । जस अनुसार विद्यालय जानबाट बन्चित मुसहर बालबालिकाहरुको सँख्या १०२ हुन आउँछ । यहाँ तालिका नं. २१ मा विद्यालय जाने उमेरका बालबालिकाहरुको उमेरगत विवरण र खास विद्यालय जाने गरेको बालबालिकाहरुको स्थितिलाई दर्शाउँछ ।

| तालिका नं. २१<br>विद्यालय जाने गरेका र विद्यालय जानबाट बन्चित मुसहर बालबालिकाहरुको विवरण तालिका | | | |
|---|---|---|---|
| **उमेर समूह** | **कूलसँख्या** | **विद्यालय जाने गरेकाहरुको सँख्या** | **प्रतिशत** |
| ५-९ बर्ष | ४८ | २ | ४.१६ |
| १०-१४ बर्ष | ३० | ५ | १६.६६ |
| १५-१९ बर्ष | ३२ | १ | ३.१२ |
| जम्मा | ११० | ८ | २३.९४ |

*स्रोत : स्थलगत सर्भेक्षण २०६६*

**विद्यालय जाने गरेका र विद्यालय जानबाट बन्चित मुसहर बालबालिकाहरुको विवरण तालिका**




**स्तम्भ चित्र नं. ९**

उपरोक्त तालिकाबाट के स्पष्ट हुन्छ भने ५ बर्ष देखि ९ बर्ष सम्मका बालबालिकाहरुको सँख्या ४८ मध्ये २ जना (४.१६ प्रतिशत), १० देखि १४ बर्ष उमेर हुनेहरुको सँख्या ३० मध्ये ५ जना (१६.६६), १५ देखि १९ बर्ष हुनेहरुको सँख्या

३२ मध्ये १ जना (३.१२ प्रतिशत) मात्र बालबालिकाहरु विद्यालयमा शिक्षा लिन स्कूल जाने गर्दछन् र बाँकी १०२ जना अर्थात ९२.७३ प्रतिशत बालबालिकाहरु विद्यालयको शिक्षा लिन नपाएका देखिन्छन् र हालसम्म अनौपचारिक शिक्षा दिने चलन यस गा.वि.स. मा लागु भएको छैन ।

### ७.२.२ विद्यालय जाने बालबालिकाहरुको तह

कुनै पनि क्षेत्रमा भएको शिक्षा विकासको परिणात्मक अवस्थाले मात्र त्यहाँको खास शैक्षिक अवस्थालाई छर्लङ्ग, पार्दैन । त्यसैले शिक्षामा आएको गुणात्मक र परिमाणात्मक अवस्थाले मात्र त्यस कुरालाई देखाउँछ । गुणात्मक सुधार वा अवस्था भन्नाले विद्यार्थीहरुले हाँसिल गरेको ज्ञान, सीप, क्षमता आदिको स्तर हो । जसलाई तहगत र कक्षागत आधारमा पनि अभिव्यक्त नै गरिन्छ । यहाँ अध्ययन गर्ने बालबालिकाहरुको तहगत स्तर प्राथमिक छ भने कक्षागत स्तर हेर्दा कक्षा, १, २ र ५ मा मात्र मससहर जातका बालबालिकाहरु अध्ययनरत रहेका छन् । यसको विवरणलाई तालिकन नं. २२ मा देखाइएको छ ।

**तालिका नं. २२**
**विद्यालय जाने मुसहर जातिका बालबालिकाहरुको तहगत विवरण**

| कक्षा | अध्ययनरत विद्यार्थी सँख्या | प्रतिशत | छात्र | प्रतिशत | छात्रा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ५ | ६२.५० | ३ | ६०.०० | २ | ४०.०० |
| २ | २ | २५.०० | १ | ५०.०० | १ | ५०.०० |
| ५ | १ | १२.५० | १ | १००.०० | - | - |
| जम्मा | ८ | १००.०० | ५ | ६२.५ | ३ | ३७.५ |

*स्रोत : स्थलगत सर्भेक्षण २०६६*

तालिका नं. २२ अनुसार के देखिन्छ भने यस क्षेत्रमा अध्ययनरत मुसहर बालबालिकाको सँख्या ८ मात्र रहेको छ । यी ८ जना बालबालिका मध्ये ६२.५

प्रतिशत छात्र र ३७.५ प्रतिशत सँख्या छात्राको छ । कक्षागत आधारमा हेर्दा कक्षा १ मा कूल विद्यार्थी सँख्या ५ मध्ये छात्र ६२.५० प्रतिशत र छात्राको सँख्या ४० प्रतिशत छ । कक्षा २ मा अध्ययनरत कूल विद्यार्थी सँख्या २ मध्ये १ छात्र र १ छात्राको सँख्या (५०/५० प्रतिशत) रहेको छ । कक्षा ३ र ४ मा अध्ययनरत मुसहर बालबालिका छैनन । कक्षा ५ मा १ जना छात्रको सँख्या रहेको छ । यस आधारबाट के देखिन्छ भने प्राथमिक शिक्षा निःशुल्क रहँदा पनि मुसहर बालबालिकाहरुको शिक्षामा सहभागिता ज्यादै न्यून रहेको र सहभागिताको तह र स्तर पनि न्यून रहेको छ । नि.मा.वि. र मा.वि. तहमा यिनीहरुको सहभागिता छैन ।

## ७.३ शिक्षामा पछि पर्नुका कारणहरु

### (क) आर्थिक अवस्था

यस क्षेत्रका मुसहरहरुको आर्थिक अवस्था ज्यादै नाजुक छ । यिनीहरुसँग कमाई खाने जग्गा जमीन छैन । त्यसैले जीवन निर्वाहको लागि अर्काकोमा ज्याला मजदुरी गर्नुपदर्छ । परिवारमा कमाउन सकनेहरुको सँख्या कम हुन्छ र एक परिवारमा केटा केटी र बुढा बुढी गरी २३ जना आश्रितहरु रहन्छन् । दैनिक ज्यालादारीमा कमाएर ल्याएको आम्दानीले परिवारका सबै सदस्यहरुलाई दुई छाक पेटभरी खान पनि धौ धौ पर्दछ । यस्तो अवस्थामा सबै सदस्यहरुलाई दुई छाक टार्न गाह्रो भै रहेको अवस्थामा बालबालिकाहरुलाई स्कूल पढाउनु भन्दा अर्काको घरमा गाईबाखा वा भैसी चराउने गोठालो राख्न वा भाँडा माज्ने काम गर्न पठाउनाले नै घरको आर्थिक संकट टर्ने हुँदा कसैले पनि केटाकेटीहरुलाई स्कूल पढ्न पठाउदैनन् । त्यसैले यस क्षेत्रका मुसहर शिक्षामा अत्यन्त पछाडि परेका छन् ।

### (ख) सामाजिक करण

समाजमा तल्लो र उपेक्षित रुपमा रहेका यी मुसहरहरुको सामाजिक स्थिति अछुत र पानी नचल्ने जातको रुपमा मानिदै आएको हुँदा, मुसहरहरु आफुलाई अन्य उच्च जातिको सरह नभएको हिनताबोधले पनि भाग्यलाई दोष दिई पढ्नु लेख्नु ठूलोजातको काम हो भन्ने विश्वासमा परेर कहिले पनि पढ्ने प्रयास गर्न चाहेनन

जसले गर्दा यहाँका मुसहर शिक्षामा पछाडि परे । शुद्रहरुले पढ्नु हुँदैन भन्ने सामाजिक रुढीवादी मान्यताले यिनीहरुलाई पनि ग्रसित पार्‍यो ।

### (ग) संघ संस्था तथा राजनैतिक चेतनाको कमी

कुनै पनि ठाउँको विकासका लागि संगठीत सक्रियताको आवश्यकता हुन्छ र यसरी संगठित भएका सामाजिक संघ संस्थालाई उचित रुपमा देश तथा समुदायले विकासका लागि परिचालन गर्ने क्षमता राजनैतिक संस्थामा हुनु पर्दछ । यसके अभावमा देशले चाहेको विकास गर्न सक्दैन । देशको सामाजिक आवश्यकता र परिस्थिति अनुकूल विकास कार्यक्रमको अभाव साथै भएका राम्रा कार्यक्रमहरुको कार्यान्वयनको अभावले गर्दा पनि विकास हुन सक्दैन । विकासको प्रवाहमा सबै बर्ग, जाति, सम्प्रदायको आवश्यकता सहभागिता हुनु पर्दछ । तर विगतका दिनहरुमा यस्तो हुनु नकसकनाका कारणले नै मुसहर जातिको अवस्था पछाडि पर्न गएको हो ।

### (घ) शैक्षिक अवस्था सुधारका लागि सुझाव

देशको चौतर्फि विकासका लागि सम्पूर्ण वर्ग, समुदाय र जात जातिको मानिसले समय सापेक्ष किसिमको शिक्षा पाउनु पर्ने तथ्य हाम्रा सामु भएको हुँदा सरकारी तथा गैर सरकारी क्षेत्रबाट समेत यस क्षेत्रमा प्रयास हुनुपर्ने देखिन्छ । त्यसैले यहाँ मुसहर समुदायलाई शिक्षामा जागरुक बनाई शिक्षा प्रतिको उनीहरुको सहभागिता बढाएर विकासका प्रतिफलहरु उनीहरुको घर दैलोमा पुर्‍याउनु पर्ने आजको आवश्यकता रहेको हुँदा यहाँ केही सुझावहरुको संक्षिप्त चर्चा गरिएको छ ।

(क) मुसहर समुदायमा शिक्षा विकासका लागि छुट्टै कार्यक्रमहरु गरिनु पर्ने ।

(ख) यस्ता कार्यक्रमहरु बाल शिक्षा, प्रौढ शिक्षा कार्यक्रम अन्तर्गत संचालन गरि निरक्षरता उन्मूलन गर्ने ।

(ग) आर्थिक रुपले पछाडि पर्नाको कारणबाट शिक्षा ग्रहण गर्न बन्चित देखिएको हुँदा यस क्षेत्रमा मुसहर समुदायमा विकास कार्यक्रमहरु

संचालन गर्ने र     यस्ता कार्यक्रमहरु आय आर्जन सिपमूलक कार्यक्रमहरुको समावेश गरिनु पर्ने ।

(घ) मुसहर समुदायमा शिक्षा विकासका लागि जनजागरण अभियान चलाउने, घुम्ति शिक्षा शिविरहरु खोल्नु पर्ने ।

(ङ) मुसहर जाति पिछडिएको वर्ग वा समुदाय भएको हुँदा पिछडिएको समुदायको हितको लागि हितकोष खडा गर्ने र जेहेन्दार मुसहर बालबालिकालाई उच्च शिक्षासम्म हासिल गर्न छात्रवृतिको व्यवस्था हुनुपर्ने । प्रत्येक विद्यालयमा मुसहर बालबालिकाको शिक्षा विकासका लागि कोटाको व्यवस्था हुनु पर्ने ।

# अध्याय - आठ

# मुसहर जातिको आर्थिक अवस्था

## ८.१ परिचय

मानव क्रियाकलापको हरेक पक्षलाई प्रभाव पार्ने पक्षले समुदायको साँस्कृतिक रीतिरिवाज चालचलन र जीवनशैली आदीमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यस गा.वि.स. मा बस्ने मुसहर समुदायको आर्थिक अवस्था हेर्दा परम्परागत जीवन निर्वाहका लागि मात्र कायम रहको छ । ती मुसहरहरुको आर्थिक अवस्थाले उनीहरुलाई दुई छाक खान र एकसरो लगाउन नपुग्ने किसिमको छ । ग्रामीण कृषि अर्थ व्यवस्थाको यो ग्रामीण परिवेशमा रोजगारका विविध अवसरहरु छैनन । सामान्य कृषि उत्पादन उपभोगसँग सम्बन्धित छ । ग्रामीण कृषिमा आधारित अर्थ व्यवस्थाको अध्ययनमा जमीन, पेशा, उत्पादन र वितरण आदि पक्षलाई नै हेर्नु पर्दछ । साथै यो ग्रामीण अर्थ व्यवस्थाको ढाँचासँग शहरी बजारमुखी अर्थव्यवस्थाको सम्बन्ध र त्यसले ग्रामीण जनजीवनमा ल्याएको परिवर्तन समेतलाई केलाउनु पर्ने हुन्छ । तर यहाँ सामान्य ग्रामीण समुदायको जीवनशैलीमा प्रत्यक्ष प्रभाव पार्ने भू स्वामित्वको विवरण, पेशा वा व्यवसाय आदिको केही चार्चा गरिन्छ ।

## ८.२ भू स्वामित्वको स्थिति

यस गा.वि.स. को क्षेत्रको मुसहर जातिको बसोवास त्यसवेला भएको हो जुन बेला यहाँ जमीन आवाद गर्न वा कमाउन प्रशस्त पाइन्थ्यो । आवादी वरिपरिका जंगलहरु फडान भै नयाँ आवादी विस्तार हुँदा मुसहर जातिहरु पनि यही रहेको बुझिन्छ । यिनीहरु सँगैका अन्य जातिहरुसँग जमीन जग्गा छ, आफानो जमीन जग्गा नभएकाहरुसँग पनि मोही जमीन अवश्य छ । तर यी मुसहरु जातिहरुसँग आफानो खास जमीन पनि छैन र मोहीको जमीन पनि दुई चार घर परिवार बाहेक अरुसँग छैन । तत्कालिन भूमि व्यवस्था अन्तर्गत जमीनदारी व्यवस्था हुँदा यहाँका मुसहर

त्यसवेलाका जमीनदार, पटबारीका चौकिदार भएको थाहा हुन्छ । तर पनि १९७० सालमा यस क्षेत्रको नापी हुँदा यी मुसहरहरुको नाम जमनीन दर्ता भएको बुझिदैन । २०११ साल र २०२२ सालमा जंगल फडानी भै बसोवास भएका नयाँ झाडोहरु पनि मुसहर जमिन प्राप्त गर्न गएनन । यहाँका मुसहरहरुले जंगल फडानी गर्ने र जग्गा दर्ता गराउने तर्फ लागेको भए यिनीहरुसँग अहिले पनि जग्गा हुनु पर्ने थियो । तर यिनीहरुसँग आफ्नो नाममा खास जमिन छैन । ग्रामीण अर्थ व्यवसायको मेरुदण्ड नै कृषि भूमि हो । यो नभए पछि ग्रामिण जीवन विपन्न हुने नै भयो । यसरी यो मुसहर जाति आर्थिक सन्दर्भमा अन्य जाति भन्दा पछाडि परेको देखिन्छ । सामान्य जीवनशैली भएको यो जातिलाई आफनो जीवनस्तर उकासी आर्थिक सामाजिक, शैक्षिक रुपबाट उच्च स्थितिमा पुग्ने आकांक्षा नै नभएको जस्तो भान हुन्छ । तर यस पछाडि उनीहरुको स्वभाव र अन्य सामाजिक आर्थिक परिस्थिति र परम्पराहरु कै हात रहेको प्रष्ट हुन्छ । जंगलबाट प्राप्त हुने फलफूल कन्दमूलहरु, ज्यालादारीबाट प्राप्त अन्नपात आदिबाट सामान्य जीवन धान्न पुग्दै आएको हुँदा "निर्वाहमा जीवन शैली" को कारण यस जातिले अन्य आर्थिक स्रोतहरु जुटाउने प्रयास नगरेको कारणले नै यस जातिहरुसँग जमीन भएन । अध्ययनको शिलशिलामा प्रत्येक मुसहर घर परिवारको सर्भेक्षणबाट प्राप्त तथ्यांकका अनुसार मुसहरहरुसँग भएको अर्थात मुसहरहरुले भोगचलन गरेको जमीनको विवरणलाई तालिका नं. २३ मा देखाइएको छ ।

| तालिका नं. २३<br>आफनो स्वामित्वमा जमीन हुने मुसहर परिवारको विवरण | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **गाउँटोल** | **जम्मा घर परिवार सँख्या** | **स्वामित्वमा जमीन हुने परिवारको सँख्या** | **जम्मा जमीन** |
| १ | डेरा मुसहरी टोल | १० | २ | ५ कठ्ठा |
| २ | रनिया मुसहरी टोल | ५० | २ | ६ कठ्ठा |
| **जम्मा** | | ६० | ४ | **११ कठ्ठा** |

*स्रोत : स्थलगत सर्वेक्षण २०६६*

उपरोक्त तालिकाबाट के देखिन्छ भने विभिन्न टोल गरी जम्मा ६० घर परिवार मुसहरहरु मध्ये चार परिवारसँग जम्मा ११ कठ्ठा जमीन रहेको छ । त्यस मध्ये डेरा मुसहरी टोलका दुई परिवारसँग ५ कठ्ठा गरी क्रमशः आफनो स्वामित्वमा जमीन रहेको छ । गाउँका बाँकी मुसहर परिवारहरुसँग आफनो जग्गाजमीन छैन र मोही जमीन पनि नभएको हुँदा खास रुपमा यिनीहरु सुकुम्वासीको अवस्थामा छन् । आफूसँग जमीन हुने यी परिवारहरुले पनि त्यसै आयस्तरबाट परिवारलाई पाल्न सकने अवस्था छैन ।

| तालिका नं. २४<br>सुकुम्वासी मुसहर परिवारले बसोवास गरेको जमीनको विवरण | | | |
|---|---|---|---|
| वडा नं. | जम्मा सुकुम्वासी परिवार सँख्या | प्रति परिवार घरवास गरेको जमीनको औसत क्षेत्रफल | जमीनको स्वामित्वको किसिम |
| ८ | ८ | ३३ धूर | ऐलानी जमीन |
| ९ | ४८ | १ कठ्ठा १७ धुर | अर्काको स्वामित्वको जमीन |
| जम्मा | ५६ | ३५ (धुर) औसत | |

*स्रोत : स्थलगत सर्वेक्षण २०६६*

बाँकी ५६ मुसहर घर परिवारहरु बसोवास गर्दै आएको जमीन सीमित रहेको र उक्त जमीनको भूवामित्व पनि उनीहरुसँग छैन । कुनै परिवार ऐलानी जग्गामा बसोवास गरेका छन् भने कुनै परिवार उरुको जमीनमा आश्रम लिएर बसेका छन् ।

उपरोक्त तालिकाबाट के देखिन्छ वडा नं. ८ डेरा मुसहरी टोलका मुसहर परिवारसँग ३३ धुर घरवासको लागि मात्र जग्गा भएको र उक्त जमीन ऐलानी रहेको छ । वडा नं. ९ रनिया मुसहर टोलका ४८ मुसहर परिवारसँग प्रति परिवार १ कठ्ठा १७ धुर घरवासको जमीन भएको र उक्त जमीनको स्वामित्व अर्काको भएको र उनीहरुको मोही हक समेत दर्ता भएको छैन ।

अर्काको जमीनमा घरवास गरि बस्ने मुसहर परिवारले उक्त जमीनवालाको खेतीपाती समयमा गरिदिनु पर्छ र काम गरेवापत ज्याला मजदुरी पाउँछन् । यसरी उनीहरुलाई घरवासका लागि जमीन दिनेहरु ठूला किसानहरु भएको हुँदा आफ्नो

जमीनमा मुसहरहरुलाई बस्न दिएका छन् । यसरी घरवापत कुनै मुआब्जा तिर्न पर्दैन तर खेतीको समयमा जन मजदुरी गरिदिनु पर्दछ भन्ने आपसी समझदारी रहेको बुझिन्छ ।

## ८.३ पेशा

यस गा.वि.स. क्षेत्रका मुसहर परिवारसँग जीविका धान्नका लागि जमीन नभएको हुँदा यहाँका सबै परिवारको मुख्य जीविकाको आधार कृषि मजदुरी नै हो । ग्रामीण कृषि अर्थ व्यवस्थामा आधारित जीवन निर्वाहको लागि मात्र उत्पादन हुने यो क्षेत्रमा औद्योगिक बजार मुखी उत्पादन र सो अनुसारको रोजगारका अबसर यहाँ प्राप्त छैनन् । यहाँ प्राप्त हुने मजदुरी कृषि मजदुरी हो । कृषि मजदुरीमा हलो जोत्ने, गाडी तान्ने, बालीनाली लगाउने, बाली थन्काउने, घाँस काट्ने बस्तु चराउने आदि नै मुख्य हुन । महिलाहरुको लागि प्राप्त हुने रोजगारहरुमा बालि रोप्ने, बालि काट्ने घाँस काट्ने, लुगाधुने, भाँडा माज्ने, बालि गोडने, घर लिपपोत गर्ने आदि हुन ।

मुसहर जातिको आफनो जातिगत पेशाको रुपमा सामाजिक रुपमा मान्यता पाएको यस गा.वि.स. का मुसहरहरु मुसासँग सम्बन्धित काम जस्तै : मुसा मार्न, मूसाको दुलो खन्नुको साथै गाउँमा मरेका गाई, भैसी, आदि चौपायाहरुलाई गाउँ वाहिर लगि निश्चित ठाउँमा फ्याक्नु पनि हो । मुसासँग सम्बन्धित कामहरु मुसहरहरुले मात्र गर्न पाउने भनि तराई क्षेत्रमा समझदारी रहेकोले यी कामहरु मुसहरहरुले मात्र गर्दछन् । जसले गर्दा यिनीहरुले अरु काम भन्दा राम्रोसँग खानाको लागि अन्न संग्रहित गर्दछन् ।

यसरी यस क्षेत्रका मुसहरहरुको अर्को काम विवाहको उपलक्ष्यमा, मलामी जाने बेला तथा अन्य शुभ मुहुर्तमा ढोलक, मादल लगायत अन्य आधुनिक बाजागाजा बजाउनु पनि हो । मुसहर मिलेर बैण्ड समूह खडा गरी आधुनिक बाजारहरु ल्याई विवाहको उपलक्ष्यमा राम्रो बाजा गाजा बजाई जन्तिहरुसँग बेहुलीको घरमा जान्छन् । यस्तो बाजा गाजा बजाई विवाहको उपलक्ष्यलाई मनोरञ्जन पूर्ण बनाए वापत राम्रो मजदुरी पाउँछन् ।

## ८.४ ज्याला मजदुरी

यस गा.वि.स. का मुसहर जातिहरु यस गा.वि.स का अन्य धनीमानी जातके खेतीपाती तथा कृषि सम्बन्धी हरेक काम गरी ज्याला मजदुरी कमाउँछन् । यस गा.वि.स. मा आषाढ, श्रावण, कातिक र मंसिर महिनामा कामको बढी चाप हुने हुँदा काम प्रशस्त पाइन्छ । बाँकी अन्य महिनाहरुमा फाटफुट मात्र काम प्राप्त हुन्छ । दिनभरी खेतमा काम गर्दा पुरुषले सुख्खा रु. ५० र महिलाले रु. ४० पाउँछन् । कामको चाप कम हुने महिनाहरुमा ज्यालाको दर झन कम हुने गर्दछ । यस प्रकार ज्याला मजदुरीको दर भाउ पनि कामको प्रकृति, समय, काम गर्ने क्षमता, कामको चाप आदिमा निभरे गर्दछ । त्यसैले कुनै बेला एक पेट खानाका लागि पनि दिनभरी काम गर्नुपर्ने हुन्छ ।

अर्काको घरमा मासिक वा बार्षिक मजदुरीका हिसावले हलो, गोठालो बस्नेहरुका लागि काम खोज्ने झन्झट पर्दैन । तर दैनिक ज्यालादारीबाट प्राप्त हुने दर भन्दा केही कम मात्र मजदुरी प्राप्त हुन्छ । १५ बर्ष भन्दा माथिको उमेरका पुरुषहरु हलीको रुपमा नोकर बसेका हुन्छन् भने सो भन्दा कम उमेरका केटाकेटीहरु गाई, भैसी चराउने गोठालोको रुपमा नोकर बसेका हुन्छन् । कामको प्रकृति अनुसार यस क्षेत्रमा प्राप्त हुने ज्याला, मजदुरीको विवरणलाई तालिका नं. २५ मा देखाइएको छ ।

| तालिका नं. २५<br>हेमपुर गा.वि.स. मा चलनमा रहेको प्रचलित ज्याला मजदुरी दररेट विवरण | | | | | |
|---|---|---|---|---|---|
| **सि. नं.** | **कामको विवरण** | **दैनिक ज्याला सुख्खा रु.मा** | **मासिक ज्याला दर (खाना खाएर) रु. मा** | **बार्षिक ज्याला खाना र कपडा समेत दिएररु. मा** | **कैफियत** |
| १ | हलो जोत्ने हली | रु. ८० सुख्खा | २४०० | ५४०० | कामको चाप परेको महिनालाई ४०० |
| २ | गाई हेर्ने गोठालो | रु. २२ खाएर | ५०० | ६००० | सरदर ५ वटा गाई सम्मलाई |
| ३ | धान रोप्ने खेताला | रु. ८२ सुख्खा | - | - | महिलालाई |
| ४ | बालि थन्काउने | रु. ८२ सुख्खा | - | - | महिला, पुरुष |
| ५ | खेत खन्ने काम | रु. ८२ सुख्खा | - | - | पुरुषलाई |
| ६ | घरको काम गर्नेलाई | रु. ५५ | १६५ | ६४०० | तोकिएको कामको लागि मात्र |

*स्रोत : स्थलगत सर्वेक्षण २०६६*

उपरोक्त तालिकाबाट यो स्पष्ट हुन आउँछ कि हलो जोत्ने व्यक्तिले सरदर सुख्खा रु. ८०, गाई, भैंसी हेर्ने गोठालाले दैनिक रु. २२ खाएर, धान रोप्ने वा बालि लगाउने महिलालले दैनिक रु. ८२, धान वा वालि थन्काउने समयमा महिलाले सुख्खा रु. ८२ र पुरुषले रु. ८२ सम्म ज्याला पाउने गर्दछन् । खेत खन्ने काममा पुरुषले सरदर सुख्खा दैनिक रु. ८० सम्म प्राप्त गर्दछ । अन्य दैनिक घरेलु काम गरे वापत महिलालाई रु. ८२ ज्याला दिने चलन छ । बार्षिक काम प्राप्त गर्ने पर्याप्त

सम्भावना करिब ४/५ महिनासम्म मात्र रहने र ज्याला दर रेट पनि कम भएको हुँदा प्राप्त मजदुरीले परिवार धान्न धौ धौ पर्ने देखिन्छ । अर्थात यस आम्दानीले गाँसबाँस, कपास, स्वास्थ्यय र शिक्षा जस्ता अनिवार्य आवश्यकताहरुको व्यवस्था हुन नसक्ने हुँदा नै यस क्षेत्रका मुसहरहरुले आर्थिक रुपले कठिन पूर्ण जीवन बिताइरहेका छन् ।

सिमित कमाइले बार्षिक जीवन धान्न नपुग्नाको कारण यहाँका मुसहरहरु अझ सस्तो ज्याला दरमा काम गर्नु अगाडी नै ऋण पैसा ल्याएर घर खर्च चलाई सकतछन् । त्यसैले उनीहरु स्वतन्त्र रुपले श्रमको माग र आपूर्ती अनुसारको प्रतिस्पर्धात्मक ज्याला दर रेट भन्दा न्यून दर रेटमा काम गर्न बाध्य हुन्छन् । त्यसैले उनीहरु स्वतन्त्र प्रकृतिका मजदुरहरु भएर पनि बधुवा प्रकृतिका मजदुर हुन पुगेका छन् । साहुकहाँबाट ल्याएको ऋण रकम तिर्न उनीहरु कम दरमा पनि काम गर्न बाध्य हुन्छन् । एकातिर कम मजदुरीले गर्दा जीवन धान्न मुस्किल छ भने अर्को तिर बार्षिक काम प्राप्त गर्ने अवसरहरु कम रहेको कारण ऋण ल्याएर खानु पर्ने हुन्छ । ऋण तिर्न उनीहरुले कम दरमा काम गर्नुपर्ने पनि हुन्छ । यसरी यहाँका मुसहर स्वतन्त्र रुपबाट काम खोज्न गाउँ छाडि अन्यत्र जान सक्दैनन र पुर्खौ देखि एउटै घर परिवारको काम गरेर हलो, गोठालो, भएर जीवन विताई रहेका छन् ।

## ८.५ पशुपालन

यस गा.वि.स. क्षेत्रका मुसहर ज्याला मजदुरी बाहेक पशुपालनबाट पनि केही सिमित मात्रामा आय आर्जन गरेको देखिन्छ । यस क्षेत्रका जम्मा ६० मुसहर परिवार घर मध्ये पशुपालन गर्ने परिवार र पशुहरुको विवरण तथा सँख्यालाई तालिकन नं. २६ मा देखाइएको छ ।

| तालिका नं. २६<br>मुसहर परिवारमा पशुपालन सम्बन्धि विवरण | | | | |
|---|---|---|---|---|
| सि.नं. | पशुविवरण | पशु सँख्या | पशुपालन गर्ने परिवार सँख्या | प्रतिशत |
| १ | सुंगुर | १७ | ११ | १५.७१ |
| २ | कुखुरा | १०७ | ३५ | ५१.०० |
| ३ | हाँस | ३५ | ११ | १५.७१ |
| ४ | गाई | ७ | ४ | ५.७१ |
| ५ | बाखा | ३२ | १५ | २१.४२ |
| ६ | हल गोरु | २ | १ | १.४२ |

*स्रोत : स्थलगत सर्वेक्षण २०६६*

उपरोक्त तालिकाबाट यस गा.वि.स. को कूल ६० मुसहर परिवारहरु मध्ये १५.७१ प्रतिशत परिवारले सुंगुर पालन गरेको, २१.४२ प्रतिशत परिवारले बाखा पालन गरेको । ५.७१ प्रतिशत परिवारले गाई, बाछा) पालन गरेको, ५० प्रतिशत परिवारले कुखुरा पालन गरेको, १५.७१ प्रतिशत परिवारले हाँस पालन गरेको र १.४२ प्रतिशत परिवारसँग मात्र १ हल गोरु रहेको देखिन्छ । यसबाट के थाहा हुन्छ भने कुखुरा पालन व्यवसायमा मुसहर परिवार बढि आकर्षित भएको र दोस्रो, तेस्रो स्तरमा बाखा र सुँगुर पालन देखिएको हुँदा यस क्षेत्रमा सामुहिक ऋण प्रदान गरेर मुसहर परिवारमा पशु व्यवसायबाट आय आर्जन बढाउन सक्ने सम्भावना रहको छ ।

## ८.६ सीपमूलक व्यवसाय

यस गा.वि.स. क्षेत्रका मुसहर जातिहरुले गर्ने गरेको पेशामा मुख्य कृषि, मजदुरी र केही पशुपालन पनि देखिन्छ । यस बाहेक यस क्षेत्रका मुसहरहरुमा अन्य आय आर्जन गर्ने सीपमुलक अन्य व्यवसाय भएको देखिदैन । एकजना मुसहर परिवार

तथा उसको कै आफन्तहरु मात्र जुत्ता, चप्पल बनाउने, मर्मत गर्ने जस्ता कामहरु गर्दछन् । यस पेशाबाट निजहरुलाई गाउँघरमा कुनै खास फाइदा नभएको देखेर केही जना गाँउ बाहिर शहरमा गई आफनो जुत्ताको व्यवसाय गर्न थालेको छन् । सीपमुलक तालिम लिन्छौ कि भनी प्रश्न गर्दा ५०-६० प्रतिशत युवक मुसहरहरुले त्यस्तो तालिम पाएमा लिने मनसाय व्यक्त गरे ।

## ८.७ हेमपुर गा.वि.स. का मुसहरहरु आर्थिक रुपले पछाडि पर्नुका कारणहरु

बास्तवमा भन्ने हो भने कुनै पनि राष्ट्रको समुदाय वा जातिको समूचित विकास उसको आर्थिक उन्नतिमा निर्भर गर्दछ । आर्थिक उन्नतिले हुनमा र नहुनमा त्यस समाजमा वा समुदायसँग भएको स्रोत साधन, सीप, प्रविधि, उत्पादन र वितरणका व्यवस्थामा निर्भर रहन्छ । त्यसैले यहाँका मुसहर जातिहरु आर्थिक रुपले पछाडी पर्नुका कारणहरु मध्ये निम्न तत्वहरु विद्यमान रहेको देखिएको हुँदा यहाँ संक्षेपमा प्रस्तुत गरिन्छ ।

### (क) शिक्षा र चेतनाको कमी

यहाँका मुसहर जातिहरु शिक्षामा ज्यादै पछाडि परेका छन् । शिक्षाले ल्याउने चेतना, जागरण यी मुसहरहरुमा आउने सकेको छैन । परम्परागत जातिवाद सोचाईले गर्दा यिनीहरु अन्य जातिसँग प्रतिस्पर्धा गर्न सकेनन । भाग्यलाई दोष दिए तर प्रयास गरेनन । जसले गर्दा यिनीहरुसँग जमीन जग्गा हुन सकेन । जातिय स्वभावले गर्दा समुह छोडेर राम्रो व्यवसायको खोजीमा अन्यत्र गएनन । दुःख सुख एउटै ठाउँमा र आफनै समूहमा नै विताइ रहे । शिक्षा मात्र लिइदिएको भए यिनीहरुमा नयाँ जाँगर, आँट सीप, विचार आउने थियो । झोडा जङ्गल खुलेको समयमा झोडामा जग्गा प्राप्त गर्न जान्थे, भूमिसुधार लागु हुँदा मोही दर्ता गराउँथे । नयाँ अन्य पेशा व्यवसायको खोजी गर्दथे । तर त्यो भएन र मुसहर आर्थिक रुपले पछि परि नै रहेका छन् ।

### ख)     बैकल्पिक पेशा एवं सीपको अभाव

यहाँका मुसहरहरुको कृषि मजदुरी बाहेक अन्य बैकल्पिक पेशा र सीप जानेका छैनन । उनीहरु केबल ग्रामीण कृषि मजदुरी गर्न जान्दछन् । यिनीहरुमा डकर्मी, सिकर्मी, सूचिकार आदि कुनै सीपको ज्ञान छैन ।

### (ग)     ग्रामीण पछौटेपन उन्मूलन गर्ने कार्यक्रमको अभाव

देशमा जति पनि विकासका कार्यक्रमहरु संचालन भए त्यसको फाइदा पहुँच हुनेहरुले मात्र पाए । आर्थिक सामाजिक रुपले पछाडि परेका वर्ग वा जाति समूह पहुँचवाला वर्ग वा समुदायको प्रतिस्पर्धामा आउन सकेन । जसले गर्दा विकासको प्रतिफल पहुँचवालाहरुकोमा नै गयो । विकासको लक्षित समूह सँधै उपेक्षित र पछाडी नै रहिरहयो ।

### (घ)     सरल जीवनशैली र प्रतिस्पर्धाको अभाव

यस क्षेत्रका मुसहरहरुको जीवनशैली सरल छ । एकछाक पेटभरी खान पाए भने वितेका दुःखका दिन विर्सिहाल्छन् । केही राम्रो आर्जन भएको समयमा पूँजी बचन गर्नुभन्दा गाँजा, रकसी, खाएर भएको पैसा पनि सक्छन् । उनीहरुको आफनो समुदाय भित्र प्रतिस्पर्धाको अभावले गर्दा उनीहरुमध्ये कसैले पनि उन्नतशील जीवनशैली बनाउने जाँगर चलाएको पाइदैन ।

### (ङ)     मुसहरहरुको उत्पादनमा उत्पादकत्व कम हुनु

अधिकांश मुसहरहरु हली, गोठालो, ज्याला मजदुरी गरेर जीवन धान्दछन् । तर यिनीहरुले प्राप्त गर्ने दैनिक आय मजदुरी ज्यादै न्यून छ । यसकारणले गर्दा मुसहरहरुले आफनो आर्थिक उन्नतिलाई सुधार गर्न थप लगानी गर्न सक्ने क्षमता भएन । यसकारण यिनीहरुको आय आर्जन बढ्नुको सट्टा घट्न तिर जान थाल्यो । परिवार बढ्दै गयो, महंगी बढदै गयो । आवश्यकता बढ्दै गयो । तर आय त्यस अनुपातमा बढ्न सकेन । त्यसैले यिनीहरु आर्थिक रुपले पछाडि नै रहे ।

## ८.८ आर्थिक अवस्था सुधारका लागि सुझाव

यस हेमपुर गा.वि.स. मा बस्ने मुसहर जातिको आर्थिक अवस्था र जीवनस्तर कमजोर छ भन्ने कुरामाथि उल्लेखित शिर्षकहरुले केही स्पष्ट पारिसकेको छ । यस्तो आर्थिक अवस्था किन रह्यो भनी सोद्धा यिनीहरु आफुसँग जग्गा जमीन नहुनु, शिक्षा नहुनु, कम ज्याला मजदुरी पाउनु, अन्य व्यवसायको अवसर नहुनु, आदि कारण समेत देखाउँदै भाग्यलाई दोष दिने गर्दछन् । सरकारले वा कुनै संस्थाले शिक्षामा, सीप विकासमा, ऋण लगानीमा अवसरहरु पुऱ्याएको अवस्थामा सहभागि हुने विचार पनि व्यक्त गर्दछन् । यसै आधारबाट यहाँ यस क्षेत्रका मुसहर जातिको आर्थिक उन्नतिका लागि संचालन गरिनु पर्ने केही कार्यक्रमहरुका बारेमा संक्षेपमा सुझाव दिइन्छ ।

(क) अर्काको जमीनमा बसोवास गर्ने मुसहर परिवारका नाममा उनीहरुको बसोवास गर्दै आएका जीमन दर्ता गराई भू-स्वामित्व प्रदान गर्नु पर्ने ।

(ख) अर्काको जमीनमा घरवास गर्ने मुसहर परिवारलाई स्थायी बसोवासको लागि स्थायित्व प्रदान गर्न उनीहरुले बसोवास गरेको जमीनको मोही दर्ता गराउने वा जमीन मुसहर परिवारको नाममा दर्ता गराउन ऋण उपलब्ध गराई किस्तामा चुक्ता गर्दै जाने आधारमा जमीन उपलब्ध गराउने ।

(ग) मुसहर समुदायको विकासका लागि आय आर्जन सीपमूलक व्यवसायी तालिमको व्यवस्था गरी घुम्ति शिविरहरु सचालन गरिनुपर्ने ।

घ) अधिकांश मुसहर प्रौढहरुको निरक्षरता उन्मूलन गर्न सीपमूलक निरक्षरता उन्मुलन कार्यक्रम संचालन गरी सबैलाई सहभागि बनाउने ।

(ङ) मुसहर बालबालिकाहरु मध्ये जेहेन्दार बालबालिकाहरुलाई उच्च व्यवसायक शिक्षा प्रदानका लागि छात्रवृत्तिको कुनै छुट्टै कोषको व्यवस्था गरिनु पर्ने ।

(च) ग्रामीण ज्याला मजदुरीको न्यूनतम दर भाउ तोकिनु पर्ने सो लागु भए नभएको निरीक्षण गर्ने व्यवस्था हुनु पर्ने, लागु नभएमा स्थानीय प्रशासन र उपभोक्ता समितिको सहभोगमा लागु गर्ने ।

(छ) मुसहरहरुको सामुहिक जमीनमा कुनै धितो नराखी पशुपालन र अन्य साना आय आर्जन व्यवसायका लागि न्यूनतम ब्याजदर ऋण उपलब्ध गराउने व्यवस्था गरिनु पर्ने ।

# अध्याय - नौ

# सारांश, उपसंहार एवं सुझाव

## ९.१ सारांश

मैले आफनो अध्ययन शिर्षकलाई जम्मा नौ अध्यायमा प्रस्तुत गरेको छु । जस अन्तर्गत पहिलो अध्याय अन्तर्गत विश्व परिवेशमा नेपालको अवस्थित र जीवको उत्पतिका बारेमा हालसम्म भएका खोज अनुसन्धान र सभ्यताको विकास र विस्तारलाई नेपाली धरातलमा पहिल्याउन छोटो चर्चा गरिएको छ । जस अनुसार १ करोड दशलाख बर्ष अगाडीबाट नै नेपाली भू-धरातलमा मानव पुर्खाको बसोवास भएको कुरा बुटबलको तिनाउ खोलामा भेटिएको “रामपिथेकस” को बगारा पाइएबाट प्रस्ट हुन्छ । त्यसैले यस भू-खण्डलाई मानव उत्पति र सभ्यता संस्कृतिको प्राथमिक थलोका रुपमा मान्न सकिने देखिन्छ । मानव जीवन अनुकूल प्राकृतिक स्रोत सम्पदा भएर नै उत्तर, पूर्व, पश्चिम, दक्षिण चारै तर्फबाट विभिन्न जाति प्रजातिका मानिसहरु यस क्षेत्रमा आई बसोवास गर्ने क्रम प्राचिन कालबाट नै हुँदै आएको हुँदा यस भू-खण्डमा विभिन्न जाति प्रजातिका मानिसहरुको बसोवास बढ्दै गएको देखिन्छ । उत्तर पूर्वी पहाडी श्रृंखला पार गरी आउने किराँत, मंगोल जाति र पश्चिम दक्षिणको पहाडि क्षेत्र र जङ्गल पार गरि आउने आर्य खस जातिहरु आफु अनुकूलको परिस्थितिमा संधैको सँगसँगै बसाई, आपसको परस्पर आर्थिक, सामाजिक र सांस्कृतिक सम्पर्कले एक अर्कामा प्रभवित हुन पुगेका छन् । सहअस्तित्वको बोधले जन्माएको एकिकृत भावनाले हामीलाई सिंगो नेपालीपनको राष्ट्रिय भावनामा गुथेको हुँदा आज हामी विविध फूलहरु एउटै मालामा आबद्ध छौं ।

यसै आबद्धता भित्र मुसहर जातिक पहिचान गर्न खोजिएको छ । नेपाली सामाजिक अतिवादी संरचनामा मुसहर जातिहरुको स्थितिलाई प्रथम अध्यायमा, छलफलद्वारा खोजी गर्ने प्रयास गरिएको छ । यसै गरी अध्याय दुईमा नेपाली समाजको विविधता बीचको एकतामा मुसहर जातिके अध्ययनको सैद्धान्तिक एवं व्यवहारिक महत्व छ ।

राष्ट्रिय विकासको मूल प्रवाहमा, यस जातिको स्थितिलाई आवश्यकताअनुसार परिचालन गर्नुपर्ने आजको आवश्यकता भएको छ । वर्तमान स्थितिमा सामाजिक आर्थिक अवस्थाको सर्भेक्षण सहित अध्ययन गर्ने क्रममा सान्दर्भिक स्रोतहरुबाट सिंहावलोकन गर्दा यस जातिको वृहद बसोवास नेपाल वाहेक छिमेकी देश भारतको विहार र उत्तर प्रदेशका ग्रामीण इलाकाहरुमा पनि रहेको पाइन्छ । यहाँ यिनीहरुको जीवनशैली घुमन्ते र कृषि मजदुरी गर्ने एउटा दलित जनजातिको रुपमा देखिन्छ ।

तेस्रो अध्यायमा, अध्ययन विधि अन्तर्गत अध्यापनका लागि सर्लाही जिल्लाको हेमपुर गाउँ विकास समिति छनौट र परिचय पस्तुत गरिएको छ । हेमपुर गा.वि.स.मा रहेका २ दुई वटा मुसहर टोल र साठी (६०) घर परिवारलाई समग्र (Census) का रुपमा लिई गुणात्मक तथ्यहरुको संकलनका लागि मात्र सूचनादाताहरुलाई उद्देश्यमूलक नमूना (Sampling) रुपमा लिइएको छ । यस अध्ययनमा प्रस्तुत सूचनाहरुका स्रोत प्राथमिक र बैयक्तिक दुवै छन् । अवलोकन प्रविधिको अधितम प्रयोग गरिएको छ । समग्रमा भन्दा यो अध्ययन योजनाको स्वरुप खोजमूलक एवं बर्णनात्मक भएको र एउटा जाति विशेषको सामाजिक सांस्कृतिक एवं आर्थिक अवस्थाको अध्ययन बर्णन हो ।

चौथो अध्यायमा, विविध भू-प्राकृतिक एवं जातिगत ग्रामिण अवस्थिति भित्रको सामाजिक आर्थिक परिवेशमा मुसहर जातीलाई पहिल्याउदै हेमपुर गा.वि.स. क्षेत्रको परिचय प्रस्तुत गरिएको छ । ६०९३ जनसंख्या भएको तराईको ग्रामीण कृषि अर्थव्यवस्था र विकासको सिमित प्रवाहमा अगाडी बढ्दै रहेको यो हेमपुर गा.वि.स. क्षेत्रको जनजीवनमा पहाडी क्षेत्रबाट वसाई सरी आएका जातीहरु र तराईका दक्षिण पश्चिम तर्फबाट बसाई सरी आउने शाह, यादव, ब्राह्मण, तेली, चमार, धानुक आदि जातीहरु तथा यहाँका थारु, राजवंशी आदि जातीहरुसँगसँगै विविधतामा सहअस्तित्वको बोध सँगै एकताको समष्टि सामाजिक व्यवस्थामा कृषि व्यवसाय गरेर वसोबास गरेका छन । यस गा.वि.स. मा साना ठूला गरी टोलहरुमध्ये दुईवटा मुसहरी टोलहरु छ । सबै जातजातीहरु विविध सांस्कृतिक परम्परा र चालचलनको सम्पर्क भित्र रहेर पनि आफ्नो पुर्ख्यौली चलन र संकारगत व्यवहारद्वारा जीवन धानी

रहेको पाइन्छ । आर्थिक विकासका सन्दर्भमा हेर्दा यहाँ दुःख जिउने गरी जीवन धान्ने धेरै परिवार र वर्षभरी एकछाक खान र लाउन पुग्ने सिमीत परिवारहरु बसोबास गर्दछन् ।  कृषि मुख्य पेशा भएपनि सामान्य ग्रामिण व्यापार र व्यवसाय पनि चलेको छ ।

पाचौं अध्यायमा, जीविकाको लागि कृषि मजदुरी, हली, गोठालो सीवाय अन्य विकल्प नभएका यहाँका ६० घर मुसध परिवारहरु  सामाजिक सांस्कृतिक एवं आर्थिक रुपबाट समेत दलित जनजातीको रुपमा हीन मनोभावना र दयनीय जीवन शैलीमा यस गा.वि.स. का मुसहर आफ्नो जातिगत संगठित बसोवासमा परम्परागत चालचलन संस्कारहरुलाई अँगाल्दै एउटै सामूहिक भावना भित्र ग्रामिण झोपडीमा गरिवीका एक ज्वलन्त नमूना बनेर बसोबास गर्दै आएको छन् ।

सामाजिक आर्थिक दीनहीनता विच अशिक्षा र एक छाक खान र लाउने धौ-धौ को जीवन विताइरहेको यहाँका मुसहरहरु आफ्नो प्रचलित विश्वास र धारणा अनुरुप मान्दै आएको देवदेवीको पूजाआजा गर्दछन् । यिनीहरुले ब्रह्मा, गणेश, पार्वती, आदिलाई पनि मान्दछन् । जातीवादी हिन्दु सामाजिक व्यवस्थामा यस जातीको स्थान पानी नचल्ने अछुत जातको रुपमा छ । सरल र सोझा प्रकृतिका यहाँका मुसहरहरु मैथिली भाषाको थुप्रै भेदहरु मध्येको एक भेदको भाषा बोल्छन् । निरक्षर र यहाँ मुसहर अभिभावका प्रायः सबै बालिकाहरु निःशुल्क प्राथमिक, नि.मा.वि., मा.वि. शिक्षा हुँदा पनि विद्यालयमा शिक्षा पाउनबाट बञ्चित छन । छठौं र सातौ अध्यायको प्रस्तुतीले यसै कुरालाई देखाउँछ ।

यहाँ मुसहरहरुको मुख्य जीविकाको आधारमा न्यून कृषि मजदुरी, हलो, गोठालो नै हो । आफ्नो घरवासको सीमित जमिन पनि आफ्नो अधिकारमा नभएका यी मुसहर परिवारहरु अन्य कुनै आयमूलक सीपको अभावमा भाग्य भरोसामा बाँची रहेको कुरा आठौं अध्यायले देखाउँछ ।

नौं अध्यायमा, यहाँका मुसहरहरुको वास्तविक सामाजिक आर्थिक अवस्थाका बारेबाट देखा परेको स्थितिलाई अध्ययनको निष्कर्ष र तथ्यका रुपमा संक्षेप बताइएको छ र यिनीहरुको विकासका लागि सुझाव दिइएको छ ।

## ९.२ उपसंहार

मैले मेरो अध्ययनको क्षेत्र सर्लाही जिल्लाको हेमपुर गा.वि.स. क्षेत्र भित्र रहेका मूख्य रुपले मुसहर जाती समुदायको सामाजिक तथा आर्थिक व्यवस्थाको झल्काउने प्रयास गरेको छु यस अध्ययन अन्तर्गत यस गा.वि.स. मुसहर जातीको सामजिक सांस्कृतिक, आर्थिक एवं शैक्षिक अवस्थालाई चिनारी गराउने प्रयास गरिएको छ । कुनै पनि समाजको समूदायको सामाजिक, सांस्कृतिक, आर्थिक एवं शैक्षिक अवस्थाको सुक्ष्मतम, अध्ययन गर्नु जटिल र व्यापक विषय भएको हुँदा यहाँ उक्त विषयलाई संक्षेपमा नै प्रस्तुत गरिएको छ । जेहोस, राष्ट्रिय जीवनको व्यपकता भित्र रहेर यो मुसहर जातीहरुको यो अध्ययनले पनि केही महत्व राख्नेछ भन्ने ठान्दछु ।

यस अध्ययनको प्रथम अध्यायमा, अध्ययनको पृष्ठभूमि एवं परिचयमा नेपाली समाजको संरचनामा जातीवादको उदय र सामाजिक व्यवस्था त्यसको विकास र सन्दर्भमा यस अध्ययनको महत्व, उद्देश्य तथा मुसहर जातीको ऐतिहासिकताको खोजीका लागि सान्दर्भिक सिंहावलोकन गरिएको हुन्छ । दोस्रो अध्यायमा, यस अध्ययनलाई बस्तुनिष्ठ र वैज्ञानिकता प्रदान गर्न अपनाइएको पद्दति एवं सीमाहरुलाई प्रष्ट्याएको छ । जसमा त्यस देशका विविध जातीहरु मध्ये तराई प्रदेशमा रहेको यो मुसहर जनजाती (tribes) पनि एक हो । र क्षेत्रगत विवरणका आधारमा यो जाती नेपालको पूर्वी तराई क्षेत्र र मध्ये तराई क्षेत्रका विभिन्न ग्रामीण क्षेत्रमा छरिएर रहेको छ । आफ्नो जाती समुदाय भित्रको सामाजिक दायरामा विकसित र विस्तारित यो जनजाती हिन्दु सामाजिक व्यवस्था जातीवादी परम्परामा बाँधिएर रहेको नेपाली सामाजिक संरचना भित्रको एउटा धरोहर हो । यस जातीलाई घुमन्ते जीवन बिताउने खालको जात यसभन्दा अघिको अध्ययनमा भनेको यस पनि हाल वर्तमानमा यो जाती त्यस्तो खालको छैन । हालको मुसहर जाती ग्रामीण कृषि

व्यवसाय अन्तर्गत कृषि मजदुरी, छाला तथा जुत्ता मर्मत गरी जीवन निर्वाह गर्दछन् । परम्परागत रुपबाट सामाजिक आर्थिक पछौटेपनका कारणले दलित जातिको रुपमा चिनिएको यस जातिको विस्तृत अध्ययनको आवश्यकता र महत्वलाई प्रधानता दिई यो अध्ययनको सान्दर्भिकता देखिएको  हो । यस अध्ययनको तेस्रो अध्याय अन्तर्गत, नेपाली ग्रामीण जीवनको भौगोलिक सेरोफेरोमा व्यवस्थित यहाँको सामाजिक आर्थिक र शैक्षिक विकासको सिंहावलोकन गरी यस क्षेत्रका मुसहर जाती अध्ययनको मुख्य उत्सुकतालाई अन्य थप चार अध्याय अन्तर्गत समेट्ने प्रयास गरिएको छ ।

यस गा.वि.स. क्षेत्रका रनिया मुसहर जातीको सामाजिक, सांस्कृतिक अवस्था अन्तर्गत गरिएको अध्ययन अनुसार यिनीहरको जनसंख्या, अल्पसंख्यामा छ । परम्परागत संयुक्त परिवार प्रथाबाट एकात्मक पारिवारीक ढाँचामा, पितृसत्तात्मक नातेदारी र सोही अनुरुप नारीको स्थान कायम भएको पारिवारीक संगठनको संरचनामा आफ्नो समुदायको मुलीको (मरर) नेतृत्वदायी सामाजिक संगठन अनुरुप धुमन्ते जीवनको परिणाम स्वरुप भू-स्वामित्व विहिन आर्थिक, पछौटेपनको साथै हिन्दु सामाजिक स्तर भित्र दलित र तल्लो स्तरको जाति भएको कारण गरिवी र दलित जीवनयापन गर्न विवश यो जातीले परिवर्तनशील आर्थिक, सामाजिक, परिवेशमा ग्रामीण कृषि मजदुरी पेशा बाट बसोबासमा स्थायित्व कायम गरी घुमन्ते जीवन  निर्वाहको जीवनशैली बदलेर परम्परागत बसोबास, खानपान, मनोरञ्जन, प्रचलित विश्वास धारणा, धर्म, देवदेवी पुजा आजा र संस्कारहरु मान्दै आएको देखिन्छ । भूमिहिन कृषि मजदुरीको आर्थिक अवस्थामा सहायक पेशाका रुपमा पशुपालन पेशालाई पनि अपनाएको र आर्थिकसामाजिक रुपबाट पछि परेकै कारण शिक्षा एवं विकासको नयाँ संरचनामा हाल सम्म पनि समाहित हुन सकेको छैन । सान्दर्भिक साहित्यको सिंहावलोकन र यस अध्ययनको निष्कर्षमा यो भन्न सकिन्छ कि यस क्षेत्र मुसहरहरु जीवन निर्वाहको क्रममा भारतको सिमावर्ती क्षेत्र विहार र उत्तर प्रदेश क्षेत्रका ग्रामीण क्षेत्रबाट लगभग आजभन्दा तीनसय वर्ष अगाडीबाटै यो जाती नेपालको दक्षिणतिरबाट प्रवेश गरी तराईको विभिन्न क्षेत्रमा बसोबास गर्न

आइपुगेको हुँदा हाल पनि महोत्तरी, धनुषा सर्लाही, सप्तरी सुनसरी, मोरङ जिल्लाको ग्रामीण क्षेत्रमा यस जातीको बसोबास पाइन्छ । यस क्षेत्रमा यो जातीको बसोबास एक डेढ सय वर्ष अगाडीबाट नै भएको हो । एउटा वंश समूहबाट छुट्टिदै अलग्गिदै विस्तारित हुँदै यस क्षेत्रमा बसोबास गर्ने यो जाती अन्तरजातीय विवाह समूहमा आधारित जाति हो । यो जातीले पुजाआजा गर्ने आ-आफ्नै प्रकारका देवदेवी पुज्ने मान्ने चलन भएपनि हिन्दु जातीवादी सामाजिक व्यवस्थामा समाहित भैसकेको हुँदा हिन्दु देवदेवीहरुलाई उत्तिकै आस्था र विश्वासका साथ गच्छे अनुसार पूजा गर्ने, आस्था राख्ने गर्दछन् । हिन्दु आदर्श र मूल्य मान्यता यस मुसहर जातीका आदर्श मुल्य मान्यतामका विकासित भैसकेका छन् । परम्परागत पितृसत्तात्मक पारिवारिक ढाँचा र नातागोतामा परम्परागत नेतृत्वमूलक सामाजिक संगठित संरचनामा आवद्ध यो जाती सिंगो नेपाली सामाजिक ढाँचाको अंगको रुपमा रहदै अँएको देखिन्छ । बढ्दो विभिन्न जातीय अन्तरक्तिया र समिश्रणको सामाजिक ढाँचा र आधुनिक परिवर्तनको अवस्थाले यस जातीको परम्परागत जीवनशैली र ढाँचामा परिवर्तन ल्याउने र प्रभाव पार्न पनि थालेको छ ।

"कनौगिया" र "तिरहुतिया" गरी दुई समूहबाट विस्तार हुँदै आएको गा.वि.स. क्षेत्रको मुसहर जातीले आफूलाई "तिरहुतिया" गोत्रमूलको मुसहर जाती मान्दछन् । "कनौजिया" गोत्र भएका मुसहरहरुलाई आफू भन्दा तल्लो सामाजिक स्तरको ठान्दछन् । भूत, प्रेत, मसान, बोक्सी (डायन) मा विश्वास राख्ने यो मुसहर आफ्नो मुख्य कुल देवताको रुपमा "दिनाभद्री" को पुजा गर्दछन् । यिनीहरु आफ्नो देवतालाई रक्सी, मासु पनि चढाउँछन् । यिनीहरु पनि मासु र रक्सी खाने गर्दछन् । सर्लाही जिल्लामा "कनौजिया" लाई "ढांगर" र "तिरहुतिया" लाई माझी भनिन्छ । तर यस गा.वि.स. का मुसहरहरु माझी गोत्रका ढागर तल्लो स्तरको मुसहरहरु हुन । माझी मुसहरहरुले ढांगर, भोजभतेर र विवाह हुदैन । जुन यस जिल्लामा थोरै छन् ।

यस जातीमा आफ्नै जाती समुदायबाट पुरोहित रहने गर्दछन् । आजकल विभिन्न संस्कारहरु सम्पन्न गर्नका लागि हजामलाई बोलाउने गरेको देखिन्छ । मध्य तराईका

सर्लाही, महोत्तरी क्षेत्रमा बसोबास गर्ने मुसहरहरु र पूर्वी तराई सुनसरी जिल्लाका मुसहरहरुको चालचलन र व्यवहारमा केहि भिन्नता रहेको पाइन्छ ।

यस गा.वि.स. क्षेत्रका अन्य जातीहरुको तुलनामा अल्पसंख्यामा रहेको यस जातीको विकास प्रति सहभागिता हेर्दा शिक्षामा ज्यादै पछाडि परेको र आर्थिक पछौटेपनका कारण अन्य स्वास्थ्य, सरसफाई, पिउने पानी आदिका भौतिक सुविधामा पनि यो जाती ज्यादै पछाडि पर्न गएको देखिन्छ । जीवन निर्वाहका लागि कृषि मजदुरीमा निर्भर रहेको हुँदा दई पेट राम्ररी खान र एकसरो अंगमा कपडा लगाउन धौ-धौ पर्ने यस जातीको विकासका लागि विभिन्न कार्यक्रमहरु संचालन गरेर यस जातीको सामाजिक, सांस्कृतिक, शैक्षिक र आर्थिक अवस्थाको उन्नती गरी अन्य जाती समान यस जातीलाई पनि विकासको राष्ट्रिय प्रवाहमा समाहित गराउनु पर्ने आजको आवश्यकता रहेको छ र आर्थिक रुपले ज्यादै पछाडि परेका यस जातीको उन्नतिका लागि छुट्टै कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ । समान अवसर पाएको खण्डमा अन्य जाती सरह आफ्नो आर्थिक सामाजिक, सांकृतिक स्तरलाई माथि उठाउन सक्ने हुँदा देशको विभिन्न ठाउँमा छरिएर रहेका मुसहरहरुको विशेष र गहन अध्ययन गरी, अध्ययन सुझाव अनुसार यिनीहरुको अवस्था सुधार गर्न र सामाजिक सांस्कृतिक पक्षको संरक्षण र सम्बर्धनका लागि समुचित कदम चालिनु पर्दछ । यसका लागि शिक्षाको मुख्य हात यसको हुँदा मुसहर समुदायमा शिक्षा विकासका लागि कार्यक्रमहरुको राष्ट्रिय स्तरमै तर्जुमा हुनुपर्ने देखिन्छ । यसका साथै आर्थिक अवस्था सुधारका लागि अल्पकालिन र दिर्घकालीन योजना बनाई एकीकृत सामूदायिक ढाँचाका कार्यक्रमहरु बनाई मुसहर समूदायमा संचालन गरिएमा यस जातीको उचित संरक्षण र विकास हुने देखिन्छ । नेपालमा यस जातीको बारेमा अधययन अनुसन्धान हुनुपर्ने धेरै क्षेत्रहरु छन् । भारतमा पनि मुसहरहरु व्यापक रुपमा रहेको हुँदा त्यहाँ भएका अध्ययन अनुसन्धानका आधारमा यहाँ पनि अध्ययन गरी उनीहरुमा देखिएको विविध परिवर्तनका बारेमा प्रकाश पार्न सकिने अवस्था विद्यमान रहेको छ ।

## ९.३ सुझाब

यस अध्ययनका अध्यायहरुमा मुसहर समूदायको बर्तमान अवस्थाका बारेमा देखिएका तथ्यगत आधार अनुसार यस समुदायको विकासका निमित्त सरकारी र गैर सरकारी संस्थाहरुले खेल्न सक्ने भूमिकाहरुलाई यहाँ संक्षेपमा सुझाव स्वरुप प्रस्तुत गरिन्छ ।

- राष्ट्रिय स्तरका दीर्घकालीन एवं अल्पविकसित कार्यक्रमको तर्जुमा गर्ने ।
- सीपमूलक प्रौढ शिक्षा कार्यक्रम संचालन गर्ने ।
- बाल शिक्षा (शिक्षा सदन) कार्यक्रम योग्य शिक्षकद्वारा गाउँ गाउँमा नै संचलान गर्ने ।
- छात्रवृत्तिको व्यवस्था गरी पोशाक र पाठ्य सामग्री समेतको व्यवस्था गर्ने, क्षमता र चाखको आधारमा व्यवसायिक शिक्षा दिने प्राविधिक शिक्षालयहरुमा कोटा तोक्ने ।
- मुसहरहरुको बस्ती-बस्तीमा निःशुल्क स्वास्थ्य शिविरहरु नियमित संचालन गर्ने ।
- मुसहर समूदायको विकासका लागि विना धितो सामूहिक जमानीमा वित्तिय सुविधा उपलब्ध गराउने ।
- मुसहरहरुलाई बसोबासको लागि जमीन जग्गाको स्थायित्व र अधिकार प्रदान गर्ने, सामुदायिक बसोबास कार्यक्रम संचालन गर्ने ।
- यस्ता कार्यक्रमहरु संचालन गर्दा उनीहरुको नेतृत्वशीलतालाई प्रोत्साहन र जिम्मेवारी प्रदान गर्ने ।

- यी मुसहर समूदायको अध्ययन अुनसन्धानलाई प्रांत्साहन र प्राथमिकता दिने ।
- नेपाल सरकारले यस्ता पिछडिएका जनजातीको विकासको लागि ग्रामिण विकास बैंकको स्थापना गरी यिनीहरुलाई निर्व्याजी रुपमा ऋण दिने तर्फ यथाशिघ्र कारवाही चाल्नु पर्ने ताकी स-साना व्यापार, उद्योग गर्नमा यिनीहरु आफ्नो मेहनत लगाई आर्थिकस्तर उचाल्न सकुन् ।
- मुसहरहरुको विकास तथा उत्थानको लागि गैर सरकारी संघ संस्थालाई जिल्ला स्तरमा मात्र नभई गाउँस्तरमा फैलाई आर्थिक सामाजिक सहयोग यथाशिघ्र पुऱ्याउनु पर्ने ।

# अनुक्रमणिका (Bibligraphy)


१. अग्रवाल, जी.के. (सन् १९८५) समाजशास्त्र, आगरा बुक स्टोर, भारत ।

२. अग्रवाल, जी.के. (सन् १९८५) सामाजिक मानवशास्त्र, आगरा बुक स्टोर, भारत

३. उपाध्याय, किरणदत्त (सन १९८४) नेपालिज कल्चर, साझा प्रकाशन, काठमाडौं ।

४. केन्द्रीय तथ्याङ्क विभाग, (सन् १९८७) पपुलेशन मनोग्राफ अफ नेपाल, काठमाडौं ।

५. केन्द्रीय तथ्याङ्क विभाग, (सन् १९९२) स्टाटिस्टीकल पकेट बुक, नेपाल काठमाडौं ।

६. कोक, डब्लु वि.ए. (सन् १९८०) द टाईटल एण्ड काष्ट अफ द नर्थ वेस्टर्न इन्डिया, भारत ।

७. खत्री, प्रेमकुमार २०३६ नेपाली समाज र संस्कृति, पाठ्यक्रम विकास केन्द्र ।

८. गुप्ता एम. एल। एण्ड शर्मा डि.डि. (सन् १९८६) सामाजिक मानवशास्त्र, साहित्य भवन आगरा, भारत ।

९. घुरिए, जी.एस. (सन् १९७४) कास्ट एण्ड रेस इन इन्डिया, पोपुलर प्रकाशन, बम्बई, भारत ।

१०. घुरिए, जी.एस. (सन् १९६१) कास्ट क्लाश एण्ड अकुपेशन, पपुलर बुक डिपार्टमेन्ट बम्बई, भारत ।

११. घुरिए, जी.एस. (सन् १९५७) कास्ट क्लाश एण्ड अकुपेशन, पपुलर बुक डिपार्टमेन्ट, बम्बई भारत ।

१२. घुरिए, जी.एस. (सन् १९५९) कास्ट एण्ड कास्ट इन इन्डिया, दोस्रो एडिशन पपुलर बुक डिपार्टमेन्ट, बम्बई भारत ।

१३. घोस् वि.एस. (सन् १९८७) स्थैटिकल मेथड एण्ड सोसिएल रिसर्च न्यू दिल्ली, भारत ।

१४. झा. गोविन्द (सन् १९७४) मैथली भाषाको विकास, हिन्दी ग्रन्थ अकादमी पटना, भारत ।

१५. तामाङ्ग, सीताराम (सन् १९८७) नेपालमा जनजाती समस्या, काठमाडौं ।

१६. दास, प्रभाकर लाल वि.सं २०५०) सामाजिथक अनुसन्धान प्रविधि, आनन्द किक्रम बाबु एण्ड सन्स काठमाडौं ।

१७. दास, प्रभाकरलाल (वि.सं. २०५२) नेपालको ग्रामीण समाजशास्त्र, आनन्द विक्रम बाबु एण्ड सन्स, काठमाडौं ।

१८. नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (सन् १९७३) धिमाल लोक जीवन अध्ययन ।

१९. नेपाली, गोपाल सिंह (सन् १९६५) द नेवार्स काठमााडौं ।

२०. विष्ट डोरबहादुर (सन् १९७६) पिपुल अफ नेपाल, रत्न पुस्तक भण्डार, काठमाडौं ।

२१. विष्ट, डोरबहादुर (वि.सं २०४२) सबै जातको फूलबारी, साझा प्रकाशन, काठमाडौं ।

२२. ब्लुन्ट, ई.ए. एच. (सन् १९६९) द कास्ट सिस्टम अफ नर्दन इन्डिया, सोसियल सर्भिसेज इन इन्डिया, युनाइटेड प्रगिन्स अफ आगरा एण्ड ओडा दिल्ली, भारत ।

२३. मुखर्जी, रवीन्द्रनाथ (सन् १९९०) सामाजिक, शोध-विवेक प्रकाशन, दिल्ली, भारत ।

२४. मुखर्जी, रवीन्द्रनाथ मुलुकी ऐन ।

२५. राजकर्णिकार, रत्ना (वि.सं. २०३३) हिन्दु सामाजिक व्यवजस्था, रत्न पुस्तक भण्डार काठमाडौं ।

२६. रेग्मी, ऋषि केशवराज (सन् १९८५) कल्च र प्लान्ट एण्ड इकोनोमिक चेन्ज, साझा पुस्तक भण्डार, काठमाडौं ।

काठमाडौं ।

२७ हटन, जे.एच. (सन् १९६३) कास्ट अफ एण्डिया, अक्सफोर्ड, युनिभरसिटी प्रेस ।

२८. हेमिन, ड्राफ (सन् १९६६) कास्ट एण्ड किन इ नेपाल, एण्डिया एण्ड सिलोन ।

२८. शर्मा, जनकलाल (वि.सं. २०३९) हाम्रो समाज एक अध्ययन, साझा प्रकाशन, काठमाडौं ।

२९. शर्मा, नागेन्द्र (वि.सं. २०३७) नेपाली जनजीवन, साझा प्रकाशन,

३०. शर्मा, जनकलाल (वि.सं. २०३९) हाम्रो समाज एक अध्ययन, साझा प्रकाशन, काठमाडौं ।

३१. शर्मा, नागेन्द्र (वि.सं. २०३७) नेपाली जनजीवन, साझा प्रकाशन,

३२. संचार मन्त्रालय, (वि.सं. २०३३) मेची देखि महाकाली सम्म, सुचना विभाग काठमाडौं ।

३३. संचार मन्त्रालय (वि.सं. २०३३) मेची देखि महाकालीसम्म, भाग १, श्री ५ को सरकार, सुचना विभाग काठमाडौं ।

३४. सर्लाही जिल्ला प्रोफाइल (वि.सं. २०६३) शाखा तथ्याङ्क कार्यालय (महोत्तरी, सर्लाही)

३५. सर्लाही जिल्लाः एक चिनारी (वि.सं. २०६१) केन्द्रिय तथ्याङ्क विभाग, थापाथली, काठमाडौं।

३६. श्री ५ को सरकार, राष्ट्रिय योजना आयोग सचिवालय, स्टाटिष्टिक्स बुक्स

अफनेपाल

३७. श्रेष्ठ, हिरण्य लाल (वि.सं. २०४५) नेपालको परिचय, रत्न पुस्तक भण्डार, काठमाडौं ।

# प्रश्नावली (Questionaire)

**क) कुराकानीको क्रममा सोधीएका केही प्रश्नहरुको सूची:**

१. तपाईहरुको जात, थर गोत्रको बारेमा केही बताइदिनु हुन्छ की ?

२. तपाईहरुको जातीहरु नेपालको कुन कुन ठाउँमा हुनुहोला?

३. तपालईहरुलाई मुसहर भन्नाको कारण के होला ?

४. तपाईहरुको पूज ागर्ने गरेको देवी देवताको नाम के के हुन ?

५. देवी देवताको पूजाआजा कसरी गर्नुहुन्छ ?

६. परिवारमा सबैभन्दा ठूलो को हो ?

७. तपाईका परिवारमा को को हुनुहुन्छ ?

८. छुट्टीएर बस्नु राम्रो की ? सबै एकै ठाउँमा बस्नु राम्रो ?

९. कुल देवताको रुपमा कुन देव देवी हो र उसको कसरी पुजा गर्नुहुन्छ ?

१०. भूत प्रेत लागेमा कसरी हटाउनु हुन्छ ?

११. विरामीलाई निको पार्न सर्वप्रथम के गर्नुहुन्छ ?

१२. छोराछोरी धेरै पाएको राम्रो कि, थोरै पाएको राम्रो ?

१३. छोरी भएमा तपाईलाई के के गर्नुपर्छ ?

१४. विवाह गर्दा के के गर्नुपर्छ ?

१५. कोही विवाह नगरी पोइल गयो भने के गर्ने ?

१६. विधवा विवाह गर्ने चलन छ कि छैन ? छ भने विधवा विवाह गर्नेलाई के गर्ने गरिन्छ ?

१७. विवाह गर्दा कुरो छिन्ने काम देखि दुलही ल्याउने काम सम्मको सबै विस्तारपूर्वक भन्न सक्नुहुन्छ ?

१८. तपाईका नातागोता कहाँ कहाँ छन् ?

१९. नातागोता चिनाउन के के भन्नु हुन्छ ?

२०. तपाईहरुमा मित पनि लगाउने चलन छ कि ?

२१. मित कसरी लगाउनु हुन्छ ? कुन कुन जातसँग लगाइन्छ ?

२२. तपाईहरुको बोल्ने भाषा कुन हो ?

२३. थारु भाषा र तपाईहरुको भाषामा फरक छ छैन ?

२४. तपाईहरुले कुन कुन जातले छोएको खानु हुन्छ ?

२५. तपाईहरु भन्दा तल्लो जात कुन कुन हुन् ?

२६. तपाईहरुले पकाएको खाना अरु कुन कुन जातले खान्छन् ?

२७. तपाईको जातीको पुरोहित को हुन्छ ?

२८. तपाई आफ्नो पुरोहित कसरी न्यूक्त गर्नुहुन्छ ?

२९. तपाईले जन्मदेखी मृत्युसम्म गर्ने संस्कार के के हुन् ?

३०. संस्कारहरु सम्पन्न गर्न के कस्तो विधिहरु गर्नु हुन्छ ?

३१. तपाईहरुले मनाउने गरेका चाडहरु कुन कुन हुन् ?

३२. चाडपर्व कसरी मनाउनु हुन्छ ?

३३. फुर्सदको समय कसरी विताउनु हुन्छ ?

३४. हाट बजार किन जानु हुन्छ ?

३५. तपाईहरुले बजाउने गरेको बाजा के के हुन् ?

३६. तपाईहरुले नाच गान हेर्न जानु हुन्छ कि ?

३७. तपाई काम धन्धा खोज्न कहाँसम्म जानु हुन्छ ?

३८. तपाईहरुको जातीगत मुख्य पेशा के हो ?

३९. जातीगत पेशाबाट मात्र तपाईको घर व्यवहार चल्छ ?

४०. दैनिक ज्याला कति पाउनु हुन्छ ?

४१. तपाईहरु किन गरिब हुनुभयो होला ?

४२. आर्थिक रुपले उन्नति गर्न के चाहनु हुन्छ ?

४३. तपाई आफ्नो बालबच्चालाई पढ्न पठाउनु हुन्छ कि हुन्न ?

४४. तपाई आफैं पनि पढ्न जानु हुन्छ कि हुन्न ?

४५. भोट खसाल्न जानु हुन्छ ?

४६. तपाईले धेरै कुरा बताइदिनु भो । तपाईलाई धन्यवाद छ ।

**ख) तथ्याङ्क संकलनका क्रममा घर सर्वेक्षण गर्दा प्रयोग गरिएको प्रश्नावली फारामः**

१. घर मुलीको नाम, थर

क) लिङ्ग

ख) उमेर

ग) धर्म

घ) जन्मस्थान

ङ) शिक्षा

लेखपढ गर्न जान्ने ☐ लेखपढ गर्न नजान्ने ☐

२) यस स्थानमा बसोबास भएको वर्ष

क) ५० वर्ष भन्दा बढि

ख)  ३० वर्ष भन्दा बढी

ग)  २० वर्ष भन्दा बढि

घ)  १० वर्षभन्दा बढि

ङ)  दुई पुस्ता भन्दा बढि

३२. पारिवारिक विवरण

| सि.नं. | मुलीसँगको नाता | उमेर | शिक्षा | पेशा | विवाहित | छोरा | छोरी |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |

**ग) अरु विवरणको फाराम:**

१. सम्पति विवरण:

क) घर बासको जग्गा जमीन आफ्नै हो ? हो ☐ होईन ☐

ख) आफ्नो जमीन कति छ ? ☐ अर्काको जमिन कति कमाएको छ ☐

ग) ऐलानी जग्गा कमाएको छ ? छ ☐ छैन ☐ कति छ ☐

२. उत्पादित बाली विवरण

| बाली विवरण | प्रति कट्ठा उत्पादन | वर्ष दिनलाई खान पुग्ने | ६ महिनासम्म खान पुग्ने | केही दिनलाई मात्र खान पुग्ने |
|---|---|---|---|---|
| क) धान<br>ख) गहुँ<br>ग) मकै<br>घ) तोरी<br>ङ) अन्य बाली<br>च) तरकारी | | | | |

३. खेतीबाट परिवारको खर्च धान्न पुग्छ ? ☐ पुग्दैन ☐

४. पुग्दैन भने के के गर्नु हुन्छ ?

क)

ख)

ग)

घ)

५.   कुन कुन महिनामा काम पाउन कठिन हुन्छ ?

................. ...............

............... ...............

............... ...............

अन्य विवरण

............... ...............

............... ...............

............... ...............

६.   कुन कुन कामबाट कति ज्याला पाउनु हुन्छ ?

| सि. नं. | कामको विवरण | दैनिक ज्याला रु.मा | मासिक ज्याला रु.मा | वार्षिक ज्याला रु.मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |

७. आम्दानी हुने कुनै काम सिक्नु हुन्थ्यो कि ? सिक्ने थिए ☐

८. पशुपालन गर्नु भएभएको छ कि ? छ ☐ छैन ☐

| **पशुको नाम** | **आफ्नो पशु संख्या** | **अधियामा पालेको संख्या** | **जम्मा** |
|---|---|---|---|
| गाई<br>भैंसी<br>बाखा<br>कुखुरा<br>हाँस<br>सुँगुर | | | |

९. तपाईको घरबाट ज्याल मजदुरी गरी कमाएर ल्याउने को को हुन् ?

| **नाता** | **उमेर (वर्ष)** | **कामको विवरण** | **दैनिक खाएर ज्याला रु.मा** | **दैनिक ज्याला सुख्खा रु.मा** | **मासिक खाएर ज्याला रु.मा** |
|---|---|---|---|---|---|
| | | | | | |

१०. सबै जनाको कमाईले घरपरिवारको खर्च धान्न पुग्छ ? ☐ पुग्दैन ☐

११. के के कुरा पुग्दैन ?

क)

ख)

ग)

घ)

१२. तपाईको बाजेको के के सम्पति थियो होला ?

क)

ख)

ग)

घ)

१२. बाबु बाजेसँग भएको आफ्नो जग्गा जमीन कहाँ गयो होला ?

..........................................................................................

१४. बाबु बाजेसँग मोही जग्गा जमीन थिएन ? ☐ थियो ☐

१५. सुकुम्बासीलाई जग्गा वितरण हुँदा जग्गा पाउँ भनी निवेदन दिनुभएन ?

दिए ☐ दिएन ☐

१६. किन दिनु भएन ?

..........................................................................................

१७. मोही जग्गा जमीन कमाउनु भएको छैन ? ☐ ☐ कति छ ? ☐

१८. छैन भने किन नकमाएको ?

..........................................................................................

१९. दैनिक परिवार चलाउन कतिको असजिलो हुन्छ ?

क)　खान नै धौं धौ पर्दछ ।

ख)　खान पुग्छ तर लाउन धौ धौ पर्छ ।

२०.　घरमा बिहान बेलुका के के खाना खानुहुन्छ ?

बिहान..................

दिउँसो.................

बेलुका.................

२१.　माछा मासु कतिको खानु हुन्छ ?

.............................................................................

२२.　परिवार नियोजन गर्नु भएको छ ?

अ)　छ ☐　　आ)　छैन् ☐

क)　परिवारमा कसले गर्नु भएको छ ?

अ)　श्रीमान ☐　　आ)　श्रीमती ☐

ख)　स्थायी कि अस्थायी .........................

ग)　किन नगर्नु भएको ..........................

२३.　छोरा छोरीलाई खोप सुई लगाउनु भएको छ ?

क)　छ ☐　　ख)　छैन ☐

२४.　छैन भने किन नपठाउनु भएको ?

.............................................................................

२५.　छोरालाई मात्र किन पढ्न पठाएको ?

२६.　नागरिकता लिनु भएको छ/छैन

.............................................................................

२७.　तपाईको उन्नतिको लागि सरकारबाट के के सहयोग चाहनु हुन्छ ?

..............................................................................................

२८. सहयोगको लागि धेरै धेरै धन्यवाद छ तपाईलाई ।